दायित्व
(मासिक)

वर्ष २० /पूर्णाङ्क ५६/असोज-कार्तिक २०६३

प्रधान सम्पादक
रामप्रसाद पन्त
फोन नं. ४-४८६४७६

व्यवस्थापक
लक्ष्मी पन्त
फोन नं. ४-४८६४७६

सम्पादन सल्लाहकार
ठाकुर शर्मा
फोन नं. ४-४१४९९६

सह-सम्पादक
यादव भट्टराई
फोन नं. ४-७८३२६४

सहयोगी
विष्णु झवाली 'शास्त्री'
विज्ञान पन्त

विशेष सहयोगी
केशवराज पन्त
फोन: ४-४२०६१०

आवरण सज्जा
राजेश मानन्धर

प्रकाशक
दायित्व वाङ्मय प्रतिष्ठान, नेपाल

कार्यालयः
घ-२७२/७०, चाबहिल-७, काठमाडौं
फोन ४-४७४९८३
पो.ब.नं. ६७६६, काठमाडौं

सहयोग
संस्थागत रू. ५०/-
व्यक्तिगत रू. २५/-

कम्प्यूटर सेटिङ : शिव प्रसाद झवाली
मुद्रण : काठमाडौं म्याली अफसेट प्रेस एण्ड ABC प्रकाशन प्रा.लि. बसुन्धरा ४-३४४८४४/४-३८२४०३

दायित्व वाङ्मय प्रतिष्ठानको साङ्गठनिक स्वरूप

केन्द्रीय कार्यसमिति

रामप्रसाद पन्त	अध्यक्ष	अर्जुन विरक्त	सदस्य	ममता शर्मा नेपाल	सदस्य
ठाकुर शर्मा	उपाध्यक्ष	माधुव ढिमिरे	सदस्य	रेवतीरमण पोखरेल	सदस्य
यादव भट्टराई	महासचिव	बालकृष्ण शर्मा	सदस्य	अनिल कोइराला	सदस्य
केशवराज पन्त	सचिव	भागवत ढकाल	सदस्य	जयदेवकृष्ण श्रेष्ठ	सदस्य
कमलप्रसाद झवाली	कोषाध्यक्ष	देवी नेपाल	सदस्य		

सम्पादकीय

- साहित्यले देशलाई के दियो र कति दियो त्यसको मापन के छ ? मापन हुन सक्दैन साहित्यको । पैसाजस्तो लिनेदिने र परिमाण आँकमन गर्ने वस्तु होइन साहित्य । र, साहित्यले दिएको कुरा आँखाले तत्काल देख्न पनि सकिँदैन । साहित्य देख्ने आँखा बेग्लै हुन्छन् । साहित्यको भाषा बेग्लै हुन्छ र त्यो भावनामा व्यक्त हुन्छ, विचारमा प्रकट हुन्छ ।
- साहित्यलाई कतिले अनुत्पादक भनेको पनि सुनिन्छ । ती अन्धा हुन् । सिङ्ग र पुच्छर नभएका मानवरूपमात्र हुन् । तिनको मुटु छैन। तिनको मन छैन । तिनीभित्र भावना र संवेदना छैन । ती खाने पिउने र मस्ती गर्ने यस युगका ध्वांसा हुन् । तिनीहरूलाई दिने वा केही नयाँ कुराको थालनी गर्ने, जिज्ञासा राख्ने वा नयाँ काम गरेर देखाउने जाँगर चल्दैन । उनीहरूका लागि संसार खानु, पिउनु, जिउनु र मस्ती गर्नुमात्र हो ।
- ती आँखा नभएकाहरूले देख्दैनन् दृश्यजगत्देखि परका कुरा । ती कान नभएकाहरूले सुन्दैनन् साहित्यको शब्द । ती गिदी नभएकाहरूले बुझ्दैनन् सहित्यको अर्थ । ती संवेदनहीनहरूले महसुस गर्दैनन् साहित्यको अन्तरमर्म । ती गतिछाडाहरू पुग्न सक्दैनन् आँखा चिम्लेर पुग्न सकिने हृदयको गहिराइमा । तिनीहरू पुग्न सक्दैनन् दृश्यजगत्भन्दा अलि परको संसारमा ।
- साहित्यलाई अनुत्पादक भन्नेहरूले विश्वको इतिहास हेरून् । गम्भीर रूपले अध्ययन गरून्, अनि थाहा पाउनेछन् साहित्यको योगदान । म्याक्सिम गोर्कीको उपन्यासले रसियामा क्रान्ति नै ल्याएको । हामीकहाँ पनि प्रजातन्त्र पुनः स्थापनाका निम्ति साहित्यकारहरूले कम सानो सङ्घर्ष गरेका छैनन् तर तिनीहरूले पुरस्कारभन्दा तिरस्कार पाएको इतिहास हामीसँग साक्षी छ । साहित्यले राजनीतिलाई डोऱ्याइरह्यो, तर अगाडि पुगेपछि राजनीतिले साहित्यलाई सधैं बिर्स्यो ।
- मेरो आँखामा कहिलेकाहीँ एउटा मरपशु आएर उभिने गर्छ । भाषण फलाकेर मन्त्री भएको तर बुद्धिका नाममा बोधो । दुर्भाग्यले निजीसचिव हुन पुगेको मलाई सुविधाको फोन लिने सन्दर्भमा भनेको थियो -'घरमा एउटा फोन छैशछैदै साहित्यको विकास गर्ने नाउंमा फयाक्सका लागि अर्को फोन राखेर व्यापार गर्ने ? हुँदैन, मेरो कार्यकर्तालाई दिन्छु ।' यसरी त्यो मस्तिष्क र हृदय नभएको रुखो प्राणीले मेरो अधिकारको फोन खोसेर एउटा भोट बढाएको थियो । त्यो प्रणी अझै ज्यूँदै छ र जनाताको नाममा भाषण गर्दछ । यसप्रकारका जम्बुमन्त्रीले यो देशमा शासन गरेसम्म कसरी हुन्छ साहित्यको विकास ?
- हो, मानिसले मीठो खान, राम्रो लगाउन र सुखसयल र विलासितामा डुब्न पाउँदासम्म जगत् यतिमात्र हो भन्ने सोच्छ । जब उसको जीवनको मोडमा बेसरी ठेस लाग्छ, दुखाइ महसुस गर्छ र हृदयभित्रको तरङ्गलहरी झङ्कृत हुन्छ, अनिमात्र चास पाउन थाल्छ- अँ, यहाँ (संसारमा) दुखाइ पनि छ, त्यसको खोजी गर्नुपर्छ र बुझ्नुपर्छ । महाकवि कालिदास हुन् कि तुलसीदास, महर्षि वाल्मीकि हुन् कि भानुभक्त, यस्तै चुवाइ र दुखाइबाट सच्चाइ भेट्टाएका हुन् ।

मिश्रणको उचाइ भरिन्छ' यो चेतनाथ धमलाको भनाइ हो ।

यसैगरी श्रेष्ठ भन्नुहुन्छ- समसामयिक विषयवस्तु, पिरतीका प्रसङ्ग र जिन्दगीका सही छापहरू 'अनावरण' भित्रका भावना हुन् । "चालीसको दशकतिर मुक्तकले पचासको दशकमा आएर हाइकु र ताङ्कासे पनि स्रष्टा र पाठकहरूमा नविन सोच, जिज्ञासा र सकल्प उब्जिन थालेको छ ।"

प्रकृतिको अगाध प्रेमलाई जीवनोपयोगी धारमा ताङ्कासे उभ्याएको छ। उहाँको ताङ्कामा जीवनरस ससस बगेझैं लाग्छ । म उहाँको साहित्यिक योगदानप्रति ससम्मान प्रगतिको कामना समेत गर्दछु ।

कृति : अनावरण (ताङ्कासङ्ग्रह)
लेखक : शान्तिनारायण श्रेष्ठ
मूल्य : रु. ५०।-
पृष्ठ : ६०।-
प्रकाशक : गुरुश्वर बहुउद्देश्य पुस्तकालय, कुम्भ पर्वत ।
अरुण खत्री 'नदी'
सामाखुशी मार्ग, ९३५/५४
काठमाडौं ३

थोते हाँसो (हास्यव्यङ्ग्यसङ्ग्रह)

हास्यव्यङ्ग्यकार वासुदेव गुरागाईको 'थोते हाँसो' नामक कृति प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र उनका २० वटा विभिन्न शीर्षकका व्यङ्ग्य लेखहरु राखिएका छन् । 'अर्दलीको खोजखबर' शीर्षकको हास्यव्यङ्ग्यमा हाकिम र बडाहाकिम शब्दको बारेमा धेरै पहिलेदेखि सुन्दै आएर हो कि किन हो आज यस कृतिका लेखक गुरागाईलाई सबैभन्दा पहिला अर्दली शब्दको अर्थ जान्न मन लाग्यो रे ! 'अर्दलीको खोजखबर गर्न लागेको त कहाँ अकैको चाँदली चहार्न पुगिएछ। यसो भनेर पन्छिन मैले मिलेन, अर्दलीको अर्थ खोज्ने पर्छ' उनको भनाई । 'जङ्घयाहाको जमघट'मा 'हासो त जाती जमदार खाएपछि हल्ला गर्नुपर्ने हर्केले हसुरेकै सुरमा हर्किनीलाई हपाऱ्यो । खाएपछि घुप्लुक्क सुत्ने भए त स्लिपिङ टयाबलेट खाए भइगो नि' गुरागाईले उल्लेख गरेका छन् ।

हास्यव्यङ्ग्यले कहिल्यै पनि व्यक्तिलाई टोक्तैन । टोक्नु हुन्न । शिष्ट शालीन भएर समयसापेक्ष विकृत प्रवृत्तिलाई मात्र यसले नङ्ग्याउनु पर्छ । काल्पनिक घटना र पात्रहरुको उपस्थिति जनाएर वासुदेवले बोलेका छन् । 'जब देशमा विकृतिहरु ज्यादा बढ्छन्, जब नैतिकता स्खलित भएर जान्छ, जब मान्छेमा मानवता नष्ट हुन्छ, जब यो गर्ने र त्यो नगर्ने भन्ने कुराको विवेक रहँदैन, जब मुढताले देशलाई व्याप्त गर्छ त्यस वखत हास्यव्यङ्ग्यको अपेक्षा गरिन्छ ।' 'लोग्नेमान्छे हरायो' शीर्षकमा महिला र पुरुषमा समानता होइन अब पुरुषमाथि महिलाको शासन हुनुपर्छ जसरी हामीमाथि हिजो उनीहरु गर्थे भनेर व्यङ्ग्य हानिएको छ । देखा सोझैजस्ता देखिन्थे, कुलेंदा पो कुरो बुझियो । कागभन्दा कोइली चङ्ख, कोइली भन्दा .... । यसरी हास्यव्यङ्ग्यकार गुरागाईले हामीहरुलाई यो कृति पढ्न दिएर अनुगृहित तुल्याएका छन् ।

'चोरको खुट्टा काट' भन्दा भुत्त भुत्ते स्थिति हास्यव्यङ्ग्यले सिर्जना गर्ने बिसिकै तिनका खुट्टा भिजभिजै चट्पटाउन थाल्छन् । अनि पुरस्कारका ठाउँमा बाढी चल्छन्, सम्मान पाउन चाकडी चाप्लुसी गर्न थाल्छन् । यस्तै कुराहरुले भरिएको यो कृति पढेर पाठकहरुले आनन्द लिनेछन भन्ने आशा राखेको छु ।

कृति - थोते हाँसो
स्रष्टा- वासुदेव गुरागाई
प्रकाशक-हासने प्रतिष्ठान
प्रकाशन- प्रथमपटक २०६२ असार
दस्तुरी- रु. ७५ ।-
पृष्ठ ८७

सामाखुसी साहित्य समाज

जीवनमा के देख्यो र भोग्यो उसको अन्तिम प्राप्ति र उद्देश्य के हुनुपर्ने हो भन्ने बारेमा उक्त कृति बोलेको छ ।

'समाचार प्रसारण कि विज्ञापन-प्रसारण ?' शीर्षकको निबन्धमा 'जब हामीहरुले ब्यानलमा सम्पूर्ण कुरा हेर्दै गरेको बेला समाचारको समय आउँछ । समाचार हेर्न उत्सुकताले एनटीभीमा पुग्छौं । सर्वप्रथम हाती र हातीछाप चम्पलजस्तै उस्तै उस्तै हो नागीलाई फेला पार्न सक्छौं भनेर देखाइएको छ । त्यतिले नभए त गुलाफ चक्की र डालको त हामी पक्कै फेला पार्छौं' गोदारेको भनाई छ ।

'राज्य हाक्ने खेल खेलौं' निबन्धमा 'सरकारले पनि समाजवादी नीति लागु गरेर जनतालाई काम मामको स्वरोजगार व्यापक रुपमा दिन सकिरहेको छैन । त्यस विरुद्ध दुवैथरी सङ्घर्षको मैदानमा छन् र शान्ति सुरक्षा कायम गर्न कुरामा युद्ध लड्दै छन्, अपहरण हुँदै छन् अनि मृत्युवरणमा जनता परेका छन् ।' सङ्ग्रहमा उल्लेख छ ।

'हवाइजहाज हो कि पन्छी ?' शीर्षकको निबन्धमा 'आकासमार्गका चिलगाडीहरुको अभिवृद्धिले आजभोलि पक्षीहरुमा आतङ्क र अन्यील छाएको छ । पंक्षीहरु हामीलाई सहर, गाउं, बस्तीका घरघरमा दुःख दिने गर्दथे । अब त आकासको खुला मैदानमा पनि फलामे चराका साथ युद्ध लड्न तम्तयार भई दिनहुं एउटा घडीचरो निमोठेकै निमोठिएर प्रचरछार्थ फोर्सल्याण्ड गर्नुपरेका धुप्रै घटना घटिरहेकै बेला अपहरणकारी बिगबिगी संगसंगै पंक्षीहरुले पनि सङ्घर्ष गर्दा परेन र अप्ठ्यारो ?' सङ्ग्रहमा उल्लेख छ ।

२०११ साल फाल्गुण ७ गतेका दिन जन्मेका गोदारेका हास्यव्यङ्ग्य निबन्धहरु सशक्त छन् । उनको लेखन क्षेत्र वि.स. २०३० को दशकदेखि कथा विधाबाट प्रारम्भ भएको थियो । विद्वानहरुले निबन्ध विधाको विषयमा दिने गरेको परिभाषा अनुसार यस सङ्ग्रहका निबन्धहरु विचार प्रधान निबन्धको कोटीमा पर्दछन् ।

कृतिको नाम : व्यङ्ग्यविनोद
लेखक : नारायण 'गोदारे'
प्रकाशक : सुमिता बांसकोटा
प्रकाशन काल : नवबर्ष २०६३
मूल्य : रु १५०।-
पृष्ठ : ९४ ।

अनावरण (ताङ्कासङ्ग्रह)

नेपालीसाहित्यको आकाशमा शान्तिनारायण श्रेष्ठ एक सुपरिचित नाम हो । उहांले काव्य, गीत, गजल, हाइकु र ताङ्का लेखेर ख्याति कमाउनु भएको छ । २०६२ सालमा उहांको 'अनावरण' नामक ताङ्कासङ्ग्रह दर्शी कृतिको रूपमा प्रकाशित भएको छ । हाइकु, ताङ्का लेखन भित्रको प्रकृतिको सौन्दर्य, दर्शनकला, भाव र अक्षरीय शुद्धशैली प्रायः उस्तै लाग्ने भिन्न सर चनाका दुई विशिष्ट पाटाहरू हुन् । जापानमा बाइसय वर्ष लामो ऐतिहासिक महत्त्व बोकेको ताङ्का कविता सातौं शताब्दीको 'बाका' (ताङ्का नै भन्न सकिने) हुँदै आठौं शताब्दीमा ताङ्कशब्दले पुनतया आफ्नो अस्तित्वलाई उचाइमा पुऱ्याएको देखिन्छ । यस कृतिभित्र उहांको १८० वटा ताङ्काहरू रहेका छन् । साहित्यिक क्षेत्रमा पर्वत जिल्लामा बसेर निकै योगदान पुऱ्याएर उहांले विभिन्न ठाउंबाट सम्मान र पुरस्कार पाइसक्नु भएको छ । लोकदोहोरी गीतका २ वटा क्यासेटहरू पनि उहांका छन् ।

पानी पंधेरो, प्याल परेको गारो, लोभको भाँडो, साहारा मरुभूमि, बुझबिना चौतारो ।

'हाइकुमा ५, ७ र ५ भएजस्तै ताङ्कामा ५,७५,७ र ७ वटा अक्षरहरू हुन्छन् । जीवन गोरेटोमा फिँजारिएका असङ्ख्य यात्राहरूलाई समायोजित गर्नु ताङ्काकार श्रेष्ठको चातुर्यता पनि हो । जहां प्रकृति र स्वतन्त्र शब्द चयनमा लयात्मक

- इनार सुकेपछिमात्र थाहा हुन्छ पानीको महत्व । साहित्यले पनि समाजमा त्यस्तै प्रभाव बोकेको हुन्छ र समाजलाई नजानिंदो ढङ्गले सभ्यताको सिंढीमा डोऱ्याइरहेको हुन्छ । वास्तवमा साहित्य, संस्कृति र कला भनेका त्यस देशका शृङ्गार हुन् । जहां शृङ्गार छैन, त्यहां पहिचान छैन । शृङ्गार नै मानिस हुनुको पूर्णता हो र त्यही राष्ट्रको पहिचान हो ।
- हो, आज संसारमा द्रुतगतिमा विकास गइरहेको इलेक्ट्रोनिक साधन र सञ्चार उपकरणका माध्यमहरूले साहित्यलाई पनि प्रभाव पारिरहेको छ । मानिसको अध्ययन गर्ने प्रवृत्तिलाई ओझेलमा पारिदिएको छ । तर हामीले यी सबैलाई बाधक होइन, सहयोगी साधनको रूपमा परिचालन गर्न सक्नुपर्दछ । र, बाटोमा आइपर्ने व्यवधानहरूलाई पन्छाउँदै र खुट्किलाहरू चढ्दै सफलताको चुलीतिर निशाना बनाउनुपर्दछ ।
- आजको साहित्यलेखन गुणात्मकभन्दा परिमाणात्मक रूपमा अगाडि बढेको गुनासो पनि सुन्न पाइन्छ । हिजोभन्दा आजको वातावरण बढि खुल्ला भएर पनि त्यसो भएको हुनसक्छ । केही भन्नुपर्दा घुमाउरो पारामा भन्नु पर्दैन । जहां रहस्य हुन्छ, त्यस र हस्यलाई आलोकित पार्ने व्यञ्जनात्मक बाटो रोजिन्छ । त्यो बढी मीठो हुन्छ । कुनै चीज खुला छ र त्यसमाथि कलात्मकता मात्र भरिन्छ भने त्यो पहिलो श्रेणीको साहित्यभन्दा अलि पृथक् हुन्छ र रोचकतामा कमी भएको आभास पाइन्छ । यो सत्य हो । अतः आजको साहित्यलेखन गुम्फन र कौशल प्रदर्शन उन्मुक्त वातावरणका कारण अभिधामूलक हुन पुगेको हो, न कि गुणात्मकतामा कमी । आजको युवा पिंढी पनि साहित्यलेखनमा जुर्मुराएर उठेको छ । नयां नयां प्रयोगधर्मितामा हात बढाउँदैछ । यो साहित्यिक समुन्नति चाहनेहरूकालागि सुख र सन्तोषको विषय हो ।
- अन्त्यमा, अहिले देशमा शान्तिको प्रत्याभूति हुन लागेको बेला छ । तर अशान्तिले पूर्ण विराम लिइसकेको अवस्था भने छैन । अब देश चलाउने नेताले बुझून् र चेतून्-तिमीहरूले देश र जनताका लागि राजनीति गरेकै हो भने जनताको आवाज सुन । अब जनताले दलहरूको कचिङ्गल र तानातानको राजनीति देख्न/सुन्न चाहेका छैनन् । नेताहरूका भाषण सुन्न चाहेका छैनन् । देशमा दिगोशान्ति र आर्थिक समुन्नति देख्न चाहेका छन् । विनाडर र त्रास कुटो कोदालो गरेर बस्न र खान पाउने अधिकार खोजेका छन् । त्यसकारण जनतालाई अब नअल्मल्याऊ । देशलाई दलदलमा नफसाऊ । कुर्सीको राजनीति छाड । विजयादशमी २०६३ को यस पावन अवसरमा माता दुर्गाले नेताहरूको मोटो फेरून् । उनीहरूले अख्तियार गरेको द्वन्द्वात्मक राजनीतिको अन्त्य गरी कल्याणकारी व्यवस्थाको समुदय गराऊन् । सम्पूर्ण नेपालीको घर आँगनमा सुख शान्ति र समृद्धिको वास होओस् ।

जय दुर्गा भवानी ! जय भाषा साहित्य !

दायित्व

(साहित्यिक मासिक)

विषय-सूची

सूचना	पेज नं.	स्रष्टा
अन्तर्वार्ता		
साहित्यले देशलाई जुरुक जुरुक उचाल्छ	१	केदारपुरे किसान (प्रस्तुति : विके पाल्पाली)
कथा/लघुकथा		
भूमिगत निर्णयकर्ताको कथाशृङ्खला	२३	युवराज पाण्डे
चाङबाडै नञाइदियोस्	४२	भाग्यशाली अधिकारी
काल आफैंले ओढ्यो	४९	पीताम्बरा उपाध्याय 'पीयूष'
वैकुण्ठको बास	४४	अनिमेष पाठक
मर्कोचोर	४६	डा. दीनबन्धु शर्मा
मैले गर्न नसकेको हत्या	६३	धीरकुमार श्रेष्ठ
एकाङ्की		
महादेवको तेस्रो नेत्र	७	गीता केशरी
लेख/निबन्ध		
रानी जगदम्बा र मदनपुरस्कार गुठी	१४	डा. तुलसी भट्टराई
'दायित्व'का विशेषाङ्कहरूमा शङ्कर कोइराला	२०	इन्द्रकुमार श्रेष्ठ 'सरित्'
अरूको लाश, आमाको काख	३४	रामप्रसाद पन्त
शिवजीलाई 'पशुपति' सम्बोधन किन ?	६७	बालकृष्ण श्रेष्ठ
समीक्षा/समालोचना		
दुई कृतिमाथि विहङ्गम दृष्टि	२९	हरिप्रसाद भण्डारी
मृगको सेरोफेरो	३८	बिष्टी गुरागाई
'तीतामीठा कुराका मीठा कुरा	४४	रेणुका भट्टराई
सम्झनाका झमझमका : सङ्क्षिप्त चर्चा	४६	महेश्वर शर्मा
पौनको सार्वजनिक अभिव्यक्ति : विश्व पौनकथा	४८	हीरामणि अर्याल
सिर्जनाका तीन पुँगा फूल	५२	यादव भट्टराई
'सीतायन' एक बृहत्तर महाकाव्यको सम्भावना	६०	देवी नेपाल
कृति परिक्रमा	६९	अरुण खबी 'नदी'
कविता/गीत/गजल/मुक्तक		

बिन्दु कोइराला-६/ अर्जुन विरक्त 'नलोबीय-१३/ राजेन्द्र थापा-१३/ अच्युतप्रसाद पौडेल चिन्तन-१३/ पुण्यप्रसाद आचार्य 'बाछिटा'-१९/ हिरण्यलाल श्रावली -२२/ तीर्थराज अधिकारी -२८/ ठाकुर शर्मा - ३३/ वासुदेव गुरागाई -३४/अनिल लामा 'चलास' -३४/ डा. बमबहादुर थापा 'जिताली' -३६/ खड्गबहादुर चापागाई-३७ ब्रह्मप्रिय प्रेमस्वरूप-४१/ नारायण गौतारे - ४३/ महादेव पन्थ - ४७/ लुमझी आचार्य -४७/ पुष्कर चापागाई - ४७/ मधुसूदनप्रसाद घिमिरे - ४९/ हेमन्तप्रसाद थाहाल -४९/ राजनविक्रम थापा- ४४/ श्यामबहादुर 'भावुक' - ५९/ दुर्गा चापागाई - ५९/ छवि श्रावली -६२/ कीरलता लामिछाने -६२/ सुमन सापर -६६/ दिनमान गुर्गछान 'दिमु'-६६/ सीता शर्मा 'उपासना' -६६/ हरिराम श्रेष्ठ -६६

कृति परिक्रमा

➤ अरुण खबी 'नदी'

आँखाको खोजीमा (कवितासङ्ग्रह)

नेपाली साहित्यको समसामयिक युगमा कविता, मुक्तक, गीत र गजल लेखनमा सागिपरेका स्रष्टा दामोदर पुडासैनी 'किशोर' पेशाले सरकारी जागिरे हुन् । उनको 'आँखाको खोजीमा' नामक कवितासङ्ग्रह २०६२ साल साउन महिनामा दोस्रो कृतिको रूपमा प्रकाशित भएको छ। यस सङ्ग्रह भित्र अछाम, विद्रोह, हस्ताक्षर, शेषोक्ति, आँखाको खोजीमा लगायत ५० वटा कविताहरू सङ्ग्रहित छन् र तिनमध्ये अधिकांश कविताहरू विभिन्न साहित्यिक पत्रिकाहरूमा प्रकाशित भएर पाठकसमक्ष आइसकेका देखिन्छन् । प्रकाशित नभएका ताजा कविता पनि छन् । यिनमा विविध जनजीवनमा आधारित नोकरीजीवी पात्रहरूका विविध क्षण, विविध भाव र उतारचढावलाई सुरूपमा लिएर तिनैका आधारमा कविताहरू बनाइएका छन् । गत एघार वर्षबीच नेपालमा धेरै परिवर्तनहरू देखापरेका छन् । ती परिवर्तनका परिणाम पनि कवि पुडासैनीले भोगेका छन् । बाह्र वर्षमा खोली नै फर्केको अनुभूति गर्नेहरू पनि छन् । आँखाको खोजीमा कवितासङ्ग्रह भित्रका कविताहरू कविले जागिरको सिलसिलामा हाम्रो देश नेपालको विभिन्न दुर्गम र पहाडी जिल्लाहरूमा पुगाखेरि लेखेका छन् । 'आकृति' शीर्षकको कवितामा भनिएको छ-

हामीहरू साँझ-बिहान
गीत खोज्दै छौं जङ्गल, पहाड र नदीको
र, भेटिरहेछौं अजस्र मुसलहितका कविता ।

कवि पुडासैनीले 'आमा' शीर्षकको कवितामा भनेका छन्- 'हामीलाई जन्म दिने आमाले फुटेका नाङ्गा खुट्टाले पुसेसिरेटोमा चुरुमचुरुम तुषारो परिरहँदा पनि घरबाट बाहिर निस्केर ऐसेलु र चुराका काँडामाथि टेक्दै अघि बढिरहनुहुन्थ्यो हामीलाई न्यानो खोकिलामा राखेर ।' यसमन्दा अगाडि १३ वर्ष पहिले उनको आफन्तका अनुहारहरू (कवितासङ्ग्रह। नेपाल प्रज्ञा प्रतिष्ठानबाट पहिलो कृतिको रूपमा प्रकाशित भएको थियो । पुडासैनीका अनेक उत्कृष्ट कवितामध्ये केहीले पश्चिम नेपालका जिल्लाहरूको भयप्रद चित्र बोकेका छन् उनका पाँचओटा उत्कृष्ट कवितामध्ये एउटा हो 'अछाम' । यो कविता हत्या-हिंसाले समाप्त भएको सुदूरपश्चिमको एउटा भूभागको अत्यन्त कारुणिक र जीवन्त चित्र प्रस्तुत गरेको छ ।

'आँखाको खोजीमा' कविता सङ्ग्रहले समाजमा घट्दै आइरहेका घटनाहरूलाई उद्धृत गरेर सामाजिक विषयवस्तुहरूभित्र जीवनको खोजी गरेका छन् । जिन्दगीले भोगिरहेका भयावहहरू कष्टहरूदेखि घृणा, रक्तपातका दृश्यहरू देखेर कवि किशोरको हृदय चिरिएकोछ ।

अन्त्यमा कवि किशोरले आफ्नो मनमा उब्जेका भावनाहरूलाई सधैंभरि कविताको माध्यमबाट कोर्न सफल हुनेछन् भन्ने आशा राखेको छु ।

कृति: आँखाको खोजीमा (कवितासङ्ग्रह)
कवि: दामोदर पुडासैनी 'किशोर' ।
प्रकाशक : वसुन्धरा-मान प्रज्ञा प्रतिष्ठान,
संस्करण : प्रथम, २०६२ साउन,
मूल्य: रु. २५।- पृष्ठ: ९० ।

व्यङ्ग्यविनोद (निबन्धसङ्ग्रह)

नारायण 'गौतारे' को 'व्यङ्ग्यविनोद' विचारप्रधान निबन्धसङ्ग्रह दशौं कृतिको रूपमा प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र ३९ वटा निबन्धहरू राखिएका छन् । गौतारे कविता, खण्डकाव्य र महाकाव्यका साधक पनि हुन् । फुटकर कवितादेखि महाकाव्यसम्मको अविरल यात्रामा उनी संलग्न हुँदै आएका छन् । एउटा सच्चा राष्ट्रसेवक र राष्ट्रभक्तले उसले बाँचेको

साधारण अर्थमा हेर्ने हो भने "पशुपति" भनेको पशुको मालिक भन्ने बुझिन्छ। नेपाल निरुक्तमा "पशुपति" लाई यो शब्द दृश धातुबाट "कु" प्रत्यय र पशादेश भई "देखिने प्राणी" भन्ने अर्थ लिई बनेको छ। अथर्ववेदमा "पशुपति" को अर्थ खुलाई "पशु" भन्नाले गाई, घोडा, मानिस, बाख्रा र भेडा भन्ने देखाइएको छ। शिव पुराणमा "पशु" शब्दलाई ब्रह्मा, इन्द्र, वरुण, सोम, वायु आदिलाई सम्बोधन गरिएको छ। महाभारतमा "पशुपति" सम्बन्धी यस्तो भनिएको छ- "जो सर्वथा पशुहरूलाई रक्षा गर्दछ, तीसंग रमाउछ र तिनको अधिपति भएकी हुनाले पशुपति भनिएको हो"।

हिमवत्खण्ड अनुसार शिवजीले आकाशवाणीबाट "म हजार वर्षसम्म पशुहरूको मालिक भई मृगस्थलीमा रहने छु" भन्नुभएकोमा शिवजी मृगस्थलीमा आई मृगको रूप लिई मृगहरूको बीचमा अति शोभनीय तीनवटा आँखा, एउटा सिंग, अरू मृगहरूको अगाडि मथभन्दा अग्लो भई वन चहारेको पाइन्छ। हालसम्म पनि आर्यघाटनिर शिवको मृगरूपको मूर्तिरहेको छ। जसलाई शिवको प्राचीन रूप मानिन्छ। यसका साथै वैदिक कालदेखिनै प्राणीहरूका सम्पूर्ण पापहरूबाट मुक्त गरी रक्षा गर्नेमा लिइएको हुनाले पनि शिवजीलाई "पशुपति" भनिएको हो।

यसरी सिन्धुघाटी सभ्यताबाटै शिवजीलाई "पशुपति" को रूपमा पूजा गर्दै मान्दै आएकोले पशुपतिलाई राष्ट्रदेवको रूपमा पूजा गर्ने गरिएको हो।

जनजीवनमा समाजका शक्तिशालीहरू-देखि लिएर कमजोर र निम्दिन व्यक्तिहरूसम्म पनि शिवजी रहेको मानिन्छ। उनलाई सेनानायक, सम्राट, पशुहरूका स्वामी, शिकारी, व्याधा, चोर, चण्डाल, फुसी, पहाड, पर्वत, तीर्थ, श्मशान आदिमा बस्ने भई सम्पूर्ण शृष्टिलाई आफ्नो शरीरभित्र राखेर बसेको विराटरूपलाई "पशुपति शिव" मानिएको छ। वेदमा यिनको शक्तिको वर्णन गरेको पाइन्छ। यिनले स्वास फेर्दा वेदको उत्पत्ति हुन्छ। यिनले आँखाको उघार्दा पञ्चमहाभूत जन्मन्छ। यिनी मुस्कुराउँदा चराचर जगतको शृष्टि हुन्छ र यिनले आँखा चिम्लेन्दा महाप्रलय हुन्छ भनिएको छ।

हिन्दुहरूका एकमात्र आराध्यदेव पशुपतिको महत्व विशास भएको हुनाले यिनको महत्वलाई जति वर्णन गरे पनि सकिन्न। यिनै हाम्रा लागि सर्वश्रेष्ठ देवता हुन्। वैदिक कालदेखि नै यिनको शक्ति महत्वको वर्णन गरेर सकिएको छैन। यिनी देवताका पनि देवता, मालिकका पनि मालिक, गुरुका पनि गुरु हुन्। यिनी नै हाम्रा परमपिता र सर्वश्रेष्ठ मुक्ति प्रदान गर्ने दाता हुन्।

पशुपति यो चार अक्षर जसले उच्चारणमात्र गऱ्यो भने पनि पाप पखालिन्छ। जहाँ बसे पनि, जहाँ गए पनि पशुपति भनेर उच्चारण गरेमात्र मुक्ति हाँडिन्छ। क्रोध, मोह, भय वा दम्भ पनि पशुपति नामोच्चरणले नष्ट भई मुक्त भइन्छ। डर, विपत्ति, रोगी वा संकट परेको बेलामा पनि पशुपति उच्चारण गर्दा सुरक्षा मिल्दछ। पाँच मुख भएका पशुपतिको श्रद्धा वा अश्रद्धाले भए पनि दर्शन गऱ्यो भने ज्ञान वा अज्ञानतावश गरेको सम्पूर्ण पापबाट मुक्त हाँडिन्छ। सबै यज्ञ, दान, उपवास र पूजा गरेको फल पाई शिवलोक जान सकिन्छ। बागमतीमा नुहाएर मृगेश्वरलाई छोएर भक्तिले विधिपूर्वक पशुपतिको प्रदक्षिणा गर्दा शिवलोक गइन्छ। पशुपति महालिङ्गको नमस्कार गर्दा अश्वमेध यज्ञ गरेको फल पाइन्छ ।

◈◈◈

अन्तर्वार्ता

साहित्यले देशलाई जुरुक जुरुक उचाल्छ : केवलपुरे किसान

जनबोली र जनहृदयका प्रखरकवि केवलपुरे किसान नेपाली साहित्यवृत्तमा विगत ६ दशकदेखि परिचित नाम हो । कलमको माध्यमबाट बौद्धिक वर्गका लागिभन्दा ग्रामीण जनमानसलाई सुहाउँदो साहित्य लेख्न रुचाउँने कवि किसानलाई नेपाली राजनीतिक इतिहासमा 'जयतु संस्कृतम्'को सक्रियतादेखि हलोकान्ति र जातीय आन्दोलनमा समेत समानताको दह्रो मत राख्ने व्यक्तित्वका रुपमा चिनिन्छ ।

✍ तपाईं किन लेख्नुहुन्छ ?

- कसै-कसैले आत्मसन्तुष्टीको लागि लेख्ने भने पनि त्यो कम भइराखेको पाउँछु, देशकै लागि जनताकै लागि लेख्ने मेरो चाहना हो। अझ कतिले त समय काट्नका लागि र विषय प्रसङ्गमा पुरस्कारमुखी भएर लेख्ने गरेको पनि बताउँछन् तर समय त यसै पनि कटिरहन्छ नि, कलम लिएपछि त्यही वर्गलाई फाइदा होस् जसले डोका-नाम्ला र खर्पनमा जीवन गुजारिरहेछन्।

✍ लेखन शुरू गर्नाको कारण र त्यसमा तत्कालीन वातावरणको प्रभाव कस्तो रह्यो ?

- लेख्न त अब २००२ सालदेखि नै साहित्यक्षेत्रमा मेरो कलम चलेको हो । तर त्यतिबेलाको वातावरणले मलाई खासै प्रभाव पारेन र पनि लेखनको प्रेरणा पाकशाला (अहिलेको तीनधारा पाठशाला) मा जयतु संस्कृतम् भन्दा अलिअलि खोलेको सानो वाचनालयमा अध्ययनको वातावरण बन्यो । यसक्रममा खासगरी मलाई लेखनतर्फ लैजान कमलराज रेग्मी र कुलमणि देवकोटाको विशेष भूमिका रह्यो ।

✍ तपाईंका कविता र विचार अलि कडा खालका छन् भन्ने सुनिन्छ नि ?

- त्यो त पाठकहरूले बुझ्ने र छुट्टाउने कुरा हो *(लामो हाँसो)*। हाम्रा अहिलेका नेताहरूले जेलमा बस्दा पनि मेरा कविता प्रेरणार्थ पढ्ने गरेको बताउँछन्। तर त्यतिबेलाका मेरा कविता धाकमा होइन कि कसोकसो क्रान्तिको लागि नै अग्रसर बनाउने खालका हुन्थे । पाठकीय आलोचना वा समालोचना भनेको त साहित्यको उचाइ नाप्ने कसी हो ।

✍ साहित्यले वर्तमानलाई कस्तो मार्गनिर्देश गर्नुपर्छ जस्तो लाग्छ ?

- वर्तमानलाई मुख्य रूपमा एकताबद्ध गरेर साहित्यले लैजानुपर्छ। त्यो बेलामा यतिबेला जस्तो यतिसय भौं-झगडा थिएन । प्रशिक्षित व्यक्तिहरू पनि धेरै हुँदाहुन्। मलाई यस्तो पनि लाग्छ । एकता किन नभएको भन्दा हामीले वर्गसङ्घर्षको सिद्धान्त पनि त्यति पढेजस्तो लागेन। वर्गसङ्घर्ष त भइरहने तथ्य हो। यदि यो भएन

भने झन्झन् विषय अघोगतितिर लाग्ने प्रष्ट छ। पार्टीभित्रै पनि यौटै वर्ग त कुनै पनि पार्टी वा संघ-संस्थामा पनि हुने कुरा होइन। निम्न, मध्यम र उच्च वर्गको जनसहभागिता रहेको ठाउँमा मेल हुने भन्ने त कुरै आउँदैन तर पनि समायोजन नै प्रमुख कुरा हो। सन्तुलन मिलाएर सैजान सक्नु नै सफलता मान्नुपर्छ। साहित्यको बारेमा भन्नुहुन्छ भने नेपाली साहित्यकारले राजनीतिको कुरालाई एकाकार गराएर सैजान अझै केही दशक लाग्ला। तर पनि साहित्यमा राजनीतिले हावी हुनु भोलिको साहित्यिक धरोहर बलियो हुनु पक्कै होइन कि ?

▷ *तपाईंलाई जयतु संस्कृतम्को अगुवा पनि भन्छन् नि !*

- म त्यति अगुवा होइन। फटाहा कुरा नगरौं, म त त्यो बेलाका नेताहरूको पछिपछि लुखुर लुखुर हिँडेको मात्रै हो।

▷ *राजनीति किन गर्नुभएन ?*

- बढा राम्रो प्रश्न गर्नुभयो। मलाई कसैले पनि ऐनेसम्म तपाईंजस्तो मान्छे पार्टी सदस्य बन्ने भन्ने विषयमा कुरै आएन। भनौं भने मेरा लोककविताले मलाई त्यतिबेला राजनीतिक कृत्मा काव्यिक प्रचारक भनेर चिनिने पनि बनायो। तर राजनीतिमा नलागेर पछुतो भने लाग्दैन। बरु ठिकै गरेजस्तो लाग्छ। किनभने म अहिले सबैको केवलपुरे बनेको छु। फेरि यो राजनीति भन्ने कुरा अलिकति खुबी र त्योभन्दा पनि आर्थिक स्तर मजबुत हुनेले गर्ने कुरा रहेछ। यसमा धेरै कुटनीतिक चालबाजीहरू हुने रहेछन्। राजनीतिमा सफल हुन *एउटा बोल्ने र अर्को गर्ने* गर्न सिपालु हुनै पर्नेरहेछ त्यो आफूमा भएन।

▷ *जीवन र साहित्यबीच तुलना गर्नुपर्दा कसरी गर्नुहुन्छ ?*

- जीवन नभए साहित्य हुँदैन, साहित्यविना जीवनको औचित्य शून्य हुन्छ। एउटा श्लोक पनि छ नि :-

साहित्य सङ्गीत कला विहीन
साक्षात् पशु पुच्छ विषाणहीन।

तपाईंले खोज्नुभएको जिज्ञासाको उत्तर यसै श्लोकले परिपूर्ति होला कि, अझ भनौं- जीवन भन्नु नै एउटा साहित्य हो। साहित्यले नै मान्छेलाई उत्साहको लहरमा लैजान्छ। निराश जीवनले साहित्य उमार्न सक्दैन। असल साहित्यले त सिधै देशलाई नै जुरुक जुरुक उचान्छ।

▷ *तपाईं दुर्बोध्य र भावनात्मक साहित्य भन्दा पनि लोकसाहित्यको यात्रामा बढी रमाउनु भएको छ, लोकसाहित्यमा लम्किएका आजका युवापुस्तालाई कस्तो लेखनतर्फ सचेत हुन भन्नुहुन्छ ?*

- गीत र गोठालाको मनले एकपटक हेरेपछि वा सुनेपछि आफै ठानेर पढ्न, मनन् गर्न वा पाठ्ठा पखेरामा गाइने साहित्य बनाउन सक्ने खालका लेख रचना देशको संस्कृतिका द्योतक बन्न सक्छन्। आधुनिकताका नाममा आएको पश्चिमा साहित्यप्रवृत्तिले हाम्रो साहित्यमा हानिमुहासी गर्न नसकोस् भन्ने मेरो चाहना हो। यस कुरामा आजका नयाँ युवा लेखकको पुस्ताले विचार नपुऱ्याउने हो भने भोलि नेपाली लोकसाहित्य इतिहासमा मात्र सीमित हुने डर आजैदेखि पाल्न नपरोस्। सबैले बुझ्ने र व्यवहारमा लाग्ने साहित्य नै मेरो यात्राको लेखनीले रोज्यो। यसैलाई म आफ्नो सम्पत्ति पनि ठानेको छु। सबैले यसै गरेमा नराम्रो नहोला भन्ने लाग्छ।

▷ *आफ्नो यात्रामा कुनै हर्ष वा खुसीको अविस्मरणीय क्षण केही छ कि ?*

- सुख-दुःखको क्षण भन्ने कुरा यस्तै हो। लगातार अनुभव र ज्ञानमात्र वृद्धि गर्ने कार्य

लेख

शिवजीलाई 'पशुपति' सम्बोधन किन ?

□ बालकृष्ण श्रेष्ठ

श्री पशुपतिनाथ :

वैदिककाल (ऋग्वेद), रामायणकाल र महाभारतकालदेखि नै शिवजीलाई विभिन्न नामले स्तुति गरी आराधना गरेको पाइन्छ, जस्तो रुद्र, गिरिशन्त, गिरिश, गिरिशा, गिरिचर, गिरिशय, शिव, शंकर, महादेव र पशुपति आदि। श्री शिवजीलाई धेरै ठाउँमा र धेरैले किन "पशुपति" भनिएको हो यसबारे विस्तृत चर्चा हुनु आवश्यक छ।

ऋग्वेदमा बताएअनुसार शिवले एउटा यस्तो शक्तिशाली बाण छाडे, जसले आकाश र पृथ्वी सबै ठाउँमा घुम्न थाल्यो र गाइवस्तुको साथै मानिसहरूसमेत मार्न थाल्यो। त्यसै बखत त्यस बाणबाट आ-आफ्नो रक्षार्थ दुईखुट्टे र चारखुट्टे प्राणीहरूले बारको पूजा गरी प्रार्थना गर्न थाले। जसबाट त्यो बाणले प्राणीहरूलाई केही विघ्न गर्न छाड्यो। त्यसकारण प्राणीहरूको रक्षाको रूपमा "पशुपति" भनेर मानिन थालियो। शिवले किरातरूपधारण गरी वन विहार चहारिरहंदा अर्जुनसँग युद्ध भयो। अर्जुन हार खाई शिवलिंग स्थापना गरी फूल चढाउन थाले। जति-जति फूल शिवलिंगमा चढायो ती सबै किरातभेषधारीको टाउकोमा पुग्दैगयो। यस्तो देखेर अर्जुनले शिव चिनै हुन् भनेर प्रार्थना गर्न थाले। शिवजी अर्जुनको प्रार्थनाबाट खुशी भएर आफ्नो दिव्यदर्शन दिनुका साथै अर्जुनलाई "पाशुपतास्त्र" पनि दिनुभयो।

शिव पुराणको वायवीय संहितामा पशुपतिसम्बन्धी यस्तो भनिएको छ :-

"यो जीवले शरीरलाई देख्न सक्छ तर शरीरले जीवलाई देख्न सक्दैन। जीव र शरीरभन्दा पनि अर्को कुनै एउटा वस्तु छ, जसले यी दुवैलाई देख्न सक्दछ, तर यी दुईले उसलाई देख्न सक्दैनन्। ब्रह्मादेखि स्थावरसम्म सबै "पशु" कहलाउँछन्। ऊ सबै पशुहरूका लागि "निदर्शन" भनिएको छ। पशु मायाको पाशमा बाँधिएको छ र सुख दुःखरूपी चारा खान्छ। प्राणी अज्ञानी छ, ऊ ईश्वर होइन, सुखात्मक र दुःखात्मक छ र ईश्वरका प्रेरणाबाट स्वर्ग वा नर्कमा जान्छ। यसरी जीव "पशु" भएकोले र उसको "पति" "ईश" भएकोले नै शिवको नाम "पशुपति" रहन गएको हो।"

सिन्धुघाटी सभ्यता लगभग ५ हजार वर्षपूर्व पशुपतिको अस्तित्व रहेको पाइन्छ। जुनबेला मानिसहरू पशुपतिलाई देवताको रूपमा मान्दथे भन्ने कुरा त्यहाँ पाइएका पत्थर र मूर्तिबाट थाहा पाइन्छ। हुन त आर्यहरूको आगमनभन्दा अघि त्यहाँका मानिसहरू प्रजनन् शक्तिको प्रतीकको रूपमा लिङ्गको र संरक्षिकाको रूपमा मातृदेवीको पूजा गर्दथे भन्ने कुरा त्यहाँ पाइएका पुरातात्विक वस्तुबाट थाहा पाइएको छ। सिन्धुघाटी सभ्यतातिरको एउटा छाप पाइएको छ, जसमा एउटा पुरुषमूर्ति छ जसले आफ्नो लिङ्ग ठाडो पारी पलेटी मारेर बसेको छ र त्यसको वरिपरि जनावरहरू बसेको देखाइएको छ। मोहनजोदडोमा पाइएको एउटा शिलाचित्रका बीचमा एउटा पुरुषको चित्र छ। त्यसको आसनमूर्ति दुईटा मृग र त्यसको दायाँ-बायाँ बाघ, हाती, गैंडा, गोरु भएको पाउनको साथै अनगिन्ति शिवलिङ्ग आकारका पत्थरका मूर्ति पाइएको छ।

गजल

➢ सुमन शाक्य

मेरो मनको देवता मानेकी छु हजुरलाई
आफूलाई भन्दा बढी जानेकी छु हजुरलाई ।

जाँदैनेबाट आफ्नो होस सम्हालेकी छु
मैले आफ्नो सर्वस्व ठानेकी छु हजुरलाई ।

जुनसुकै पलमा आफ्नै नजिक पाउँदा
दुख सुखको साथी छानेकी छु हजुरलाई ।

जुनी-जुनी हजुरकै साथ पाउन भनि
आफ्नो मायाको डोरीले बाँधेकी छु हजुरलाई ।

गोठाटार साहित्यिक मञ्च

गजल

➢ दिनमान गुर्मछान 'विगु'

तिम्रो घरको आँगनी टेक्दैछु म
लगन गाँठो साइत छेक्दैछु म ।

पीर पर्छ कि तिमीलाई भनेर
प्रस्ताव प्रेमको पनि फेक्दैछु म ।

त्यतातिर आउँदा जाँदा निशान्दा
तिम्रो नजरको बाँण घेर्दैछु म ।

भिर्चाभिर्चै खुसीको भाव सल्किन्छ
बाहिर नाटकी रोष देखेछु म ।

यता कति तड्प्यो मन उता नि
सारा भाव गजलमा लेख्दैछु म ।

गजल

➢ सीता शर्मा 'उपासना'

अनागन्ती छन् बाटाहरू ।
अँध्यारा यी सन्नाटाहरू ॥

भारदारहरू भित्र छन्,
बदनामीका टाटाहरू ॥

अझै पनि दुख्छ कतै,
आलै छन् घाटाहरू ॥

घाटाहरू माथि पुगे,
हराउँदैछन् लाटाहरू ॥

लहरले पनि छोएन,
सुख्खा मनका पाटाहरू ॥

भीडका लस्करमा लाग्छ,
मान्छे हुन् या माटाहरू ॥

चितवन

गजल

➢ हसिना श्रेष्ठ

झमझमको आउँछ बारम्बार तिमै
हेर्दैछु सारा संसार तिमै ।

सम्झेर रुन्छु, सम्झेर हाँस्छु
जाँदिले पनि म अनुहार तिमै ।

सारै सिपालु रहेछ चौता
कसरी मिलायो आकार तिमै ।

मीठो अति नै, राम्रो अति नै
सुहाएको सारै व्यवहार तिमै ।

बाँचौं कसरी अत्यास लाग्छ
लिएको छु मैले आधार तिमै ।

मेरा त इच्छा मनमै रहे नि
होऊन् सपना साकार तिमै ।

मछु धरू म देऊ 'हसिना'
घुटुरू चिपको उपहार तिमै ।

दियाले-३, ओखलढुङ्गा

भयो । सेलैपनै रहेछ । जन्मेपछि केही दिनैपनै रहेछ । नत्र गर्भबाट खुब्रुक्क खस्यो, खायो, पियो, दिसा गऱ्यो सिद्धियो, त्यसको केही महत्व रहेन । देशलाई केही न केही दिनैपर्छ भन्ने भावना पनि जागिर ह्यो, जागिराम्यो । त्यो सिथिलतातिर गएन । तर २० देखि ३० सालसम्म म अलि सिथिल भएं । नैराश्यताले त्यसो भएको भने होइन । एउटा कविता-

चैतको हुरी हुम्काइदिने धुरी चोटाभरी लाग्ने फुल
खेतीको अन्न छ मैलाई हुन केले गरी तेर र नुन
दौ अर्थ भन्छन् सबै गर्छु गम्यन् त्यैभित्र छु म फेरि
फेरि खाने सिद्ध लाग्दैन है निद्र देखिन है सपनी ।

यस्तै हो, अर्को एउटा कुरा आजसम्म के पनि पाएको छैन भने मैले आजसम्म पढेका अन्तरवार्तामा सबैले दुखका मात्र कुरा गरेको पाएं तर भएकै यथार्थ सम्पन्नतालाई पनि उनीहरुले लुकाउने गरेको भेटियो । केही साहित्यकारहरू यस्ता पनि देखें कि कार्यक्रममा पोजेरो चढेर आउने ढिंढो ढुकुको कथा भन्ने; तपाई आफै भन्नुस् त के उनीहू- यसो गर्दा ठूलै फाइदा पाउछन् र ? फेरि साहित्यकार सबै साहित्यकै लागि नै लागेका त होइनन्, नामका लागि मात्र साहित्य किनेर आफ्नो बनाउनेलाई कुन शब्दले सम्बोधन गर्ने ?

✍ जीवनसंगिनी र तपाईको साहित्यिक प्रगतिमा कस्तो तादात्म्य रह्यो ?

- मेरो साहित्यमा उनको त्यति चासो रहेन । हुन त त्यो बेलाको शिक्षा दीक्षानुसार ७-८ कक्षासम्मको उनको पढाइ थियो । तर श्रीमती सावित्री पौडेलको सल्लाह मेरोलागि के राहरहन्थ्यो भने- 'विचार गर्नुपर्छ है, तपाई अलि त्यस्तै हुनुहुन्छ । 'ए ! केवलपुरे किसान' भनेर ताली बजाउँछन्, सगेर खाँइलान् एकातिर, भन्थिन् । त्यो अहिलेसम्म पनि मनमा लिन्छु । अर्को एउटा श्लोक हेरौं :-

बाहिर फेर नानिस्क है बिसेंका छन् बाटा
एकातिर बन्हयाइ खाउला केवलपुरे नाटा ।

यी उनको सतर्कता र होशियारीले मलाई अलि सजग बनाएको थियो । र, उनी मेरा कविताको पहिलो पाठक र श्रोता थिइन्, जसले मलाई हौस्याएको पनि थियो ।

✍ बालसाहित्यमा पनि कलम चलाउनुभएको छ, सन्तुष्ट हुनुहुन्छ ?

- बालसाहित्य त 'कुटुनी कोशो कोसै हो छोरीको चोसो चोसै हो' भनेर धादिङमा झोलुङ्गे हल्लाउँदै लेखेको कविता हो तर लेख्ने माथि । सोचे अनुरूप प्रगति गर्न सकेजस्तो लाग्दैन । यद्यपि कलम भने रोकिन । र, पनि गर्नेपर्ने चीज गर्न सकिन कि जस्तो लाग्यो । बालसाहित्यमा त्यति सन्तुष्टी भएन ।

✍ जनजाति पुरस्कार पनि स्थापना गर्नुभएको छ, केही लक्ष्य थियो कि ?

- धादिङमा जनजातिका लागि पहिलोपल्ट मद्वारा स्थापना गरिएको 'केवलपुरे जनजाति प्रतिभा पुरस्कार' छ । यसको खास लक्ष्य भनेको जनजाति विशेषगरी अछुत जातिका छोराछोरीले पढ्ने हौसलाका राखून् भन्ने नै हो ।

✍ वासमा हलोकान्ति के हो ? यसका बारेमा प्रष्ट पारिदिनुहुन्छ कि ?

- हलोकान्ति एउटा भावुकताको प्रतिफल थियो । कुनै सङ्गठन होइन र यसको कुनै लक्ष्य पनि थिएन । सङ्गठन गर्रर गरेको भएदेखि राम्रो हुन्थ्यो होला । नवयुवकको जोसमा मसंगका विचरा ती गाउँले अपठितहरूले आएर ए दाइ ! विहानभरि गइयो कहीं जोत्ने मान्छे पाइएन, बाहुनले जोत्न हुँदैन भने । म पनि त्यो बेलामा बाहुनले जोत्न हुन्छ किन नहुनु ? भन्नेतर्फ गएं र त्यसको के असर पर्छ ? जनता कहां छन् ? नेपाल कहां छ ? एकदिन थिनले दुख पाउँछन् कि ? भन्ने सोच मैले गरिनं । अहिले जिन्दाबाद , मुर्दाबादको आन्दोलन जस्तै नवयुवकहरू कुरा नसुनी असरको ख्याल नगरी हामी त्यसमा लागिपर्यौ । जयतु संस्कृतम् र हलोकान्ति एकैजस्तो समयमा

भएको छ। यसको लक्ष्य भनेको त्यतिबेला जोल्ने जनजाति मात्र होइनन् बाहुनले पनि जोल्न सकोस् भन्ने देखाउनु नै थियो।

✍ भोलिको समुन्नत नेपालका लागि आजको परिकल्पना कस्तो गर्नुपर्ला ?

- गर्न त के के थियो तर-

दुबैतिर बन्दुक परे हामी पर्यौं माझ
उज्यालोले पर्ती छैन झनुझनु पर्यो साँझ ॥

भने झैं सबैले शान्ति प्रक्रियामा आइदिएर वार्ताको माध्यमबाट समस्या समाधान गरे राम्रो। हुन त वार्ता-वार्ता भन्दै युद्ध लड्दै गर्दा नेपाली केटाहरूको रगतले खोलो बनिसक्यो, हैन त ? सबैले भन्ने कुरा त्यही नै हो। हामीले भन्दैमा हुने हैनरैछ आ-आफ्नै स्वार्थले गर्दा सोझा जनता पिसिए। मलाई त आज झैं यस्तो भन्न मन लाग्छ :-

कैलेकैले कताकता लाग्न थाल्यो शङ्का
मेरो देश बन्ने हो कि इराक र लङ्का ॥

तैपनि आन्दोलनको उपलब्धिको सही प्रयोग गर्न सबैका घैंटामा घाम लागेरगए डोका नाम्लाले हलुका स्वास फेर्ने कि भन्ने मात्रै हो।

✍ वर्तमान आन्दोलन र राजाका कदमलाई कसरी मूल्याङ्कन गर्नुभएको छ ?

- अहिलेको परिप्रेक्षमा आन्दोलन भनेको पनि मलाई के लाग्न थाल्यो भने धेरैवर्ष अघिको भारत प्रवासमा मैले जानेको गान्धीवाददेखि हेर्दा आन्दोलनले मात्र गन्तव्य भेटिदैन। जनजागित बनाएर जरैदेखि मानसिक रूपमा तेज धप्दै चेतन जनधनत्व बनाएर एक विचार र एक शासनलाई निमिट्याग्न पार्न बहुविचार र त्यसको निष्कर्षले जनमुखी शासनप्रणाली विकास गर्न लाग्नुपर्ने टड्कारो छ। यो भने साहित्यकारले गर्ने कुरा होइन, तर पनि गर्ने पक्षले बेलैमा सोचे भने एउटा भए पनि नेपालीको ज्यान बच्ने थियो कि ?

✍ साहित्यमा राजनीति वा राजनीतिमा साहित्य के हो जस्तो लाग्छ ?

- यतातिर प्रवेश नगरौं कि, तैपनि यो त यौटा दुङ्गा-माटोको जस्तो सम्बन्ध हो। तर के भने साहित्यले त्यसलाई छोऱ्याउन सक्नुपर्छ। राजनीतिले साहित्यलाई छोऱ्यायो भने त्यति जाति कुरा होइन।

✍ कुनै नयाँ क्रान्तिको आवश्यकता देख्नुभएको छ त ?

- धेरै छन्। तर पनि यतिबेला सामाजिक चेतनाको क्रान्ति मुख्य विषय हो। जुन साहित्य वा विकास दुबैका दृष्टिकोणले अपरिहार्य छ।

✍ मेलमिलापका बारेमा देशको सम्मान कसरी हुने देख्नुहुन्छ ?

- मेस सर्वशक्तिमान अस्त्र हो यसको विकल्प छैन। यसो थाहा हुँदाहुँदै पनि नेपालको व्यवहार उल्टो मोडिएको झैं लाग्छ। हठी शासकीय पहलिले गर्दा देशको अस्तित्व सङ्टमा परेको छ यतिबेला -

झगडाले सीमा नाघ्यो देशै अन्त हुनुहुँ कि
यो देशको सगरमाथा अकैले पो झुकुहुँ कि ?

✍ नयाँ पुस्ताले आफ्ले निर्वाह गर्नुपर्ने भूमिका के होला ?

- नयाँ पुस्ताले कार्य गरिरहेकै अवस्था छ। बन्दुक नै समाउने कुरा त अली कडा होला। हिंसात्मकभन्दा पनि प्रतिकात्मक कार्य देश र जनताको लागि नजिकजस्तो लाग्छ। हुन त यस अघिका आन्दोलनकारी दलहरू पनि एक जमानाका बन्दुधारी नै थिए। तैपनि यतिबेला बन्दुक समाउने हातले कलम समाए भने नेपाल छिट्टै 'शान्तिवाटिका' मा परिणत हुन्छ तर त्यसमा वर्गसङ्घर्षका तादाहरूको ख्याल गर्नैपर्छ।

✍ तपाईको सर्वाधिक चर्चामा रहेको खण्डकाव्य 'आसुको पोखरी' कसरी र कुन परिवेशमा जन्म्यो ?

- माथव थिमिरे जुन समस्यामा परेर 'गौरी' जन्म्यो त्यसकै प्रतिरूप मेरो जीवनमा पनि

गरेर रोकिराखेको हाँसोको बाँध फुटिहाल्यो। पेट भिच्दै हाँसेर चउरमा लडिबुडी गर्न थालें। हाँसो थामिन लाग्दा कसै गरी आँखा रि-जल्टबोर्डमा पुग्यो भने पुनः हाँस्न थालिहाल्थें। अन्ततः हाँस्दाहाँस्दा बेहोस भएं। मलाई पनि मेरा विरोधीसंगै एम्बुलेन्समा अस्पताल लगिएछ। त्यतिसम्म उदारता तिनले देखाएछन् !

त्यसपछि डाक्टरहरूले मलाई हाँस्नमा प्रतिबन्ध लगाए ! कठिन उपचारपछि मात्र मलाई बेहोसीबाट होसमा फर्काइयो। उपचारमा सिन्कोजाति पनि कमी आउन नदिन देशका वरिष्ठवरिष्ठ डाक्टरहरूले रातदिन एक पारे। विश्वमा आविष्कार भई नसकेका अत्याधुनिक विधि र प्रविधिको समेत तिनले उपयोग गरे। एसियाली होइन, युरोपेली स्तरको उपचार तिनले गरे। मैले सास नफेरेसम्म तिनले पनि सास फेर्न बिर्सिए अरे। आँखाको परेला पनि झिम्म नपारी तन, मन र धन नसम्झी गरेको उपचारको परिणामस्वरूप म बाँचिएं। यमराजको डोकासम्म पुगिसकेको मान्छेलाई भगीरथ प्रयत्नबाट बचाएको हुनाले 'फेरि हाँसेर बेहोस होला र देशले एउटा होनहार प्रतिभालाई गुमाउनुपर्ला' भनेर तिनले हाँस्नमा प्रतिबन्ध लगाएका रहेछन्। प्रतिबन्धलाई बेलामौकामा मैले उल्लङ्घन गर्छु भनी तिनले सरकारलाई समेत सिफारिस गरे। सिफारिसलाई सरकार ले स्वीकृति दिएर ऐन नै बनाइदियो। उपचार सकेर नर्सिङहोमबाट डिस्चार्ज भएको दिन डाक्टर र सरकारले हाँस्नमा प्रतिबन्ध लगाएको कडा निर्देशनात्मक आदेशका चिठी मसंग थिए। दुईतिर वैशाखी टेकी ती चिठीलाई मैले मुखमा च्यापेको थिएं !

मलाई हाँस्न प्रतिबन्ध लगाउनुपर्ने अवस्थासम्म पुऱ्याउने काम त्यही रिजल्टबोर्डले गरेको थियो। रिजल्ट हेर्नेबित्तिकै हाँस्न नथालेको भए म बेहोस हुने नै थिइनं। त्यसरी हाँस्नुको वास्तविक कारण त्यही रिजल्टबोर्डमा टाँसिएको रिजल्ट थियो।

एक विषयको जाँच नै नदिएकोले फेल हुने निश्चित थियो। त्यसकारण सबभन्दा पहिले फेल हुनेहरूको लिष्टमा आफ्नो नाम पहिलो नम्बरमा होला भनेर हेरेको त कहां हुनु ! पास हुनेको लिस्टमा एक नम्बरमै रहेछ। कस्तो अचम्म ! चौबीस घण्टामा अठार घण्टा घोटिएर पढ्नेको नामचाहिं फेल हुनेको लिष्टमा थियो ! जाँचको एकदुई दिनअगाडि हतारहतार गेसपेपर किनेर पढी जाँच दिएको मचाहिं उत्तीर्णमात्र होइन फेरि पहिलो भएछु ! त्यो पनि एक विषयको जाँच नदिंदा ! त्यो एक विषयको जाँच दिएको भएचाहिं के हुन्थ्यो कुन्नि ! तपाईं आफैं विचार गर्नुहोस्।

हो, त्यही दिनदेखि मेरो नाम 'नेभर फेल' होइन 'नेभर सेकेन्ड' रहन गएको हो। यति विधि इतिवृत्त कहिसकेपछि परीक्षामा अनुत्तीर्ण भएकोले मैले आफ्नै हत्या गर्न खोजेको होला त ? किमार्थ होइन !

अन्थमा एउटै वाक्यमा भन्छु 'परीक्षामा अनुत्तीर्ण भएकोले मैले आफ्नै हत्या गर्न खोजेको हुँदै होइन ! एक होइन ! दुई होइन ! तीन होइन ! होइन भनेपछि होइन-होइन !'

'त्यसो भए किन आफ्नै हत्या गर्न खोजेको त ?' तपाईं प्रश्न गर्नुहोला। उत्तर पाउन केही समय पर्खनै पर्छ। बरु अहिलेलाई कथा पढिदिनुभएकोमा धन्यवाद। पुनः अर्को शृङ्खलामा भेट्ने वाचासहित नमस्कार !

(dhires@gmail .com)

* * *

स उठनुपर्ने होमु तर ! म पनि तिनको खुसीमा सलग्न थिएं ।

अन्ततः प्रतीक्षाको घडी समाप्त भयो । त्यो दिन आयो, जसको व्यग्र प्रतीक्षा म, मेरा शुभचिन्तक, समर्थकमात्र होइन, विरोधीलाई बढी थियो । ती मौकाको ताकमा थिए । म भने डुक्क थिएं परिणामप्रति । कुनै चासो देखाइनं ! दोस्रो होइन, फेल नै हुने निश्चित भएपछि किन पो चासो पनि देखाउनु ! तर मेरा विरोधी मेरो निश्चिन्ततासंग पनि सशङ्कित थिए । ती भन्थे अरे 'यसपालि पनि यसले कुनचाहिं चाल चलेको छ ! अनि त क्यै नभएजस्तो देखाइरहेछ ! होइन भने यत्रा मानिसलाई हुने रिजल्टको चिन्ता यसलाई हुंदैन ! परीक्षाहलमा जांच नदिएर के हुन्छ र ! गोप्य तरिकाले दिन लगाएको होला नि, अनि डुक्क छ !'

'वास्तवमा हेर्नुस्, परीक्षा नियन्त्रण कार्यालयमा मेरो आफ्नो मान्छे छ भन्ने कुरा सरासर झुठ हो ! यो हरुवा गोरुको छेरुवा दाउमात्र हो । विरोधीले मलाई लगाउने बेतुकको तर्कहीन आरोपमात्र हो । यसमा एक इन्च पनि सत्यता छैन । धरोधर्म भन्छु, तपाईंको जीउ छोएर जे किरिया खा' भने पनि सक्छु ! परीक्षामा सधैं पहिलो हुनु मेरो अपराध हो र ! तपाईं नै नढांटी भन्नुस् त ? -

अपशोच ! गौरव गर्नुपर्ने विषय मेरा लागि भयङ्कर अपराध भइरहेछ ! वास्तवमा त्यै अपराधमुक्तिका लागि मैले एक विषयको परीक्षा नदिएको हो । परीक्षा नदिएकोमा विस्मात मलाई हुनुपर्ने हो तर म खुसी छु । यसका विपरीत मेरा विरोधी चिन्तित छन् । मलाई हुनुपर्ने विस्मात् ती मनाइरहेछन् । मेरो निर्द्वन्द भाव तिनका लागि विष भइरहेछ ।'

रिजल्ट हेर्न मेरा विरोधी उछिनपाछिन गर्दै कुदे । के अचम्म ! रिजल्ट हेर्नेजति एकपछि अर्को बेहोस हंदै ढड्डडड्डड्ड ढल्न थाले । आफूभन्दा अगाडि जाने त्यसरी ढल्न थालेपछि बांकी दुईचार जना रिजल्ट नै नहेरी कुलेलम ठोक्न थाले । तिनले त्यसपछि रिजल्ट हेर्ने साहस त के ! रिजल्टको नामसम्म सुन्न चाहेनन् । तिनका आंखाअगाडि लगेर 'रिजल्टसिट हेर' भन्दा पनि चिम्म गरेका आंखा तिनले खोल्दै खोलेनन् । आंखा चिम्लनुको कारणमा मेरो सफलता असफलताभन्दा पनि आफू बेहोस हुने डर तिनलाई थियो भरे ।

त्यस दिन, रिजल्ट हेर्दाहेर्दै डलेकालाई अस्पताल पुऱ्याउन एम्बुलेन्स नै बोलाउनुपऱ्यो । लोटाका लोटा पानी छप्पापर बौराउन खोज्दा पनि ती बौरेनन् । बेहोस जतिलाई एम्बुलेन्समा हालेर अस्पतालतिर पठाइसकेपछि म आफैं आफ्नो रिजल्ट हेर्न बोर्डतिर लम्किएं । रिजल्ट हेर्नेमध्ये धेरै बेहोस र धेरै भागिसकेकाले भीडभाड पटकै थिएन । वास्तवमा रिजल्ट हेरेर म पो बेहोस हुनुपर्ने रहेछ ! त्यसको सट्टा विरोधीहरू बेहोस भएर अस्पताल पुगिसकेका थिए !

मलाई हांसो उठ्यो । कसैले जोडले काउकुती लगाइदिएजस्तो भयो । रुनुपर्ने बेलामा म अट्टहास लगाएर हांस्न थालें । रिजल्ट हेर्दा बेहोस होइएला भनी नहेरी कुलेलम ठोक्ने विरोधीहरू अचम्म मान्दै मतिर हेर्न थाले । एकै हांस्दाहांस्दा शरीरका नशानशा दुख्न थाले । आंखाबाट बरर असिना बर्सेजस्ता आंसुका ढिक्का बर्सिन थाले । त्यो आंसु दुःखको होइन, खुसीको थियो । तिनलाई पूर्ववत् बर्सन दिएर म अट्टहास छाड्दै हांस्नमा व्यस्त थिए । हांस्नको लागि रिजल्टबोर्डतिर हेर्नुपर्ने आवश्यकता थिएन । एकपटक हेरेकैले लामो समय हांस्न पर्याप्त ऊर्जा दिइरहेको थियो । हांस्दाहांस्दा पेटको आन्द्रा बटारिन थाल्यो । झुक्किएर पनि रिजल्टबोर्डतिर आंखा नंपुगोस् भन्नेमा सचेत थिएं । त्यही बेला अचानक कसैले ट्वाक्क दुइगा हान्यो । आवाज आएकोतिर हेरेको त रिजल्टबोर्डमा आंखा पुगिहाल्यो । बल्ल

घट्यो । जसको ज्वलन्तता आंसुको पोखरीले दिएको छ । अरू त्यही खण्डकाव्यमा पढ्नुस् ।

✍ पछि अलिकति बदलौं, तपाईंको हङ्कङ यात्रा कस्तो रह्यो ?

- हङ्कङ यात्रा सर्वाधिक राम्रो भयो । मैले एउटा उपलब्धि लिएर फर्कें । यहां आएर छोरालाई फोनमा भने - छोरा चालिस वर्षको त भइस्, तर भर्खर जन्मिछस् बाबु ! लेखनयात्रामा उसले अति राम्रोसंग कलम चलाउन थाल्यो । यो नै मेरो हङ्कङ यात्राको उपलब्धि हो ।

जन्मे यस्तै सुर-चिर पुत्र जन्मून्
हिम्मतहारा जन्मदै पो नजन्मून् ॥

भनेजस्तै एउटा लेखक जन्माउन सकेकोमा बल्ल आफ्नो उत्तराधिकारीको जन्म दिएको जस्तो भएको छ । यसबाट म सन्तुष्ट छु । आफ्नो पुत्रले अलिकति हौसला पाएर अघि बढ्दा जो कोहीलाई पनि हर्ष लाग्छ होला हैन त ? तर बाबु साहित्यकार भए भन्दैमा छोराछोरी पनि त्यहि हुनुपर्छ भन्ने छैन नि (लामो हांसो) ।

✍ *छोरा हङ्कङमै बसेर साहित्यकर्म गरोस् भन्ने चाहनुहुन्छ कि नेपाल आएर साहित्य सेवामा लागोस् भन्ने ?*

- त्यहां मैले फर्काउन कोशिस त गरें तर भन्नलाई सजिलो गर्नलाई गाह्रो । उसलाई बाबु मेरो अन्तिम अन्तिम अवस्था भो यतै बसी भन्न लाग्दा उल्टै प्रश्न गऱ्यो- बुबा ! तपाईं भन्नोस त, म नेपाल आउंछु तर के काम गरौं ? तपाईं काम बताइदिनोस् न त । मेरो यहां होटल सम्बन्धी कुरा हो, सीताफाइलामा होटल चल्न गाह्रो, बीच बजारमा व्यवसाय गर्ने मेरो पूंजी हुन्छ कि हुंदैन, बरु मलाई यहीं राम्रो छ । तपाईं सार-सुझाउंदो छउञ्जेल नेपाल या हङ्कङ बस्नुस् । म सेवा नै गर्छु ।

✍ *त्यहां नेपाली साहित्यको गतिविधि कस्तो छ ?*

- हङ्कङमा नेपाली साहित्यको गतिविधि मैले सोचेभन्दा राम्रो पाएं, तर बाहुनबाद विरोधिहरूको सङ्गठनले यसमा नकारात्मक असर परेको देखियो । साहित्यिक कृतिहरू प्रकाशन त भएकै होलान् तर मैले फेला पार्न त्यति धेरै सकिनं । खासगरी पूर्वी नेपालका भाइहरू त्यहां बढी सक्रिय भएको पाएं ।

✍ *मान्छेको अगाडि मान्छेजस्तो बनेर देखाउंने नयां साहित्यिक पुस्तालाई के सन्देश दिनुहुन्छ ?*

- अहिलेको साहित्यले कुना काप्चा र देशको दुर्गम स्थानका कुरीतिहरूलाई हटाउंन सक्नुपर्छ । जनता जागृत हुने खालका हुनुपर्छ । अहिलेको लेखनमा भाषाको अति समस्या छ । मेरा पालाको भाषा छैन । नेपाली भाषिक साधना नै नभएको अवस्थामा संस्कृत साधना त शून्य नै छ । त्यसलाई उर्ध्वगतिमा लेखन, अध्ययन, अभ्यास र व्यवहारिक पनि बनाउंदै लैजान नयां पुस्ता कटिबद्ध हुनुपर्ने हो कि ?

✍ आजसम्मको लेखनबाट के पाउनु भयो ? त्यसबाट सन्तुष्ट हुनुहुन्छ ?

- यो लेखनले मलाई पढानन्द, देवीप्रसाद पौडेल, देवीप्रसाद किसानहुंदै केवलपुरे किसान बनायो । *सन्तोषम् परम सुखम्* भने झैं आत्मा कसैको पनि अघाउंदैन तर पनि कलम चलिरहेको यस अवस्थामा म सन्तुष्ट नै छु । अलिकति खड्केको कुरा मेरा लेख रचनाका जति शुभचिन्तक छन्, पाठक छन् र जनसाथीहरू छन् उनीहरूको मनले मागेका सबै यथेष्ट साहित्यिक खुराक मैले दिन सकिरहेको छैन । यसमा भने अलि म आफैंमा आलस्यता पो आएको हो कि भन्ने लाग्छ । अब सिताफाइलाबाट जावलाखेल बसाइ सरेपछि नयां सम्पर्कले केही गर्ने योजना बनाइरहेको छु ।

प्रस्तुति : **बि.के. पाल्पाली**

कविता

साक्षात् शङ्कर नै थिए

➢ बिन्दु कोइराला

सतासी सालको जन्म चवन्नै सालमा गयौ ।
आत्मसन्तुष्टिका लागि लेखे स्रष्टा तिमी भयौ ॥
राजनीति कुनै गन्ध छैनन् रे ! कृतिमा कतै
यो कुरा भन्नु पर्दैन प्रष्टिन्छौ कृतिमा सधैं ।

आत्मकेन्द्रित भै मग्न नागिपर्ने तिमी थियौ ।
त्यसैकारण धेरै नै कृति साहित्यमा दियौ ॥
गम्भीर भावका तिम्रा आरोह-अवरोहमा ।
साहित्य-सिर्जना माथि गर्थ्यौ चिन्तन-चिन्तमा ॥

उपेक्षित भयौ भन्नुपर्दा दुखद मुद्दा अति ।
केन्द्र औ मूलधाराका स्रष्टा भन्छन् अरू कति ॥
उपन्यास-विधाभित्र श्रेष्ठज्ञ पहिला भयौ ।
प्रष्टाहरू यसै भन्छन् तिमी नित्य ठूला थियौ ॥

जो छन् अशक्त, कम्जोर त्यस्ता पात्र तिमी लिने ।
बाध्यता दुखीको टिप्दै व्यङ्ग्य त्यो धनीमा दिने ॥
निरीहताप्रति प्रेम सहानुभूतिमै रहे ।
साम्छन् पाखा भने यस्ता सृष्टिका मुल्य नै गए ॥

कमी आख्यानका सिल्पी मन्तर्मुखी बनीकन ।
साथी र देशको माया मुटुभरि छरिकन ॥
ज्यूँदै छौ तिमी ज्यूँदै छौ दर्जनौं कृतिका धनी ।
पाखा लाउन मिल्दैन फर्कंकै भिल्सले मलि ॥

अरूबाट लिनुभन्दा दिन आन्ने कति-कति ।
प्रेरणा सबले पायौं खोजेर चाहिए जति ॥
फोटो प्रष्ट खिच्यौ तिम्ले खैरिनीघाटको पनि ।
समीक्षक भए डङ्गा खुराकै नो अति भनी ॥

राष्ट्रका मुद्दाको नित्य धुरुधुकी त्यो सधैं छुने ।
सामाजिक सबै रेखालाई नित्य समाउने ॥
पात्रका भावमा खेल्ने प्रयोगशीलता लियौ ।
गतिशील बनी हर्दम् मूर्तामूर्त सबै दियौ ॥

सबै दर्द र पीडामा धैर्यशील बनीकन ।
साहित्यका सबै फाटि लेखनीले खनीकन ॥
पचासै वर्षमा जस्ले पचासौं कृति जो दिए ।
ती व्यक्ति व्यक्ति नै हंइनन् साक्षात् शङ्कर नै थिए ॥

पद्मकन्या बहुमुखी क्याम्पस

विजयादशमी तथा शुभ-दीपावली २०६३ को उपलक्ष्यमा
हाम्रा समस्त ग्राहक तथा शुभेच्छुक महानुभावहरूमा
सुख, शान्ति तथा समृद्धिकालागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

- वर्ल्ड वाईड कन्स्ट्रक्सन (प्रा.) लि. फोन नं. ४-२६४९४६
- कंडिल निर्माण सेवा फोन नं. ४-२७४१०९
- परदेवी निर्माण सेवा (प्रा.) लि. फोन नं. ४-२७०२६६

रानीबारी – ३, नारिम्पाट

कथा

मैले गर्न नसकेको हत्या

➢ धीरकुमार श्रेष्ठ

प्रकरण : १

मलाई हत्या गर्न मन लाग्यो ! अरूको होइन, आफ्नै ! यो यसकारण होइन कि म कुनै परीक्षामा असफल भएं । असफलता टाढाको कुरो हो ! जीवनमा कहिल्यै दोस्रो पनि भएको छैन म ! कहिलेकाहीं दोस्रो हुनुको अनुभव गर्न जांचमा लेख्न कञ्जुस्याइ गऱ्यो म कन् धेरै अङ्कको अन्तरले पहिलो होइने ! पहिलो हुन सक्ने अरू कोही नभएरभन्दा पनि कहिल्यै दोस्रो नहुने मेरो प्राकृतिक देनका कारण जहिले पनि म पहिलो भइरहेको हो ! यही कारण चिन्नेजान्ने र आफन्तले मेरो उपनाम नै राखिदिएका छन् : 'नेभर सेकेन्ड' !

नामअनुसारको काम गरेर मैले देखाइसकेको छु । त्यसकारण कुनै परीक्षामा असफल भएर मैले आफ्नै हत्या गर्न खोजेको होइन । त्यसो होस् भनेर कति कामना गरियो । कहिल्यै इच्छा पूरा भएन ! अफसोच ! त्यसपछि मैले आफ्नै हत्या गर्न पाइनं । जति गर्दा पनि परीक्षामा असफल हुन नसकेपछि कम्तीमा दोस्रो त होइयोस् भनेर प्रयास नगरेको होइन ! त्यो पनि सफल नभएपछि असफल अथवा दोस्रो होइयोस् भनी कामना गर्नै छाडिदिएं ।

मेरा साथीसंगी पनि कम्ताका जब्बर होइनन् । नेपाली परम्परागत चलनका विपरीत ती मेरा अगाडि नै कुरा काट्थे, 'परीक्षा नियन्त्रण कार्यालयमा आफ्नो मान्छे भएपछि कहांको फेल हुनु ! फेलको के कुरा, म त बाजी ठोकेर भन्छु, यो कहिल्यै दोस्रो पनि हुंदैन !' आफ्नो अगाडि आलोचना गर्नेलाई म आदर गर्थें । आदर यसकारण कि कम्तीमा तिनले नेपाली चलनलाई उत्तर-आधुनिक चुनौती दिएका थिए । त्यसले एउटा नवीन संस्कारलाई जन्म दिएको थियो । म पनि चलनविपरीत आलोचनालाई स्वस्थ रूपमा सकारात्मक हिसाबले लिन्थें । त्यसलाई आठौं आश्चर्यका रूपमा ती आलोचक लिन्थे र हौंसिन्थे । परिणामस्वरूप कहिलेकाहीं अति गर्थें । तैपनि मलाई रिस उठ्दैनथ्यो । तिनका कुरा सांचा भए पक्कै रिस उठथ्यो होला ! झुठो कुरामा रिसाएर बेकारमा किन शक्ति खर्च गर्नु ! एउटा गतिलो मनोरञ्जन भइरहेथ्यो ! भइराखोस् ! चुप लागें । चर्चापरिचर्चा झन्झन् तेज हुंदै गयो । म चुप लाग्नुले झन् मसजन भयो । हाथा नचाती हल्लिरहेको पातलाई हल्लिन दिइरहें ।

अति भएपछि एकपटक एउटा विषयको जांच दिनै गइनं । 'नु जा, यसपालि दोस्रो होइन, फेल हुने पक्कापक्की भो !' मलाई सफल बनाउन रजहांसमा चढेर साक्षात् सरस्वती नै आए पनि सक्तैन !' यस्तै सोच्दै मलमनै रमाएं ! तर म रमाएको गुरुध कुरो कसैलाई थाहा दिइनं ! एक विषयको जांच नदिएको कुरोचाहिं बच्चामुद्दा सबैलाई थाहा थियो । त्यस वर्ष दोस्रो होइन, फेल हुन कसैले रोक्न नसक्ने गरी दह्रो प्रबन्ध मिलाउन सकेकोमा आफ्नो बुद्धिको आफैंले मुरीमुरी प्रशंसा गरें । फेल हुंदाको आनन्द कस्तो होला भन्ने सम्कनामात्रले पनि रोमाञ्चित थिएं !

म व्यग्रतापूर्वक परीक्षाफलको प्रतीक्षामा थिएं, विस्मात मनाउन होइन खुसी हुन ! ममाथ होइन त्यस वर्ष मेरा आफ्नि गर्नेहरू पनि खुसी थिए । ती हर्षोल्लासपूर्वक मेरो 'फेलडे' मनाउन तयारीका साथ प्रतीक्षामा थिए । 'बल्ल चाल्ने भो यल्ले मजा !' खोइरो खन्न बांकी राख्तैनथे । ति-

कविता

यतिबेला सगरमाथाको उचाइ कति हो ?

➤ छवि प्रवाली

मलाई जवाफ चाहिएको छ
तर अहं बोल्दैन कोही
र, खोल्दैन वास्तविकता ।
मैले सोध्नेगर्छु -
सगरमाथाको उचाइ कति हो !

मख्ख पर्दै भूगोलविद् भन्छन् -
पहिले जति हो,
अहिले पनि त्यति हो
अर्थात् ८,८४८ मिटर ।

मलाई थाहा छैन -
किता धुर र मिटरको कुरा
इतरबितर र किलोमिटरको कुरा ।

मलाई यति थाहा छ -
सगरमाथा हिउँको पुग्रो होइन
जो- घाम लाग्दा होचिन्छ
र, हिउँ पर्दा अग्लिन्छ ।

सगरमाथा इमान हो,
स्वाभिमान हो,
नेपालीको शिर हो / नीर हो ।

लौ त अब हिसाब गुरु गरौं -
दुई करोडको स्वाभिमान
तीन वर्षसम्म लगातार
एउटै पाइलाभुनि पर्छ भने
हाम्रो मिचाई कित हो !
बस् प्रश्न एउटै -
यतिबेला सगरमाथाको
उचाई कति हो ?

लिखाम, भैरहवा

कविता

खबरदार !

➤ कौशला लामिछाने

ए ! युग हाँक्नेहरू हो !
आँखा उघारेर हेर
तिमीहरूका लागि बलिदान भएका
सहिदहरूको आलो रगत
माटोको कण कणमा जमेको छ
अनि, तानाशाही र निरङ्कुश
शासनविरुद्धका लागि उठेका आवाजहरू
यहीं वरिपरि गुन्जिरहेका छन् ।

ए कुर्सिमा बस्नेहरू हो !
तिमीहरूका लागि सहिदहरूले
रङ्गाइदिएका छन् इतिहासका पानाहरू
अनि बचाइदिएका छन् तिम्रा अस्तित्वहरू
तिमीहरूले यो इतिहास बिर्सेर
फेरि, कुर्सिको खेल खेल्दैछौ
अनि कर्तव्य बिर्सेर
नाताबाद र कोसेलीमा मुल्दैछौ ।

खबरदार !
राइका छ अझै पनि षड्यन्त्र हुन सक्छ
फेरि गृहयुद्धले मैदान रङ्गिन सक्छ
त्यसैले तिमीहरूले
शोषण र षड्यन्त्र विरुद्ध
फेरि मैदानमा उभिनु पर्छ
अनि रगत र पसिना चुस्ने
उपियाँ र ढङ्गुसहरूको अन्त्य गर्नुपर्छ ।

नुवाकोट

पुजिन्छन् विज्ञ सर्वत्र गहना हुन् समाजका
विवेकानन्दले पाए संसार-सार-पूर्णता ।

बस्ले नभए काम बढिले गर्नुपर्दछ
खराबो भैदिए छट्टू कुवामा सिह भर्दछ ।

'तीतामीठा कुरा' बाट

एकाङ्की

महादेवको तेसो नेत्र

➤ गीता केशरी

पहिलो दृश्य

बिहानको समय छ । शिव अखबार पढेर कोठामा बसिरहेकाछन् । सुभद्रा एक हातमा पुजाको थाली र अर्को हातमा चियाको कप लिएर कोठामा प्रवेश गर्छिन् । निधारमा टासिएको प्रसादको रातो टीकाले उनको गोरो अनुहारमा उज्यालो थपेको छ ।

सुभद्राको आगमनको चाप सुनेर शिवले पढ्दैगरेको अखबारबाट ध्यान हटाई उनी आएतर्फ आँखा दौडाउछन् । सुभद्रा उनको नजिकै माच के पुगेकी हुन्छिन् शिवले हात लम्काएर वाफ आउँदैको ताती चियाको कप समात्न पुग्छन् । सुभद्राले प्रसादको थाली अगाडि सारेर भन्छिन्, "अहं, पहिले प्रसाद लगाउनुहोस्, अनी माच चिया ।"

शिव हाँस्दै प्रसाद लगाउँछन् र सोध्छन्, "यो विशेष प्रसाद कुन पूजाको ? हामीले पनि थाहा पाइहालौं । बिहानै मुख धोएर चोखो भएर बस्न आह्राएकी थियौ ।"

सुभद्रा पनि हाँस्दै भन्छिन्, "तपाईंलाई जन्मदिनको शुभकामना ! कस्तो मान्छे तपाई त ? आफ्नो जन्मदिनको पनि हेक्का छैन । आर्काले सधैं सम्झाउनु पर्छ ।"

शिव - "के भनेकी त्यस्तो ? मैले तिमीलाई कहां अर्को सम्झेको छु र !" दुबै रमाइलो मानेर हाँस्छन् ।

यस्तै रमाइला कुरा गरी दुईबीच चन्दा चल्दैमा टेलिफोन बज्छ । शिव फोन उठाउन जान्छन् ।

शिव - "हेलो ! हेलो ! को बोल्नुभएको ?"

उताको जवाफ - .....।

शिव - ए... ल, अब थिनें । तपाईको मान्छेले सबै कुरा बताइसक्यो नि ?"

उताबाट -..... ।

शिव - त्यसो भए यसबारे तपाईको के भनाइ छ ?

उताको जवाफ -.....।

शिव - त्यसो भन्नुहुन्छ भने ठीक छ तर त्यो कुरा आजै मेरो श्रीमतीको हातमा पार्नु पर्छ । त्यसपछि मात्र काम अगाडि बढ्छ । लौ त अहिलेलाई टेलिफोन राखौं ।" भन्दै टेलिफोनको रिसिभर राखेर फर्कंदा जिज्ञासु आँखा लगाएर कुराको भेउ समात्न सुभद्रा उनी नजिकै उभिइरहेकी पाउछन् र सोध्छन्,- "खाउँला जस्तो गरी के हेरेकी ? खुसी होऊ । आजैदेखि, तिमी पनि लखपति हुने भयौ ।"

सुभद्रा - के भन्नुभएको त्यस्तो ? छिनैमा लखपति हुने, कि चोर हुन्छ कि डाँका । हामी कसरी हुन सक्छौं ? चाहिने कुरा पो गर्नु सधैं जिस्केको छ, जिस्केको छ ।"

शिव - यो कुरा मैले जिस्केर भनेको होइन । हामी पनि लखपति हुनसक्छौं । यस्ता कुरा बुझ्नलाई नि..., दिमाग हुनुपर्छ । तिमीहरू जस्ता मूर्खले मात्र बुझ्न सक्दैनौ ।

सुभद्रालाई मूर्ख भनेको मन पर्दैन र अलि झोकिंदै भन्छिन् -"अरू जे भन्न मन लाग्छ भन्नेस् तर मूर्ख भनेको मलाई पटक्कै मन पर्दैन । मलाई पीडा हुन्छ । तपाईहरू जस्तै विद्वान् मै हुं भन्ने बाजे, बाबु र दाइले छोरी मान्छे भनेर पढ्न नपठाएकाले आज सोग्ने हुने तपाईले मूर्ख भन्नपाउनु भएको छ । सोच्नोस्, भोलि हाम्रो छोरीलाई ज्वाईंले के भन्ला ? छोरीलाई अब राम्रो स्कुलमा पढाउन पठाउनु पर्‍यो भन्दा 'पर्दैन त्यही स्कूल ठीक छ' भनेर जिद्दी गर्ने पनि तपाई नै हुनुभएको छ ।

शिवलाई सुभद्राको यस भनाइले यति पनि घोच्दैन र हाँस्दै भन्छन् -"ज्वाईंले भन्ला मेरो ससुराले राम्रो कुरा बुझ्नुभएको रहेछ । पढाई राम्रो नराम्रो हुनुमा स्कुलभन्दा विद्यार्थी आफै जिम्मेवार हुन्छ । उसले पढाईतर्फ कस्तो ध्यान दिन्छ कति उत्सुक हुन्छ र कति लगनशील हुन सक्छ, त्यसैले उसको ज्ञानको स्तर बढाएको हुन्छ । मलाई

चाहा छ। हामी छोरीको यिनै गुणले गर्दा हामीलाई गाल पार्दिन।

छोड यी बकम्फुस कुरा र दइ पर यसो मौका हात पर्न लागेको बेलामा पनि कचकच गरी रहेकी ? पैसा हात परेपछि जे जे गर्न मन लाग्छ, गरौंला भएन।"

सुभद्रा अलि ठुस्किदै भन्छिन्, "अर्थ र बर्थ कुरै नबुझेर यसै दइ पर भन्नुहुन्छ ? के म लाटोबुद्धी हुँ र ? टेलिफोनमा कोसंग के कुरा गर्नुभएको ? के ल्याएर दिनु भन्नुभएको। यी कुराको खुलासा नगरीकन म त त्यसले जे ल्याए पनि लिन्न। तपाईलाई चाहा छ, त्यो पल्लो घरकासे उपरी आम्दानी बढाउन खोज्दा कस्तो दुर्गति भोग्नुपऱ्यो। त्यो पनि आफूले मात्र होइन, स्वास्नी छोराछोरी सबैले।

शिवलाई फेरि हाँस्न मन लाग्छ र हाँस्दै भन्छन्, "म त्यसको लोग्नेजस्तो हुस्सु छैन। त्यसैले तिमीले डुक्क भई लक्ष्मीलाई भिजाएर ढुकुटीमा बुरुक्क राखे हुन्छ। त्यसले तिमीलाई मनुपर्ने अवस्था होइन, खुसीले बाँच्ने मौका दिन्छ, बुझ्यौ कुरा ?"

सुभद्रा - आ, मलाई त दिक्क लागिसक्यो। फेरि जाँतो घुमाएको जस्तो गरी उही कुरा गर्नुहुन्छ। कस्तो धन हो, त्यो चाहिँ भन्ने होइन। मेरो निमित्त त बुझ्नुभयो, 'साग र सिस्नु खाएको मीठो आनन्दी मनले', भन्ने नै ठीक लाग्छ। सत्य नहोला ?

शिव - "ए, तिमीलाई धन भनेको कस्तो हो भन्ने झल्कै थाहा छैन ? लौ यी लेऊ" भनेर खल्तीबाट नोट झिकेर देखाउँछन् र भन्छन्। "यसको बिटा खाममा हालेर घरैमा ल्याएर तिमीलाई दिन्छन्। हो, तिमीले त्यसलाई लिएर चुपचाप राख। तिमीले यसमा गर्नुपर्ने सहयोग भनेको त्यति हो"। अलि खेद प्रकट गर्दै भन्छन्, "आनन्द भनेको तिमीलाई मात्र चाहिने होइन ? हामीलाई पनि चाहिन्छ। यो कुरा भने नबिर्स।"

सुभद्रा - "के कुरा गर्ने यस्ता मान्छेसंग। स्वस्नी हुनेहरूले नै लाग्नेलाई अनैतिक काम गराउँछन् भनेर सुनाउँछन्। यहाँ घरभित्र भने यी यस्तो छ।" अलि स्वरलाई ठूलो बनाएर भन्छिन् -"साँचै भन्दैछु है, त्यसले त्यो त्यायो भने म लिने पक्षमा छैन। अहिले नै त्यसलाई के भन्नुपर्छ भनिहाल्नोस् पछि मलाई गाली गर्न पाउनुहुन्न।" सुभद्रा बाहिरिन्छिन्।

शिव उनी गएपछि हेर्दै भन्छन् - "हर, कसरी फन्केर गएकी ? (अलि ठूलो स्वर बनाएर) तिमी पनि सुनिराख हात परेको मौका गुमायौ भने राम्रो हुने छैन।

दोस्रो दृश्य

विष्णुको रङ्गमञ्चमा प्रवेश। उनी निकै चिन्ताग्रस्त देखिन्छन्। मनमा एउटै प्रश्न उठिरहेको छ। किन शिवले मलाई नै पैसा लिएर उनको घरमा आउनु भने ! उनलाई चाहिएको त पैसा न हो। त्यो जसले पुऱ्याए पनि कुरा एउटै हुनुपर्ने हो। यसमा कुनै अर्थ अवश्य छ। दुईलाख रुपियाको मात्र कुरो होइन, यो ? पैसा भनेको हातको मयल हो। आउने जाने भइरहन्छ। तर यो उनको घरैमा गइ काम गराउनलाई रुपिया टकाउनु पर्ने रे। यो कस्तो घुस खाने तरिका हो। हत्तेरी ! सानुरामले पनि के गरेको ? मसंग कुरै नगरी शोभाकहाँ त्यो किन गयो ? फेरि मनलाई नियन्त्रण गर्न खाजै सोच्छन्, "अहिले सम्म रुपियाँ पुऱ्याउन गइहालेको छैन, हुन्छ आउछु मात्र भनेको त हुँ नि ? गइन भने के नै भइहाल्ला....? व्यापार गर्न लागेपछि नाफा नोक्सान भइरहन्छ। किन आत्तिने ?

लुच्चो पनि त्यो कस्तो ? लाजै नमानेर फुर्तिले भन्छ, "मेरी श्रीमती घर मै हुन्छे। उसलाई लगेर दिनोस्।," आफूले त्यति हिम्मत छैन, फेरि मोह पनि त्याग्न सक्दैन।

यसरी मन डुलाएर कोठामा ओहर दोहर गरिरहेको विष्णुको नजिक पुगेर शोभालाई सोधिछन्, "के भयो तपाईलाई ? किन यस्तो चिन्तित हुनु भएको ? त्यस लोभी हाकिमले त्यतिले पुगेन भन्यो कि कसो ?"

विष्णु - "त्यसो त भनेनन् तर ..... । (एक छिन रोकिएर) त्यो उनलाई, आजै १० बजे सित्तै चाहिन्छ रे ! नत्र काम अगाडि बढ्दैन पो भन्छ। कस्तो मान्छे, त्यो ?"

शोभा - "त्यो जस्तो सुकै होस्। कबुलेको भन्दा

प्रक्षेपण गर्नु हो। पौराणिक पात्रको चरित्रलाई हेर्ने सामाजिक दृष्टिकोण सबैको एउटै हुनुपर्छ भन्ने छैन। कसैले त्यसलाई धार्मिक दृष्टिले हेर्छन् भने कसैले सामाजिक, वैचारिक, प्रतीकात्मक वा जीवनको स्वाभाविक भोगाइका रूपमा हेर्छन्। सीतालाई हेर्ने सामाजिक दृष्टिकोण पनि एकै प्रकारको छैन। त्यही विविधता भित्रको सार्वभौम केन्द्रीय चरित्रलाई यस महाकाव्यमा कविले उभ्याएकाछन्। नारी पात्रलाई अशिक्षित, ग्रामीण र अक्षम सम्झेर अशिष्ट, ग्राम्य वा प्राकृत भाषामात्र बोल्न लगाउने संस्कृतपरम्परा होस् वा नारीलाई पुरुषको सहयोगीका रूपमा मात्र उभ्याउने पुरुषप्रधान नेपाली परम्परा होस् दुवैलाई चुनौती दिँदै रामका ठाउँमा सीतालाई र 'रामायण'का ठाउँमा 'सीतायन'लाई प्रस्तुत गर्नु कवि अधिकारीको प्रशंसनीय पक्ष हो। राष्ट्रिय दृष्टिले हेर्ने हो भने पनि नेपाली मानसिकता रामतिर भन्दा बढी सीतातिर ढल्किएको देखिन्छ। कवि अधिकारीले त्यही नेपाली मनोविज्ञानको प्रतिबिम्बन गर्ने काम गरेका हुन्।

'सीतायन' मा प्रत्यक्ष रूपमा भक्ति छ र आदर्श चारित्रप्रतिको सम्मान पनि छ। तर अप्रत्यक्ष रूपमा परम्परागत पुरुषप्रधान मासिकता र नारीलाई पुरुषसंग जोडेरमात्र चिनाउने प्रवृत्तिप्रति नजानिँदो तरिकाले असन्तुष्टि पनि पोखिएको छ। यसका साथै परिवेशविधानमा पनि कवि निकै सचेत देखिन्छन्। यहाँका स्थान वा वातावरणमा नेपाली माटोको सुवास मगमगाएको भेटिन्छ। केवल भाषाका कारण होइन, पात्रगत उपस्थिति वा भावविस्तारमा नेपालीपन दने काम यस महाकाव्यमा भएको देखिन्छ। कविको परिपक्व चेतना र दार्शनिक दृष्टिकोणको पद्यात्मक अवतरणमा सरलताले निकै साथ दिएको छ। जीवन र जगत् सम्बन्धी जटिल दर्शनहरूलाई पनि सरल भाषाका माध्यमबाट प्रस्तुत गरिदिनाले पाठकहरू दिमागी कसरतबाट मुक्त छन्। यो महाकाव्य परम्परागत दृष्टिले हेर्ने हो भने आर्यसभ्यता, सद्वंश र परम्परा एवम् गरिमामय पौराणिक आख्यानप्रतिको श्रद्धाभाव हो। तर उत्तर आधुनिक दृष्टिले हेर्ने हो भने सीताको पारम्परिक उपस्थिति पतिको बिनिर्माण र रामायणको विपठन पनि हो। त्यसैले नेपाली महाकाव्यको इतिहासमा यसको उपस्थितिलाई कम मूल्यका रूपमा हेर्न मिल्दैन।

भावनाको आख्यानीकरण महाकाव्यको विशिष्ट पक्ष हो। महाकाव्यमा कवित्वभित्र आख्यान उनिएको हुनुपर्छ वा आख्यानलाई कवित्वले चिन्न सक्यो भने त्यो महाकाव्य सर्वश्रेष्ठ बन्छ। यसका आधारमा हेर्दा 'सीतायन' आख्यानप्रधान वा वर्णनात्मक महाकाव्य बनेको छ र भावना वा कवित्वलाई कथाले थिचेजस्तो बन्न पुगेजै लाग्छ। यस महाकाव्यमा महाकाव्य सिद्धान्तले अपेक्षा गरेका सद्वंश वर्णन, कुलीन नायक, प्रभावकारी कथानक, प्रकृतिवर्णन, विराट् भावको विराट् उपस्थिति आदि सबै कुराको पालना भएको देखिन्छ। तर, कवित्वको शक्तिशाली उपस्थितिमा भने खोट लगाउने ठाउँ छ। लयविधानमा शास्त्रीय छन्दअन्तर्गतको वार्णिक छन्दले राम्रो प्रवेश पाएको छ भने ठाउँठाउँमा मात्रिक र लोकछन्दको समेत उपस्थिति देखिन्छ। महाकाव्य पढ्दै जाँदा कवि कथा भन्न हतारिएका जस्ता देखिन्छन्, जसका कारण छन्दशास्त्रीय वर्ण विन्यासतिर त्यति ख्याल नगरी 'अपि मास मसं कुर्यात् छन्दो भङ्ग नकारयेत्' भन्ने मान्यताको मात्र पालना गरेको देखिन्छ।

आखिर दोष भन्ने कुरा काम गर्नैको हुन्छ। काम गर्न भन्दा टिप्पणी गर्न पक्कै सजिलो हुन्छ। फत्त नलागुन्जेल सिको रुखलाई न कसैले हेर्छ न त्यसले डुङ्गा र लट्ठी खानुपर्छ। 'सीतायन'को त्रुटि निर्देश पनि त्यही हो तर 'यति भइसकेपछि यतिसम्म भइदिएको भए राम्रो हुन्थ्यो' भन्ने अधिकारचाहिँ पाठकले पाउनैपर्छ। निष्कर्षमा भन्नुपर्दा नेपाली महाकाव्यको इतिहासमा 'सीतायन'को गुणात्मकभन्दा बढी मात्रात्मक महत्त्व छ। यसले नेपालीमा बृहत्तर महाकाव्य लेखनको नवीन इतिहास निर्माण गर्ने कुरामा आशावादी हुने प्रशस्त ठाउँ दिएको छ। त्यसैले कवि रमेशचन्द अधिकारीको अनवरत लगनशीलता, सहनशीलता र अथक साधनाका अगाडि जोकोहीले पनि नतमस्तक हुनैपर्छ। अन्त्यमा कविको अनन्त गन्तव्यका लागि सफलताको शुभकामना।

* * *

समीक्षा

'सीतायन' एक बृहत्तर महाकाव्यको सम्भावना

➤ देवी नेपाल

विगत एकदशकमा नेपाली महाकाव्यले जति प्रगति गऱ्यो, त्यति यसको इतिहासमा कहिल्यै भएको थिएन । भानुभक्तको 'रामायण' देखि एकैपटक देवकोटाका 'शाकुन्तला', 'सुलोचना' आदि महाकाव्यमा आइपुग्नुपर्ने र त्यसपछि सोमनाथको 'आदर्श राघव', लेखनाथको 'तरुणतपसी', समको 'चिसो चुल्ली' र प्रश्रितको 'मानव'मा फड्को मार्दै जाँदा लगभग एक दर्जन महाकाव्यको सेरोफेरोमा सवासय वर्षको इतिहास गुजार्नुपर्ने देखिन्छ । तर, २०५३ मा कवि रामप्रसाद ज्ञवालीको 'औंसीका फूलहरू' महाकाव्य प्रकाशन भएयताको दश वर्षको अवधिमा लगभग सात दर्जन महाकाव्यहरू नेपाली साहित्यले पाइसकेको छ । यो दशक गुणात्मक र मात्रात्मक दुवै दृष्टिले सफल बन्न पुगेको देखिन्छ । यसको प्रारम्भमा नै भाव, विचार र कलाका दृष्टिले उच्चकोटिको देखिने 'औंसीका फूलहरू' महाकाव्य देखापऱ्यो भने आकारका दृष्टिले 'रामायण, महाभारत, इलियड र ओडिसीजस्ता विश्वप्रसिद्ध बृहत्तर महाकाव्यकै समकक्षी भन्न सुहाउने पूर्णप्रकाश नेपाल 'याक्षी'को 'सिजापतिबाला' महाकाव्य पनि यसै अवधिमा देखापऱ्यो । यसरी नै एकातिर नेपाली कवितामा इतिहासमा उच्च महत्त्व राख्ने नारीप्रतीभाद्वारा लिखित प्रथम महाकाव्य बुनु लामिछानेको 'याचना'ले एउटा छुट्टै इतिहास निर्माण गऱ्यो भने अर्कातिर माधव वियोगीका 'छन्दाशिरोमणि' र 'धर्मराज' जस्ता महाकाव्यले पुरातन व्यक्तिस्तुतिवादी लेखनपरम्परालाई निरन्तरता दिने काम गरे । यति मात्र नभएर चन्द्रप्रसाद न्यौपानेका नौ ओटा, डा. ओमवीर सिंह बस्न्यातका चारओटा, भुवनहरि सिग्देल र शैलेन्द्रप्रकाश नेपालका तीनतीनओटा र नरेन्द्र पराशरका दईओटा महाकाव्य पनि यसै दशकमा आएका हुन् ।

उपर्युल्लिखित नेपाली महाकाव्यको स्वर्णिम दशक वा पुनर्जागरणकालको एक उल्लेखनीय प्राप्ति हो- कवि रमेशचन्द्र अधिकारीको 'सीतायन' महाकाव्य । पुराणप्रसिद्ध आदर्श नारीचरित्र सीतालाई नायकत्व प्रदान गरी लेखिएको प्रस्तुत महाकाव्य एक खण्डदेखि आठ खण्डसम्म विस्तार भइसकेकी छ र अनन्त सम्भावनाहरूका साथ अगाडि बढिरहेको छ । तर यस लेखको अभिष्ट भने 'सीतायन' (सप्तम खण्ड) को सामान्य चिनारीका साथै यसले देखाएको सम्भावनाको आंशिक मूल्याङ्कन मात्र हो ।

'सीतायन' महाकाव्यको संरचनात्मक स्वरूपलाई हेर्दा यो परम्परित महाकाव्यभन्दा छुट्टै प्रकारको देखिन्छ । यसको मूल खण्डबाहेक अन्य आन्तरिक सर्गविभाजन केही पनि देखिँदैन । यसका आधारमा हेर्दा एउटा खण्डले नै एउटा सिङ्गो महाकाव्यको स्वरूप धारण गरेको देखिन्छ । संस्कृत काव्यशास्त्रले निर्धारण गरेको महाकाव्यमान्यताताई हेर्ने हो भने यो बन्न महाकाव्य बन्दैछ । (नाति स्वल्प नाति दीर्घा सर्गा अष्टाधिका इह) धेरै छोटा पनि होइन, धेरै लामा पनि होइन, आठभन्दा बढी सर्गहरू महाकाव्यमा हुनुपर्छ भन्ने विश्वनाथको मान्यताअनुसार आठ सर्गको प्रतिनिधित्व आठ महान् खण्डहरूले गरे पनि 'नाति दीर्घा' भन्ने कुराको पालना भने भएको देखिँदैन । तर त्यो सिद्धान्त कलात्मक वा बृहत् महाकाव्यका लागि मात्र लागू हुन्छ, विकासनशील वा बृहत्तर महाकाव्यका लागि होइन । त्यसैले 'सीतायन'को अनन्त गन्तव्यलाई हेर्ने हो भने यसले अङ्गीकार गरेको संरचनात्मक स्वरूप नै सर्वश्रेष्ठ देखापरेको छ ।

'सीतायन' महाकाव्यको सातौं खण्डको रचना विभिन्न छन्दका ३११९ श्लोकमा गरिएको छ । अभिव्यक्ति कौशल र दार्शनिक चेतनाका दृष्टिले यो अरू खण्डभन्दा सफल देखिन्छ । सीताको चरित्र उद्घाटन यसको केन्द्रिय कथ्य हो, तर साध्य चहिँ जीवन र जगत्को विश्लेषण गरी आदर्श र मर्यादाको सन्देश लोकजीवनतिर

बढी मार्गको छैन भनें लगेर दिनोस् कुरै सिद्धियो ।"

शिव - "कुरा कसरी सिद्धियो भनेकी ? म घुस खाएर काम गराउन चाहन्न । यस पटकलाई धाटा भए हुन देऊ । सामान मगाउन पनि त हामीले ढिलाइ गरेकै हौं । यो कुरा पनि त बुझ्नुपर्छ । त्यो हाकिमसँग कुरा मिलाउँदा एक पटक मसँग पनि तिमीले सोधेकी भए के हुन्थ्यो, भन त ?"

शोभा चुप लाग्छिन् । उनी भन्दै जान्छिन्, "सामान छिटो छुटाउने र भन्सार महसुल घटाई नाफा गर्ने रे.... ? कस्तो सोच ! कताबाट यस्तो विचार ल्याथ्यौ ? (स्वरको मात्रा बढाएर) यो त आफ्ना साथीहरू र सरकारलाई सोझै मार्ने काम हुन्छ । म त यस्तो अपराध गर्न सक्दिनं ।"

शोभा - "के कुरा गर्नु भएको ? दुईलाख खाएर एक करोडको नाफा गर्ने मौका पनि यसै छोड्ने । मलाई अरू कुरा थाहा छैन, बुरुक्क गएर भने जति रकम दिएर आउनुहोस् । (अलि आक्रोश देखाउँदै) अरू अपराध गर्न हुन्छ यो आम्दानी बढाउने कुरामा भने पन्छिन खोज्ने ? बैंक ब्यलेन्स कसरी, कसले गर्दा घट्दै गइरहेको छ, त्यसको हेक्का राख्नुभएको छ ? यस्तै हो भने अर्को महिनामा नै छोरालाई विदेश पठाउने दमढी कहाँबाट जुटाउनुहुन्छ ?

विष्णु - "अति भयो । बोल्न दिए भनेर जे पनि बक्ने ? के अपराध गरेको छु, भन त ?"

शोभा - "कुन कुन भनूँ.... ? रक्सी थोकेर चिच्याउँदै तोडफोड गर्दै वातावरण नै दूषित बनाउनु, जुवा खेलेर धनको दुरुपयोग गर्नु र धन कै घमण्डले विवेकहीन भई नारीअस्मितामाथि धावा गरी उनको बेइज्जत गर्नु, के यी अपराध होइनन् ? आचरण भ्रष्ट भएपछि हुने काम यस्तै हुन् । यस्ता व्यापारी सबै भ्रष्टचारी हुन् । सम्झनोस्, यसपटक मालसामान मगाउन किन ढिलाइ भयो ? तपाईको कारणले ! (अलि गम्भीर भएर) सानुराम एक कर्मचारीले मात्र कति थामोस् ? उसले जति नाफा गराउँछ त्योभन्दा बढी खर्च गर्ने बानी तपाईले बसाईसक्नुभएको छ । भ्रष्ट साथीहरूको सै सै मा नलाग्नोस्, भनेको मान्ने होइन ! उनीहरू रुपियाँ फल्ने बोटजस्तोगरी तपाईलाई हल्लाइरहन्छन् । मख्ख परेर तपाई बर्पिरहनुहुन्छ अनि .....? सोच्नोस् हामीले के गरी बाँच्ने ? यिनै लतले गर्दा कस्ता कस्ता मै हुँ भन्ने धनाढ्यहरूलाई सडकमा पुऱ्याईसकेको छ भने तपाई त के ?"

विष्णु -"आफूले कमाएको धन जे जसो गरी खर्च गरूँ त्यो भ्रष्टाचार हुँदैन न त अपराध ।"

शोभा -"हेर, अब यसो भन्दै हुनुहुन्छ । तपाईको यस्तै लिडे ढिपीले गर्दा त म के गरूँ ! कसो गरूँ ! भई छटपटाईरहेकी छु । (अलि स्वर चढाएर) यस्तै कुकर्महरू हुन् नैतिक भ्रष्टाचार भनेको बुझ्नुभो ? यसैबाट विभिन्न प्रकारका भ्रष्टाचारहरू जन्मन्छन् । (फेरि खिन्न हुँदै) यसले कतालाई मात्र असर पर्छ भन्ने छैन अरूको पनि सुख शान्ति र अधिकारलाई छिन्छ । अनि यस्ता कामहरूलाई के भन्ने ?"

विष्णु -"(सन्यबोध भए पनि) भ्रष्टाचारको पाठ निकै पढायौ तर लोरनेमाथि दबाब गर्न खोज्नुभाई के भनिन्छ, त्यो पनि भनिहाल ?"

शोभा - "त्यो लक्ष्यमा भर पर्छ । चरित्र नष्ट हुनुबाट सम्पत्ति गराउनलाई सहयोग भनिन्छ । थाहा नै छ तपाईको साथ साथै काम शुरु गरेको मेरा दाजुभाइ कहाँ पुगिसके, तपाईको भने यस्तो अवस्था छ । (अलि रुन्चे स्वर निकालेर भन्दिन) अहिले मलाई तपाईको मात्र होइन सन्तानको, हाम्रा ३०० जना कामदारहरूको भविष्यको बारेमा चिन्ता लाग्न थालेको छ ।"

विष्णुले जवाफ दिने ठाउँ पाउँदैनन् । निश्चय नै उनले जुवामा धुप्पै धन हारेकाले गर्दा नै आज उनको व्यपारमा त्यस्तो हामाडोलको स्थिति आएको छ । यसरी विष्णु चुप लागेकोबाट शोभाले चाल पाउँछिन् कि उनको कुराले विष्णुलाई छोएको छ । उत्तेजित स्थितिबाट खस्केर शान्त हुँदैको बेला छोपेर शोभाले विष्णुलाई सम्झाउँदै भन्छिन्, "खराब मान्छे तपाई हुँदै होइन । अरूको बहकाइले मात्र यस्तो हुनुभएको हो, यो कुरा मलाई थाहा छ । जति धन अहिलेसम्म यस्ता कुरामा खर्च गर्नुभयो त्यो कसैको पढाइमा या भन्नु पुस्तकालयमा किताब किनेर सहयोग गर्नु भएको भए तिनीहरूले तपाईको नाम कति इज्जतका साथ लिने थिए । यिनले त तपाई टाट पल्टन

थालेको थाप्ता पाउनासाथ उपियाँ फड्कोको जस्तो गरी तपाईंबाट पर भाग्छन् ।"

विष्णु -"भो भो अब बहस गर्ने समय छैन, गएर रुपियाँ ल्याऊ ।"

शिवकहाँ जान वस्त्र तयार भएको विष्णुलाई देखेर खुसी हुँदै भन्छिन् -"तपाई जुत्ता लगाएर तयार हुनोस् म रुपियाँ लिएर आइहाल्छु ।" भन्दै छिटो छिटो जान्छिन् । विष्णुले शोभाको अनुहारमा विजयको चमक देख्छन् भने आफू लाचार दोषी भई पछिरहन्छन् । उनको आँखा अगाडि केही दिन पहिलेको जुवामा हारेको रुपियाँ र नशाको बेहोसीमा खल्तीबाट कसैले पैसा निकालेर भागेको सम्झि रहन्छन् ।

तेस्रो दृश्य

शिवको उही कोठा ।

लोग्नेमा देखिन थालेको भावना परिवर्तनले सुभद्रा आज निकै दुःखी भइरहेकी छिन् । त्यो मान्छे, जसले सधैं भन्नेगर्थ्यो 'हामीसंग पैसा भएन त के भयो चरित्रलाई बन्धक राखेको त छैन । विवेक छ हामीमा । धनले गरीब छौं र पनि गर्वले भन्न सक्छौं हामी सुखी छौं र शान्तिले प्रेमको जीवन बिताइरहेका छौं । यही त बाँचुको अर्थ हो ।' भनेर सम्झाइरहने मेरो शिवमा आँखले मोहले उनमा छिद्र बनायो । कहीं धन देखेपछि 'महादेवको पनि तेस्रो नेत्र खुल्छ' भनेको यही त होइन । झट्ट त्यस उखानलाई सम्झन पुग्छिन् तर उनको मनको तर्कले यसलाई स्विकार्दैन । सोंच्छिन्, त्यस्ता निर्लिप्त भगवान्लाई पनि हामी धनका लेभी भनेर कसरी बदनाम गरिरहेका छौं ? हुन सक्छ, उहाँको तेस्रो नेत्र धन देखेर नै खुलेको ...। तर त्यो धन लोभ नभएर धनसंग गासिएर आउन सक्ने सम्भावित भ्रष्टाचारलाई भष्म गर्न, ज्ञानको, विवेकको ज्योति प्रकट भएको पनि त हुनसक्छ । हे भगवान् ! तपाईको तेस्रो नेत्र खुलिरहोस् । हामी परिवारलाई भ्रष्टाचार को दलदलमा फस्न नपरोस् । शिव, तपाई कै हो । उनलाई ज्ञान दिनोस्, भगवान् ज्ञान ।'

मनमा यस्तै तर्क वितर्क गर्दागर्दै उनको ध्यान ढोका ढकढकाइको आवाजतर्फ जान्छ र भित्रैबाट सोंध्छिन्, "को ..... आएको, हो ?"

आगन्तुक- "म विष्णु । सरले यो दिन पठाउनु भएको ।"

सुभद्रालाई ढोका खोल्न मन नलागे पनि ढोका खोल्न जान्छिन् र आधा ढोका खोलेर नै सोंध्छिन्, "के ल्याउनुभएको, त्यही झाम हो ?"

विष्णु -"हो हजुर ! यो तपाईंलाई दिएर टेलिफोन गर्न लगाउनु भन्नुभएको छ ।"

सुभद्रा -" ए, त्यसो भन्नुभएको छ भने त्यस झाममा के कस्तो छ त्यो आफैंले सरलाई बताई दिनोस् र भनिदिनोस् सबै कुरा नबताएसम्म मैले त्यो बुझ्न मानिन भनेर । ऊ टेलिफोन त्यहीं छ ।" भनेर टेलिफोन देखाइदिन्छिन् ।

विष्णु न त टेलिफोनतर्फ बढ्न सक्छ न त सुभद्रालाई सबै कुरा खोलेर भनिसाई विवस बनाउन सक्छ । यस्तो असमञ्जस स्थितिमा उनी रहेकै बेलामा सुभद्राले भन्छिन्, "मेरो बिन्ती तपाईंहरू सबैमा लागोस्, कृपया मेरो लोग्नेको चरित्रसंग यसरी नखेलिदिनोस् । तपाईंहरूसंग कहां राखुंजस्तो धन होला, हामी भन्नु यति चरित्र मात्र छ । यसलाई धमिल्याउने काम नगरिदिनोस् । हामी जे छौं त्यसैमा सन्तुष्ट छौं । जानोस् यहांबाट ।"

सुभद्रा यति भन्दै भित्र, बाहिरबाट कोही आएको आभास हुन्छ । विष्णुले झट्ट झाम खल्तीमा घुसाउँछन् । शिव आफ्नो सर्वालाई लिएर आइपुग्छन् । विष्णुले डराएर त्यसरी झाम खल्तीमा हालेको चाल पाई सोंध्छन्, "किन त्यसरी झस्किनुभएको ? हामीलाई देखासाथ खल्तीमा हात हाल्नुभयो नि ? के तपाई उही विष्णुजी त होइन ?"

विष्णु -"हो, हजुर ..... नमस्ते ।"

शिव -"अनि किन बाहिर ? (सुभद्रा तर्फ हेर्दै) पाहुनालाई कोठामा लैजानु पर्दैन । यस्तो बाहिरै उभिएर गलफत्ति गर्ने त मिल्दैन नि ।"

लोकगीत

पानी र जीवन

➤ *श्यामबहादुर भाबुक*

सुन सुन बाबु र नानी
पानी हामो जीवनको परुनी ।

पानी हामो जीवन हो जीवन हामो पानी
यै पानीमा चलिरेछ हामो जिन्दगानी
एक दिनमा तीन चार लिटर पानी पिउनु पर्छ
सफा पानी स्वस्थ्य बन्न धेरै महत गर्छ ।
पानी मीठो खहरे खोलाको
जीवन हामो पानीले चलाको ।

फिल्टर वा उमालेर पिउने गरौं पानी
कि त भने मुसको पानी गर्नुपर्छ खानी
जथाभावि नखाउ पानी बिग्रिएला बानी
पानी पिउन नजानेमा गर्छ त्यसले हानी ।
सफा पानी खाउ है नानी
नत्र फेरि पछुताउ होला नी ।

किटाणुको मनोमानी यै पानीमा हुन्छ
सफा पानी नपिएमा अनेक रोगले छुन्छ ।
रोग लाग्यो भनेदेखि हुन्छ धेरै खर्च
त्यसै कारण पहिलेनै विचार गर्नुपर्छ ।
सफा पानी पिउनु होला नि
नत्र फेरि रोगले छोला नी ।

सहर-बजार जतातते हुन्न सफा पानी
झाडा अनि पखालाले दुःख देला नानी
बिरामी नै भए पनि खानुपर्छ पानी
पानी जस्तै प्राण भर्ने छैन अरु नानी ।
बस्न कुरा बुझ्यौं कि नानीले
हुन्छ फाइदा जीवनमा पानीले ।
सफा पानी पिउने हो भने नि
रोग व्याधि लाग्दैन भन्छु नि ।

महाकाल गा.वि.स.-२, भंगाल

कविता

शान्ति

➤ *दुर्गा चापागाईं*

शान्ति तिमी कहां छयौ ?
चाँडै घर फर्की आऊ
डुबेकी छन् शोकमा आमा
पीडदै आंशुको बगरमा
छाइते अघल्लो पीडा बोकी
चिच्याइरहेकी छन्,
छोरी शान्तिलाई खोजी
जर्जर र बिच्छिन्न अवस्थामा
त्यसैले, शान्ति तिमी कतै
मुग्लानको दलदलमा फंस्यौ की ?
समुद्रपारि न्याय र पपको मोहनीमा
तिमी भुल्यौ की
अनि कतै नजरबन्दमा पुग्यौ की
सीमा पारि बन्धकीमा पो बाँधियौ की
भन शान्ति तिमी कहां छयौ ?
यदाकदा कल्पनाको सागरमा उड्यौ की ?
बाटो भुली परदेशतिरै बस्यौ की ?
शान्ति, कसैको बहकाउमा पर्यौ की ?
हिमालयको सुरम्य छातीमा
बुद्धको यो तपोभूमिमा
बलभद्रले पानी नखाई
भीमसेन र अमरसिंहले इमान नगुमाई
रक्षित मातृत्व
सीताको आदर्शभूमिमा
कै चोखा कसले लगायो
मेरी आमाको नजरमा
आफ्नै मन्केरी खनेर आंगन पो पुग्यौ की ?
त्यसैले अरुको लाखमन्दा आमाको अश्रु नै प्यारो
शान्ति तिमी चाँडै आऊ
खोली बाटाको तथारो
सबको मनमा अधिकार जमाउँदै ।
शान्ति ! शान्ति !! शान्ति !!

खंडिबारी-१०, हाल विराटनगर-४

'बाले केही न्याउनु भएन ?' जेठी छोरीले सोधी। ऊ सिस्नोका पातहरू ताउलीमा उमालिरहेकी थिई। अंगेनाको छेउमा राखिएको कचौरामा मकै, सिल्टिम र के-के जातिका अन्नका दानाहरू थिए।"

ऊ केही बोलेन।

'तपाईले खानुभएन ?' खइग्राइखुइगुइ भएको बाबुको अनुहारमा हेरेर उसले फेरि सोधी।

ऊ अहिले पनि बोलेन।

बिरालो आएर मठको छेउमा बस्यो र ओठ चाट्न थाल्यो।

एकछिनपछि कचौराहरूमा खोले बाँडियो। बाबुलाई पनि तिनीहरूले अलिकति टकारिदिए।

वास्तवमा यस्तो खोले खान लाहुरे माइलालाई कहिल्ये पर्दैन। ऊ सधैं साहुकै घरमा खान्छ। अहिले उसको घाँटीबाट छिर्न गाह्रो भैरहेको थियो तर नानीहरू भने सुपुक-सुपुक बढी स्वादसँग खाइरहेका थिए।

'कस्यो मीठो है ?' तातो झोल पिउँदा आँखा चिम्लिरहेको कान्छो छोराको अनुहारमा उसले हेऱ्यो।

'अन्नका दानाहरू काठाबाट ल्याथी।', खोले खाइसकिएको कचौरालाई छेउमा राखेर लाहुरेले सोध्यो।

'डाँडाघरे बुढाकहाँबाट', जेठीले भनी।

'कसरी ?'

'तिनले मलाई घोडाको तबेला सफा गरिदिन भने।'

'अनि ?'

'तबेला सफा गरिसकेर टाट्नो सफा गर्न बेलामा घोडाले पाखेका दानाहरू मैले बटुलें।'

'तिनले गाली गरेनन् ?'

'तिनले आफ्नो गोठको ताउलामा हालिदिन भनेका थिए।'

'अनि ?' उसले निधार खुम्च्याएर सोध्यो।

तर जेठी डराएर बर्बर आँसु चुहाउन थाली।

अनि उसले केही भनेन।

+++

'फेलि भोक लाग्यो', बेलुका अँध्यारो छिप्पिएपछि कान्छो फुच्चेले भन्यो।

ऊ केही बोलेन तर जुरुक्क उठ्यो र आफ्नो लाहुरे झोला बोक्यो।

'कहाँ जानुहुन्छ यतिबेला ?' जेठीछोरीले सोधी।

'म अन्न लिएर आउँछु।'

'काठाबाट, कसको अन्न ?' उसले डराएर भनी।

'कसको हुनुपर्ने हो मलाई थाहा छैन, तर म आफ्नै पसिनाले फलाएको अन्न ल्याउँछु।'

ऊ केही बोलेन।

+++

आज मध्यरातमा फेरि साहुको खेतबाट मकैका घोगाहरू चोरिए।

***

विजयादशमी तथा टीपाबली २०६३को अवसरमा समस्त महानुभावहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

काठमाडौं महानगरपालिका
परिवार

(शिवलाई आँखा तर्दै) विष्णुलाई मित्र सैजाले कि के गर्ने, अबलाई त्यो जिम्मा तपाईको भन्ने मौन सङ्केत दिएर सुभद्रा कोठामा पस्छिन्। शिवले बुझेका छन् सुभद्रा किन त्यसरी फन्केकी हो। त्यसैले विष्णु र साथी दुवैलाई लिएर उनी पनि कोठामा पस्छन् र मेचमा बस्ने इसारा गर्दै सुभद्रालाई चिया ल्याउन अड्याउँछन्।

एक छिन कोठाको वातावरण शान्त हुन्छ र शिवले कुरा उठाउँछन्,- "विष्णुजी, मैले तपाईलाई एक्ली पैसा लिएर आउनुहोस् किन भनें ? त्यसमा अनैठो मानिरहनु भएको होला। मलाई तपाईहरूसँग नै बसेर धेरै कुरा गर्नु थियो। बुझाउनु थियो। हामीलाई सरकारले तपाईहरूजस्ता व्यापारीलाई सेवा पुऱ्याएर देशको आर्थिक स्थितिमा सुधार ल्याउन र जनतालाई सुविधा पुऱ्याउन भनेर नै जागिरमा राखेका छन्। हाम्रा लागि तपाईहरूले केही पनि खर्च गर्नु पर्दैन। पालो मिच्याउने कामबाट र धेरै माल ल्याई धेरै देखाउन लगाई भन्सार महसुल घटाएर केही मात्रामा नाफा तपाईले गर्न सक्नुहोला तर त्यस्तो अनैतिक काम कतिसम्म गर्दै जानुहुन्छ ? गराउँदै जानुहुन्छ ? यसको लागि पनि आर्थिक भाग अझ बढ्दै जाला। त्यसबेला यसैको भारले तपाई अशान्त र असन्तुष्ट बाहेक केही हुन सक्नुहुन्न। लोभ लालचमा फस्दै फसाउँदै बाहिरका दुनियाँलाई हँसाउने यस्तो काम छोड्नोस् र नीतिको व्यापार गर्न थाल्नोस् भनेर सम्झाइ बुझाई यस्ता कामबाट बच्ने र बचाउन हामी सबै लागौं भनेर यो बाटो निकालेका हौं।"

शीभा चिया लिएर आइपुग्छिन् र सबैलाई दिएर त्यहीं बस्छिन्। शिवको साथीले पनि यसमा कुरा थप्दै भन्छन् -"सुरु सुरुमा नयाँबाटो हिँड्दा केही अप्ठ्यारो पर्ला त्यसबेला आफ्नो विवेकको प्रयोग गरेर काम गर्नुपर्छ। हामीहरूको सहयोग पनि लिन सक्नुहुन्छ। देशमा नयाँ व्यवस्था बस्न लागेको बेलामा हामी सम्बन्धित पक्ष मिलेर केही गरेर देखाउँ भनेर नै तपाईको प्रस्ताव आउना साथ तपाईलाई यहाँ बोलाइका हौं।"

शिव -"तपाईको बारेमा हामीलाई सबै कुरा थाहा भइसकेको छ। अनैतिक कुरा छ भने बाबुआमा साथीभाइ स्वस्नी कसैको कुरामा लागेर गर्नुहुन्न। नैतिक भ्रष्टाचार नै सबै प्रकारको भ्रष्टाचारको बिउ हो। यस्तोबाट बचेर इमानदारी पूर्वक अडेर सक्नुभयो भने मात्र तपाईले आफ्नो अस्तित्व बचाउन सक्नुहुन्छ। होइन भने (अलि हाँसेर) उनीहरूको हातको औजार बनेर जीवन बिताउनु पर्नेछ। एउटा अर्थहीन मान्छे भएर बाँच्नु पर्नेछ।"

विष्णु ती दुवैको कुरालाई ध्यान दिएर सुनिरहन्छन्। धेरै कुरा ठीक लाग्छ पनि। आफ्नो विवशतालाई लिएर प्रश्न गर्न मन लागे पनि मनैमा दबाउँछन्। तर शिवले उनको मनको कुरा बुझे झैं गरी भन्छन्, - "त्यसो त भन्न सजिलो गर्न गाह्रो हुन्छ भन्ने उखानै छ। तपाईहरूका पनि आफ्नै प्रकृतिका विवशताहरू होलान्। त्यस्तो बेला आइपरेमा आफ्नो विवेकको प्रयोग गर्नुपर्छ भन्ने मात्र हाम्रो भनाई हो।

"धेरै कुरामा पण्डितयाई छट्यौं। नराम्रो नमान्नु होला। पैसाको प्रयोग गर्ने भनेको नीतिक साधन किन्नलाई मात्र हो मानव भावनालाई धरौटीमा लिएर उसको चरित्र नष्ट गर्नलाई होइन। यति कुरामा ध्यान पुऱ्याए पुग्छ। अ... तपाईले ल्याउनुभएको पैसा फिर्ता लगे हुन्छ तर त्यसको सदुपयोग राम्रो गर्नुहोला।"

फेरि टेलिफोनको टि.टि.टि. आवाज सुनिन्छ। शिव उठाउन जान्छन्। उताबाट बोल्ने व्यक्तिको स्वर चिन्ने भन्छन्, "ए तपाई बोल्नुभएको ?"

उताबाट -" ....."

शिव -"कुरा राम्रै भयो। धेरै कुरा बुझ्नुपर्ने छन्। शायद अबलाई त्यस्तो केही हुनेछ। तपाईका आउँदा दिनहरू राम्रो बितून्। अहिलेलाई टेलिफोन राखिदिन्छु" भन्दै टेलिफोन राखिदिन्छन्।

विष्णु जानलाई उठ्छन् र भन्छन्, - "तपाईहरूसँग आज भएका कुराहरू म बिर्सने छैन। आफ्नो अस्तित्व जोगाउने प्रयास गर्नेछु। तपाईहरू सबैलाई धन्यवाद।"

शिवको साथी- "यति पनि नरिसाएर हाम्रा कुराहरू सुनिदिनुभएकोमा हाम्रो पनि तपाईलाई धन्यवाद । (एकछिन अडेर) घरैमा रुपियाँ पुऱ्याउन आएका व्यक्तिलाई उन्दै सल्लाहको मारि थोकाएर पठाउँदै छौ, त्यसमा माफ गर्नुहोला ।"

शिव -"यो पनि नबिर्सनु होला, फेरि भ्रष्टाचार मा हात बढाउनुभयो भने या भ्रष्टाचारलाई बढाउन प्रोत्साहन गर्नुभयो भने हामी तपाईलाई छोड्ने छैनौं । आफ्नोलाई बुझ्न भएर जानोस् । तपाईको काम पर्सिसम्म भइसक्छ ।"

शिवको चेतावनीलाई स्वीकारेर विष्णु आफ्नो बाटो लाग्छन् । साथी पनि बिदा लिएर जान्छन् । सबै कुरा मौन भई सुनिरहेकी सुभद्रा शिवको छेउमा गएर बस्दै भन्छिन्, "कस्तो नाटक रच्न जानेको तपाईले त ? सबैलाई छक्काउनुसम्म छक्काउनुभयो । मैले तपाईको बारेमा के के मात्र सोचिनँ... छि ।" (अलि लाज मान्छिन्)

शिव -"लाजै मान्नुपर्ने गरी के सोच्थ्यौ त्यस्तो ? विवाह भएको यतिका वर्ष भएर पनि विश्वास गर्न सकिनौ ?"

सुभद्रा -"तपाईले पनि त ममा विश्वास गर्न नसकेर कुरा लुकाउनु भएको रहेछ नि । मुरुमा तपाईबाट नै भएको हो । मलाई के भन्नुहुन्छ ।"

शिव -"(हाँस्दै) मैले तिम्रो स्वभावमा विश्वास गरेकोले नै केही नभनेर तिम्रै जिम्मामा सबै सम्वाद बोल्न छोडिदिएको थिएँ । कुरा बुझ्नु छैन । यसै कराउँछयौ ।"

सुभद्रा -"हेर, कसरी कुरा घुमाउन जानेको ! जता पनि आफू नै ठीक । होइन तपाईको नाम शिव राख्नुको साटो चातुर किन नराख्नेको होला ?

(दुवै हाँस्छन्)

समाप्त

डेंगु रोगको रोकथामका उपायहरू

नेपालमा डेंगी रोग हालसम्म देखा परेको छैन । यो रोगका विषाणुहरू (भाइरसहरू) सङ्क्रमित एडिस नामक्षुद्रले टोकेमा रोग लाग्न सक्दछ । यो रोगबाट बच्न निम्न उपायहरू अपनाउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

बच्ने उपायहरू :

- घर वरिपरि सफा र सुथर राख्नुहोस् ।
- पानी सञ्चित गर्न प्रयोग गरिने भाँडाहरू लामखुट्टे फुल पार्न नसक्ने गरी ढाकेर राख्ने गर्नुहोस् ।
- Air Condition र Cooler मा पानी जम्मा हुन नदिनुहोस् ।
- गाडी र मोटरसाइकल मर्मत गर्ने वर्कशप छेउछाउ पुराना टायर र खाली डिब्बाहरू नराख्नुहोस् ।
- घर वरिपरिका पानी जम्ने खाडलहरू पुर्ने गर्नुहोस् ।
- पानी ट्याङ्कीहरूमा लामखुट्टे प्रवेश गर्न नदिने उपाय गर्नुहोस् ।
- फुल रोपेका गमलाहरूमा पानी जम्न नदिनुहोस् ।
- शरीर पूरै छोपिने गरी पैन्ट र लामो बाहुला भएको कपडा लगाउनुहोस् ।
- घरको भ्यान्ल ढोकामा जाली लगाउनुहोस् ।
- सुत्दा मसैद झुलको प्रयोग गर्नुहोस् ।
- घर बाहिर बसेर कुराकानी गर्दा लामखुट्टे धपाउने धुप बालेर बस्ने गर्नुहोस् ।

कुनै व्यक्तिलाई उच्च ज्वरो आएमा वा आँखाको पेटी वा टाउको असाध्य दुखेमा वा नाकबाट रगत आएमा डेंगी रोग लागेको हुन सक्छ, त्यसैले ज्वरो आउनुभाए नजिकको स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्क राख्नुहोस् ।

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
टेकु, काठमाडौं

पनि झिम्कन दिँदैन एकछोको मकै लगिहाल्छ, अनि डाँठमात्र केलाई राख्नु ?' उसले भनेको थियो । तर साहुलाई कसरी-कसरी राङ्का पस्न गायो । सायद कसैले कुरो लगाइदिएका थिए ।

अनि लाहुरेले बाँदरको चियो गर्ने र साहुले लाहुरेको चियो गर्ने स्थिति उत्पन्न भएको थियो ।

लाहुरे नाम मात्रको लाहुरे थियो । लाहुर गएर फर्कंदासमेत फुटेकौडी लिएर आउन नसकेको देखेपछि स्वास्नी चारजना छोराछारी चटकै छोडिदिएर हिँडेकी थिई । भन्नेले जे पनि भन्न सक्छन् तर माईली कहाँ गई कसैलाई थाहा थिएन । अनि त घरको झुप्रो र सागबारीबाहेक केही नभएको माईलो आर्थिक मारमा नरामोसँग दोधियो ।

अनि ऊ साहुको खेतिपाती र गाईवस्तु हेर्ने गोठालोको जागिरे हुनपुगेको थियो । राति सुत्नका निम्ति ऊ तल्लो खाल्डामा रहेको आफ्नो घरमा जान्थ्यो र आफ्ना नानीहरूसँग भेट गर्थ्यो । ऊ आफू साहुकहाँ नै खान्थ्यो तापनि नानीहरूलाई खाना पुऱ्याउन उसको निम्ति आपत हुन्थ्यो । जेठीछोरी अरूको मेलामा गएर निमेक गरी ल्याउन सक्ने नभएकी भए तिनीहरू भोकै मर्ने भन्न सकिन्छ । तर गाउँमा सधैंकाम भए पो । त्यसमाथि एक जनाले ल्याएको निमेकले चारजना बाँच्नुपर्थ्यो । लाहुरे माईलाले पनि साहुकहाँबाट वर्षको बाह्र सय रुपियाँ ल्याउँथ्यो, तर त्यो वर्षदिनको निम्ति लुगाफाटो र नुनतेल पुऱ्याउनसमेत पर्याप्त हुँदैनथ्यो ।

अँ.... । साहुले आँगनमा सारा मान्छे घुपारेका थिए र एउटा घोप्ट्याइएको डोकोको पिँधमाथि लाहुरेमाइलालाई राखेका थिए ।

'ल खा, ल खा, ल चोर, ल चोर', उनले माईलाका दुई गालामा पालैपालो चार थप्पड हाने र उसलाई धाँकाइदिए । माईलो आवाज निकालेर रुन त सकेन तर ऊ भयानक किसिमले आतङ्कित भएको थियो । तँ यहाँ अब तेरो चोर पुतुनो नदेखा ॥ साहु राता आँखा गरेर भयानक आवाजमा चिच्याए । यो आवाज लाहुरे माईलाको कानबाट उसका सम्पूर्ण इन्द्रियहरूमा धकिँदै गयो र उसको थाहै नपाइकन दिसा-पिसाब चुहिन थाल्यो आँगनबाट धारो लगाउँदै डहरै डहर ऊ तल ओर्ल्यो । उपल्लो खोल्सामा आइपुग्दा उसको होस फर्कन सुरु गऱ्यो र आफूले दिसा-पिसाब गरेको थाहा पायो ।

खोल्साको पानीले कपडा र गोडाहरू सफा गरेर फेरि ऊ तल आर्लिरहेको थियो ।

'साहुकहाँ गएर आयौ ?' ए माईलाबा, के जरिमाना तोके ?' उकालो चढ्दै गरेका गाईसाहु कान्छाको आवाज उसले सुन्यो र नसुनेझैं गरी हिँड्यो ।

ऊ चरम अपमान अनुभव गरिरहेको थियो । 'गरिब भएपछि मर्नु सबैभन्दा राम्रो बाटो रैछ', उसले मनमनै भन्यो - ' जे सुकै होस्, चोर्नुअस्तो घिनलाग्दो काम केही रहेनछ, अब चोर्नु वा मर्नुमध्ये एउटा रोज्नुपर्ने भएमा म दोस्रोलाई राज्नेछु ।'

ऊ अर्धरोसमा आफ्नो आँगनमा आइपुगेको रहेछ । मध्यदिउँसोको घाम ढलिसकेको थियो । आँगनमा जेठी छोरी सानो ताउलीमा केही उमालिरहेकी थिई । अरू तीनजना भुराहरू हातखुट्टामा झार मलिरहेका थिए र आच्छु-आच्छु गरिरहेका थिए ।

ऊ तिनीहरूको नजिकै पुग्यो तर केही बेलेन । तिनीहरू किन आँगनमा आगो फुकिरहेछन् ऊ केही बुझिरहेको थिएन ।

'राति पानीको आहास जम्मा भएको अँगेनु अहिलेसम्म चिसै छ ।' जेठी छोरीले भनी ।

'हाम्लाई कथ्यो छिस्नो बिर्केको', बीली नफुटेको कान्छो फुच्चेले हातका फोराहरू देखाएर भन्यो ।

'कसरी ?' ऊ अहिले बोल्यो ।

'दिदीले हामीलाई सिस्नो टिप्न पठाएकी थिई', कान्छी छोरीले भनी ।

तिनीहरू पसिना काढिरहेका थिए र सिस्नो बिर्केका ठाउँमा पाती मलिरहेका थिए । तिनका ओठहरू नीला थिए र भोकले सुकेका थिए ।

कथा

मकैचोर

➤ डा. दीनबन्धु शर्मा

ऊ आफ्ना गोडाहरूलाई कान्नैकान्ला ओरालिरहेको थियो । अग्ला, दुब्ला र फुस्रा बुट्टाहरू नातागतीको सानो कम्पनसंग धर्ती टेकिरहेको थयो ।

सधै झैं अहिले ऊ गाउँलाई उत्तर दक्षिणतिर गरी दुईतिर बाँड्ने तेर्छाबाटो सकेर ठाडोबाटोहुँदै तल्लो खाल्डोमा रहेको आफ्नो गाउँसम्म पुग्ने आँटको थियो । खेतमा पाकिसकेर पनि बारीमा मकै पाकिसकेका थिएनन् । कालीगण्डकीको पारिपट्टि सुलीकोटको डाडदेखि पाङ्ग्राङ, कर्नास र बाच्छासम्मका फाँटहरू बीचबीचबाट मकैका डाँठहरूसमेत काटिएको खालीठाउँ देखिन्थ्यो । बाँकी रहेको मकैका धानचामल र त्यसका डाँठहरू पनि राता-फुस्रा थिए । त्यहाँदेखि सुलिकोटसम्मको ठाडो भिरालो पोतिएको बर्खाको हरियो रङ आनन्ददायी थियो । गैह्राघरतिरबाट ओर्लंदा पश्चिमतिरको घाम छेल्किन्थ्यो र अस्ताएको भान हुन्थ्यो । तर पहाडका कान्लाहरूले नछेकिएकर नजिकैका बारीका गराहरूमा अझै पनि असारको घाम पुताइरहेको थियो ।

'त्यो पहारासम्म उक्लन सकेको भए दुई भारी घास निकाल्न सकिन्थ्यो', उसले बाटाको देब्रेतिर भोलांको भयाङ फैलिएको पहरोलाई देखेर मनमनै भन्यो । जग्गाधनीहरू आफूले काट्न नसकेर बाँकी रहेको पहराको घास काट्नुलाई समेत चोरी गरेको बात लगाउन बाँकी राख्दैनन् । तिनीहरू त्यस्तो घास पनि अघिया कटाउन चाहन्छन् । त्यहाँबाट खस्यो भने मान्छे हड्डीको सानो चपेरोसम्म भेटिँदैन । तर धनीहरू गरिबको ज्यानको कुनै भाउ नै छैन भन्ठान्छन् ।

'म अरूको अघिमा विश्वास गर्न मान्छे होइन, त्यस्तो भएको भए तँसाई म सात दिन अगाडि नै कबाही गर्न सक्थें', साहुले कराएर भने 'के म नभएको कुरा गर्छु ?'

साहुको आँगनमा धेरै मान्छेहरू जम्मा भइसकेका थिए । आँगनबाहेक नामी पिँडीमा, धन्सारको कौसीमा र । शीतलपाटीमा समेत मान्छेहरू टनन भरिएका थिए । गाउँभरिका केटाकेटीका निम्ति रमाइलो दृश्य तयार भएको थियो ।

अभियुक्त ऊ अर्थात् लाहुरे माइलो उँधोमन्टो गरेर बसिरहेको थियो । आफ्नै आँखाले देखें भन्ने साहुको भनाइ प्रतिकार गर्न उसले सकेन ।

'अब यस्तो पाकेको बाली पनि चोरी हुन थालेपछि कसरी बस्न हुन्छ हामीलाई यो गाउँमा ?' सिरानधरे माइलाले साहुको अनुहारमा हेर्‍यो र भन्यो -'चोरले चोरें त कहाँ भन्छ र ?'

'मकै त हाम्रा पनि हराएका छन् है !' थोरपाटे साहिँलालो नाकका पोराहरू फुलाएर भन्यो । केही वर्षअगाडिसम्म त्यसलाई गाउँलेहरू घासचोर भनेर चिन्दथे तापनि अहिले त्यसको अनुहार साधुको जस्तो देखिन्थ्यो ।

गाउँका सबै चोरहरू साधु बनेर लाहुरे माइलालाई ठूलोभन्दा ठूलो दण्ड दिलाउने र साहुलाई खुसी पार्ने भरमग्दुर चेष्टा गरिरहेका थिए ।

लाहुरे माइलो साहुकै घरको गोठालो थियो ।

वास्तवमा भएको के थियो भने लाहुरे माइलो बाँदर धपाउन साहुकै खेतको छेउमा बस्ता त्यसै खेतबाट मकै चोरी भएका थिए । आजभन्दा भोलि र भोलिभन्दा पर्सि खेतको मकै पातलिँदै गएको थियो ।

'मकै त केही पनि छैन, के भएको हो ?' साहुकी श्रीमतीले अस्तिमात्र उसैसंग सोधेकी थिइन् ।

'म यहीं छेउमै घास काटिरहेको छु, डेड्को बथान कतिखेर पस्यो थाहै पाइन, अँखा

राष्ट्रिय गान

➤ अर्जुन विरक्ति 'स्तोत्रीय'

नेपाल सर्वधर्म प्राचीन भेष जाति ।
छौं जातमा अनेक संस्कृति आदि साथी ॥

वैदिक, बौद्ध, इसाई,- यहुदि शिन्तो जैन ।
बहाइ, ताओ, इस्लाम, शिख: हिन्दु धर्म ॥

जरथुस्ती, कन्फ्युसियस, यी विश्वशान्तगामी ।
यो देश कल्पवृक्ष, हांगा अनेक हामी ॥

अशान्त नाश गर्ने, आदर्श पावन साधक ।
चन्द्र र सूर्य हाम्रा कल्याण प्रेम दायक ॥

बाह्मीलिपि, काठमाडौं नेपाल

(प्रस्तावित राष्ट्रियगानका निमित्त पटक पटक गरी पठाइएका २६वटा गानमध्येको एक राष्ट्रियगान - सम्पादक)

गजल

➤ राजेन्द्र थापा

खराबबाट खराबैतिर–लम्केजस्तो छ जिन्दगी
बरदानबाट सराप्तैतिर–तन्केजस्तो छ जिन्दगी ।

साथको मन पम्पी पम्पी–चुँडिँदै भारपो देखियो
आफ्नै जालमले निच कसै–टन्केजस्तो छ जिन्दगी ।

सबैसम्म खोप पोप त–चाँकिँ थालेर भेटेछ
भिँबै भिँबै सड्कोर घाउ भै–टन्के जस्तो छ जिन्दगी ।

जसरी नि कुरो मिलाउनै पर्ने–भन्दा भन्दै पनि
भीरै खोजी हिँडेको देखा त–लम्केजस्तो छ जिन्दगी ।

(गजलकार नेपाली सेनाका विशिष्ट अधिकृत हुनुहुन्छ - सम्पादक)

अध्यात्म गीत

➤ अच्युतप्रसाद पौडेल 'चिन्तन'

जीवन भन्नु महाभारत पस्टाएर हेर्दा
'सहना भवतु सहनौ भुनक्तु' उपनिषद् कोर्दा
मानवका शत्रु रैछन् तेह्रवटा मूल
दुःखका त कारण बनी गर्दा रैछन् भुल
क्रोध एउटा ईर्ष्या अर्को वासना चाहिँ तेस्रो
शोक, मोह, तृष्णा अनि जीवन पार्ने फोस्रो
घमण्ड र लोभ अनि पर निन्दा सातौं
क्रुरता र भय अनि छिद्रान्वेषण दसौं
नृशंसता कठोर कार्य परद्वेष तेह्र
मानव उजो यिनैमा नै खर्च हुने ठेर

क्रोध आवेग तनावले रक्तचाप हुने
ईर्ष्या द्वेष कलहले मनोरोग हुने
आधि व्याधि जरा बुढ्याई सबै हाम्रा शत्रु
दया अनि क्षमाभावले तिनै बन्ने मित्रु
क्रोधको स्रोत लोभ रैछ परद्वेषले बढ्ने
आसक्तिसाई छोडिँदिंदा लोभ आफै घट्ने
वासनाको स्रोत इच्छा चाहनाको अति
मेचन छोड्दा घट्दैजाने आफै मानी क्षती
मोहको स्रोत अज्ञान हो ढाक्ने ज्ञानको पर्दा
बरिपरि भुँडु बस्छन् आत्मज्ञान हट्दा ॥

* * *

लेख

रानी जगदम्बा र मदन पुरस्कार गुठी

➤ डा. तुलसी भट्टराई

पुरस्कार - कुनै काम गर्ने व्यक्तिलाई राम्रो काम गरेकोमा प्रशंसास्वरूप दिइने इनाम । राम्रो काम गर्नेलाई प्रोत्साहनका लागि दिइने पारितोषिक/सम्मान/ ....। यसरी पुरस्कार शब्दको अर्थ आजभन्दा व्यापक र अर्थपूर्ण छ। नेपाली वाङ्मयको उत्थानमा समर्पित विशिष्ट साधकहरूको सम्मानमा प्रतिवर्ष प्रदान गरिने एउटा विशिष्ट पुरस्कार र पुरस्कार गुठी स्थापना गर्ने अद्वितीय व्यक्तित्वका बारेमा संक्षिप्त चर्चा गर्नु यस आलेखको उद्देश्य हो ।

- यद्यपि विशिष्ट स्रष्टाहरू पुरस्कारसँग सरोकार राख्दैनन् । स्रष्टाहरू आफ्ना स्रोत साधनमा सीमित रहेर असीमित वाङ्मयको सिर्जनामा समर्पित रहने गर्छन् । तर पनि यदि स्रष्टाले उपर्युक्त सम्मान वा पुरस्कार पाउन सकेको खण्डमा निश्चय नै सिर्जनाको निम्ति मुआवसर पार्दछ। त्यसकारण पुरस्कारको महत्त्व रहन्छ ।
- अन्तराष्ट्रिय जगत्को नोबेल पुरस्कारको इतिहास सय वर्षभन्दा माथि पुगिसकेको छ। यो प्रङ्ग छुट्टै हो । स्वर्ण महोत्सव मनाउने तयारीमा जुटेको , आधा शताब्दी पार गरेको हाम्रो मदन पुरस्कारको पनि आफ्नै विशेषता छ । नेपालका पुरस्कारहरू मध्ये जेठो र निरन्तर विस्तारित हुँदैगएको 'मदन पुरस्कार' अहिले पनि नीर्ने स्थानमा छ। यस्तो विशिष्ट पुरस्कार स्थापना गर्ने व्यक्तित्व र पुरस्कार गुठीको चर्चा गर्नु उपयुक्त र सान्दर्भिक हुनेछ ।

"जसको मान र मोह नष्ट भएको छ, आसक्तिरूपी दोषलाई जसले जितेको छ, परोपकार र अध्यात्मतिर मात्र दिलाम छ, [illegible] नष्ट [illegible] छन् - त्यस्ता सुखदुःखरूपी द्वन्द्वबाट मुक्त भएका ज्ञानीजनहरूले अविनाशी परमपद प्राप्त गर्दछन् ।"

गीताको यी भनाई संसारमा अति थोरै व्यक्तिमा मात्र सार्थक भएको देखिन्छ । यस पृथ्वीका समस्त वस्तुहरू विनाशशील छन्। मानिसको जीवन पनि अन्य प्राणी वा वस्तुसमान क्षणिक हुन्छ । धन सम्पदा, भोग-विलास, परिवार, माया मोह सबै क्षणिक छन् । तर एउटै चीज चिरस्थायी हुन्छ त्यो हो - कीर्ति । कीर्ति सुयश राख्नेर जाने व्यक्ति सदा अमर रहन्छ - 'कीर्तिर्यस्य स जीवति ।'

प्रसस्त सम्पत्ति र क्षमता भएर पनि समाजसेवा र परोपकार निम्ति जीवन अर्पित गर्ने र सत्कार्यमा आफ्नो सम्पत्ति लगाउने व्यक्तिहरू बढ्दै कम हुन्छन् । समाजसेवी केही पुरुषहरूको नाम त लिन सकिन्छ तर स्त्रीहरूको नाम पाउन झन् गाह्रो छ । एक त पुरुषप्रधान समाजमा स्त्रीहरूको ज्ञानबाट कुनै पुरुषले परोपकारका कामहरू गरेको भए पनि त्यहाँ स्त्रीको नाम राखिएको हुँदैन - पुरुषकै नाम चल्दछ । त्यसमा पनि विभिन्न सामाजिक परिस्थिति र कतिपय कारणबाट स्त्रीहरूको भूमिका नगण्य रहेको हुन्छ । स्त्रीहरू-योषिता, पत्नी, भार्या, मानिनी, दारा, नारी आदिमा नै सीमित भएका हुन्छन्, सीमित पारिएका हुन्छन् । 'महिला' शब्द पनि चल्न सकेका हुँदैनन् । महिलाबाट अझ माथि उठेपछि 'देवी' बन्दछन् । वैदिक कालमा घोषा, अपाला, लोपामुद्रा, शची, गार्गी, मैत्रेयीहरू महिला बन्न सकेका थिए । पौराणिककालीन 'सीता' अझ माथि उठेर 'देवी' बन्न पुगिन् । नेपालपुत्री भृकुटी तिब्बत पुगेर नेपालको गौरव बढाउन समर्थ भएर आराध्यदेवीको स्थान प्राप्त गर्न सकेकी थिइन् । उनी आज पनि अमर छन् ।

कविता

कस्तो गीत गाउँ म ?

➤ राजनविक्रम थापा

हिमाल पनि हाँस्न छाड्यो पहाड रुन थाल्यो
शान्तिप्रिय यो देशमा सै के हुन थाल्यो
आफ्नो थलो छाडी अब सै कता पो जाउँ म ?
देश सिई रोइरहँदा कस्तो गीत गाउँ म ?

लालीगुराँस हाँसिरन्थे मेरो देशका पाखाभरी
बुद्ध मात्र घुमिरन्थे नेपालीका आँखाभरी
देश सारा भोकाउँदा कस्तो भोजन खाउँ म ?
बिरहमा देशै डुब्दा कस्तो गीत गाउँ म ?

वीरताको छवि पनि धमिलिँदै गएपछि
आफ्नै भाइ भाइ बीचमा काटमार भएपछि
कुन भाइको घाउ छोपी मलमपट्टी लाउँ म ?
देश सिई घाइते हुँदा कस्तो गीत गाउँ म ?

सुन फल्ने खेतबारी बाँझो भई रोपेपछि
आफैँदेखि डराएर देश छाडी गएपछि
चुहिएको घरको छानो कसो गरी छाउँ म ?
देश सिई बाँझो हुँदा कस्तो गीत गाउँ म ?

बालबालिका पढ्ने स्कूल सबै खाली भएपछि
सुन्दर सपना देख्ने आँखा आफैँ बन्द भएपछि
बिना आँखा शान्ति खोज्न कसरी पो जाउँ म ?
अन्धो बनी शान्तिको गीत कसो गरी गाउँ म ?

लघुकथा

वैकुण्ठको भाउ

➤ अनिमेष पाठक

खै किन हो ! मौनबहादुरलाई त एक रति मन थिएन, तर छयासीवर्ष हजुरबाले बारम्बार कर लाएपछि नाइनास्ति गर्न सकेन । अन्ततः सप्ताह लगाउने नै टुङ्गो भयो । तर त्यतिखेरसम्म शुभदिनको टुङ्गो थिएन । पछि त्यसको त टुङ्गो भयो, पण्डितको टुङ्गो भएन । जति बुझिल्याउँदा र खोजिहेर्दा पनि नाम कहलिएका पण्डितहरू बारिपारि अन्तै व्यस्त थिए। बाँकी रहेछन् एकजना वैकुण्ठप्रसाद ।

बुहारीकाण्ड घटाएका हुँदा वैकुण्ठप्रसादलाई बुहारीखण्डित पनि भनिन्थ्यो । यसरी उनी चरित्रहीन त छँदैथिए, बोलीचालीदेखि हरेक कामकुरामा समेत अप्रिय भएकाले उनलाई मन पराउने लगभग कोही थिएनन् । तर पनि के गर्नु, धर्म कमाएर वैकुण्ठप्राप्तिकालागि पुराण नलगाई धरै थिएन । चाहे त्यो वैकुण्ठप्रसादजस्ता पातकीले भनून् वा अरू नै कोही भुँडीवास काट्ने अशुद्ध उच्चारणका साथ फलाकून् ।

हजुरबाको गनगन र कचकच बढ्दै गएपछि मौनबहादुर, वैकुण्ठप्रसादकहाँ जानैपऱ्यो, गए । कुरो सुनेपछि पण्डितजीले हाँसिलो भएर भने, 'राखौं भो, म भनिदिउँला तेरो पुराण । मलाई केही दिनपछि, केही चाहिँदैन, सातदिनसम्म खान दिए पुग्छ । मैले अहिलेसम्म पुराण भनेर लाखौं कमाएँ र त पुगेन भने, तैंले देखास् त्यही आठदश हजार । त्यतिले मलाई के हुन्छ ?'

सिद्धिचरण मार्ग, ओखलढुङ्गा

जस्तो कर्म गरेको छ त्यस्तै नै फल मिल्दछ
खेतमा गहुँ रोपेर धान के गरि फल्दछ ?

ज्ञानले गुनले मत्रै मान्छे बन्दछ सुन्दर
हेर्नुहोस् हनुमान् हेड् जङ्गली हो नि बाँदर ।

ठूलाले गर्दछन् काम चरित्रहीन हुन्न त्यो
सयौं छन् गोपिनी साथ कृष्ण त्यो सर्वपूज्य भो ।

पारखी हातमा वीणा हजारौं धुन फाल्दछ
जगाउन सके आत्मा हजारौं ज्योति बाल्दछ ।

'तीतामीठा कुरा' बाट

कवि। 'जन्मेपछि प्रथम अध्यायको रूपमा सिकिने अनुराग हो -माया, चेतनाको विकाससँगै फस्टाउँदै जाने मनोयोग हो -माया, वायुको भूमिकाजस्तै संलग्नता। घनिष्टताको अभिन्न अङ्ग हो -माया।' जस्ता कविका कवितात्मक हरफहरूले प्रेमसम्बन्धी दार्शनिक चेत बोकेका छन्। कविका यी पङ्क्तिहरूमा प्रेमको गहिरो दर्शन र अर्थ निहित छ। उनी लेख्छन् - 'प्रेमको दर्शन भनेको सम्झौता, समझदारी र विश्वासको दोस्रो रूप हो।'

श्रीमती रत्ना राईद्वारा प्रकाशित प्रस्तुत कवितासङ्ग्रहमा प्रेमका बिम्बहरूको प्रभावपूर्ण प्रस्तुति भएको छ। अत्यन्त सरल शब्द-विन्यास, प्रेमको दार्शनिक अभिव्यक्ति, प्रेमपरक अनुभूतिको तीव्रता आदिले जय छाङ्छालाई प्रेमकविका रूपमा प्रस्तुत गरेको छ। एकै विषयमा लिखित कविताहरूले भिन्न स्वाद पस्कनुनाई कविको सफलताको रूपमा लिन सकिन्छ। समग्रमा 'छाङ्छाका प्रेम कविताहरू' तत्सम्बन्धी अनुभूतिको विशेष काव्य-कृति बन्न पुगेको छ।

३. **चमेली - चन्द :**

गणेशबहादुर खत्री नेपाली राजनीति र नेपाली साहित्यमा संगसंगै हिँड्न रुचाउने व्यक्तित्वको नाउँ हो। नेपाली राजनीतिमा लागेर पनि नेपाली साहित्य-सिर्जनामा समेत आफूलाई प्रवृत्त गराउने केही स्वनामधन्य व्यक्तित्वहरूको पङ्क्तिमा अभिन सफल खत्री समाजका विभिन्न क्षेत्रमा सक्रिय भूमिका निर्वाह गर्दै साहित्यिक सिर्जनामा समेत आफूलाई सक्रियरूपमा लगाई समाज(नाटक), मेरो कवितासङ्ग्रह (कवितासङ्ग्रह), निर्धाहरूको बल (बालकथासङ्ग्रह), दश धुँगा फूल (कथासङ्ग्रह) जस्ता कृतिहरू प्रकाशन गर्न समर्थ देखिएका छन् भने 'चमेली-चन्द' उनको पछिल्लो महाकाव्य कृति हो।

'चमेली-चन्द' नेपाली लोकजीवनमा आधारित सामाजिक पृष्ठभूमि बोकेको काव्य हो। मगरपुत्र चन्द र ब्राह्मणपुत्री चमेलीको प्रेमसम्बन्धलाई चित्रण गरिएको प्रस्तुत काव्यले सिन्धुपाल्चोकको घुम्थान गाउँको सेरोफेरोलाई अत्मसात् गरेको छ। बाल्यकाल पहाडी परिवेशमा बिताएका चमेली र चन्द अन्ततः बिछोड हुन्छन्। चन्द काठमाडौं पुग्छ र चमेली गाउँमै निराशापूर्ण जीवन बिताउँछे, अन्ततः चन्दको वियोगमा चमेली बिरामी हुन्छे। उता सहरमा चन्द दुर्घटनामा पर्छ। अन्ततः चमेलीको स्मरणमा औषधि सेवन गर्न नमानी जीवन अन्त्य गर्छ भने गाउँमा चन्द्रको सम्झनामा विवश चमेलीले पनि प्राणत्याग गर्छे। प्रस्तुत कथावस्तुमा आधारित 'चमेली-चन्द' नेपाली मौलिक भ्याउरे छन्दमा रचित काव्य हो। उपसंहार खण्ड छोडेर बाह्रौं सर्गमा पूर्ण भएको प्रस्तुत कृतिलाई कृतिका भूमिकाकार दैवशराज न्यौपानेले उपमहाकाव्यको संज्ञा दिनुले 'चमेली-चन्द'को कृतिगत मूल्यलाई स्पष्ट पार्दछ।

नेपालको प्राकृतिक सुन्दरताको चित्रण र नेपाली जनजीवनको यथार्थ चित्रणले काव्यको महत्त्व बढेको अनुभूत गर्न सकिन्छ। शृङ्गाररस र करुणरस प्रस्तुत काव्यका प्रमुख रस हुन्। सरल भाषाशैली, स्वाभाविक नेपाली जनजीवन, परिष्कृत भाषाजस्ता तत्त्वहरूका कारण 'चमेली-चन्द' को काव्यिक गरिमालाई उच्च बनाएको छ। उन्तर्जातीय प्रेम र त्यसको विपरीत परिणामले नेपाली समाजमा व्याप्त जातीय अहङ्कारजन्य विषम सामाजिक परिवेशलाई चित्रण गरेको छ। राजनीतिक बन्दी जीवनका क्रममा कारागार भित्र रचना गरिएका प्रस्तुत काव्य-कृतिले नेपाली साहित्य भण्डारलाई समृद्ध तुल्याउने दिशामा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ भन्दा अत्युक्ति हुने छैन।

एकिकृत विकास केन्द्र नेपाल, काभ्रेद्वारा प्रकाशित प्रस्तुत कृतिमा प्रकाशन संस्थाका अध्यक्ष साहित्यकार हरि मञ्जुश्रीको प्रकाशकीय राखिएकोछ भने कृतिको दोस्रो संस्करणका बारेमा कविको अभिव्यक्तिलाई पनि समेटिएको छ। वि. सं. २०३७ सालमा प्रथमपटक प्रकाशित प्रस्तुत काव्य-कृतिले नेपाली समजमा विद्यमान असामाजिक परिवेशको परिवर्तनका निम्ति अप्रत्यक्ष सङ्केत गर्नु नै काव्यकार खत्रीको काव्य लेखनको प्राप्ति हो भन्न सकिन्छ।

* * *

यहाँ यस्तै एउटी विशिष्ट महिलासँग जोडिएको वाङ्मयिक यात्राबारे संक्षेपमा चर्चा गर्न खोजिएको छ।

चर्च्य नाम हो , अमररत्न - रानी जगदम्बा :

रानी जगदम्बा नेपाली वाङ्मय - साधकहरूका निम्ति परिचित नाम हो। रानी जगदम्बा नेपाली वाङ्मय संरक्षण एवं संवर्द्धनकी प्रतिमूर्ति हुन्। ___ र यथार्थमा नेपालकी रत्न हुन्। पति जनरल मदन सम्सेरको २०१० असारमा स्वर्गारोहण भएपछि रानी जगदम्बाले आफ्नो वैधव्य जीवनलाई समाजसेवातर्फ लगाउनुभयो। आफ्नो सम्पूर्ण सम्पत्ति विभिन्न समाजोपयोगी क्षेत्रमा समर्पित गरेर जीवन सार्थक पार्नुभएको छ। उहाँले नेपाली जगत्मा अमर कृतित्व दिएर जानुभएको छ।

उहाँका केही प्रमुख कृतित्वहरू

- **शैक्षिक पक्ष:** ललितपुरको पुल्चोकमा मदन मेमोरियल गर्ल्स हाइस्कुल (वर्तमान मदन स्मारक मा.वि.) को स्थापना र यसको सञ्चालनका निम्ति २६ रोपनी जमिन सहित दुईवटा भवन र रु. पाँच लाख प्रदान।
  - कलकत्ताको मेडिकल कलेजमा अनुदान दिएर प्रत्येक वर्ष दुई नेपाली सीटको व्यवस्था। यसको सञ्चालन मदन पुरस्कार गुठीका जिम्मामा रहेको छ। अहिलेसम्म करीब सयजना व्यक्ति डाक्टर बनेर नेपालका विभिन्न क्षेत्रमा कार्यरत छन्।
  - जगदम्बा कृषि कलेज एवं अनुसन्धान केन्द्र सञ्चालन गर्न पुल्चोकको श्रीमहल घर-जग्गा नेपाल सरकारलाई अनुदानस्वरुप दिनुभएको।
  - पाटन कलेजलाई पुल्चोकको पन्ध्र रोपनी जमिन प्रदान गर्नुभएको।
- **स्वास्थ्य सेवा तर्फ:** ललितपुरको आठराइमा जगदम्बा दातव्य औषधालयको स्थापना। कलकत्ताको चित्तरञ्जन क्यान्सर अस्पतालमा सासुश्रूका नामको ब्लक निर्माण।
- **सामाजिक पक्ष:** ललितपुरको संकान्तिमा मदन द्वारा, जगदम्बा अतिथि भवन र चौतारहरूको निर्माण एवं स्थापना। बनारसमा बालचन्द्र ट्रस्टको स्थापना।
- **विकास तर्फ:** पूर्व पश्चिम राजमार्ग निर्माणमा श्री ५ महेन्द्रको आह्वानमा रु. एक लाख प्रदान। सभा केन्द्रलाई ४० रोपनी र सभा थालायतलाई २२ रोपनी जमिन अनुदान।
- **धार्मिक पक्ष:** बदीनाथ, केदारनाथ, हरिद्वार, बनारस एवं रामेश्वर आदि स्थानहरूमा तीर्थयात्रीहरूको सुविधाका लागि धर्मशाला आदिको निर्माण। अन्य विभिन्न धार्मिक क्षेत्रमा योगदान।
- **मदन पुरस्कार गुठी** नेपाली भाषा - साहित्यसेवीहरूका निम्ति २०१२ साल महत्वपूर्ण वर्ष रहेको छ। पुरानो नेपाली भाषा प्रकाशिनी समितिबाट युगानुकूल भाषा- साहित्यको सेवा भएको भए तापनि वाङ्मय साधकहरूको समुचित मूल्याङ्कन गरी आर्थिक प्रोत्साहन दिने कुनै संस्थाहरू थिएनन्। यस्तै समयमा मदन पुरस्कार गुठीको स्थापना हुनु अभूतपूर्व कार्य थियो। "नेपाली वाङ्मयमा वर्षभरि प्रकाशित साहित्य वा साहित्येतर अन्य अनुसन्धानात्मक ग्रन्थहरू मध्ये सर्वोत्तम ठहरिएका ग्रन्थका लागि त्यसका ग्रन्थकारलाई मदन पुरस्कार दिँदिआएको...." गुठीद्वारा प्रकाशित पुस्तिकामा उल्लेख भएको वाक्यांशले नै आफ्नो उद्देश्य प्रष्ट पारेको छ। सम्माननीया रानीसाहेब जगदम्बा कुमारीबाट स्व. जनरल मदन समशेरका नाममा मदन पुरस्कार गुठीको स्थापना गर्ने निर्णय भएर २०१२ साल मङ्सीर २८ गते पञ्जीकरण समेत गराएपछि यति ठूलो पुरस्कार दिने जेठो संस्थाका रूपमा 'मदन पुरस्कार गुठी' जन्मियो। नेपालको नोबेल

पुरस्कार' मानिने 'मदन पुरस्कार' वर्षभरि प्रकाशित भएका कृतिहरूको निष्पक्ष मूल्याङ्कन गरी ती मध्ये सबैभन्दा उत्तम ठहरिएका ग्रन्थलेखकलाई दिइन्छ भन्ने जनविश्वास छ ।

प्रारम्भमा मदन पुरस्कार प्रतिवर्ष ४-४ हजारका चारवटा पुरस्कारका रूपमा राखिएको थियो । २०२५ देखि १०-१० हजारका दुईवटा बनाइयो । २०३३बाट रु २५ हजारको एउटा पुरस्कार बन्यो । २०४१-०४२को अवधिमा ३० हजारको भयो भने २०४३ मा ४० हजारको गराइयो । २०४४ बाट ५० हजारको नगद राशी र प्रशस्तिपत्र दिने व्यवस्था गरियो । २०५१ देखि प्रशस्तिपत्र र रु एक लाख नगद पुरस्कार दिन थालियो । अनि २०६२ देखि पुरस्कार रकम रु दुई लाख पारिएको छ ।

- मदन पुरस्कार स्थापना भएपछि २०१३ सालमा पहिलो साहित्यतर्फको पुरस्कार श्री सत्यमोहन जोशीलाई प्राप्त भयो भने श्री जोशीले २०१७ सालको सामाजिक शास्त्रतर्फको पुरस्कार प्राप्त गरे । त्यसैगरी उनले २०२७ सालको दर्शन-विज्ञान विषयमा संयुक्त रुपमा पुरस्कार पाएर तीनपटक 'मदन पुरस्कार' पाउने कीर्तिमानी पनि भए ।
- पुरस्कार प्रारम्भ - २०१३ देखि २०२४ को बाह्र वर्ष अवधिमा चार चार वटाका दरले ४८ वटा पुरस्कार वितरण हुनुपर्नेमा जम्मा २३ जनालाई मात्र प्रदान गरिएको छ। प्रतिवर्ष दिइने चारिवटा पुरस्कार २०२१ मा मात्र प्रदान गरिएको छ। स्थापना वर्षमा तीनवटा वितरण गरिए भने २०१६, ०१८, ०१९ र ०२२मा एक एक-वटा मात्र प्रदान गरिए । बाँकी ६ वर्षमा दुई दुई वटा वितरित भए ।
- २०२५ देखि २०३२ सम्म ८ वर्षमा १६ जनाले पुरस्कार पाउनुपर्नेमा २०२५मा दुई जनाले र २०२८मा संयुक्त रुपमा पाँचजनाले पाएका छन् । २०३१ मा कसैले पनि पाएन भने बाँकी पाँच वर्ष एक एक जनालाई मात्र दिइयो ।
- २०३३ देखि प्रतिवर्ष एउटा मात्र पुरस्कार दिने निर्णय गरिए पनि उक्त वर्ष कसैलाई दिइएन । त्यसपछि भने यो पुरस्कार प्रतिवर्ष प्रदान गरिँदैछ ।
- साहित्यतर्फ दिइएका पुरस्कारहरू मध्ये एक दर्जन कविता-काव्यका निम्ति, १५ वटा आख्यानका निम्ति, आधा दर्जन समालोचनाका लागि, चारवटा विज्ञानका निम्ति, एउटा नाटकका निम्ति र अन्य संस्कृति, इतिहास, भूगोल, दर्शन, भाषा आदिमा परेका छन् । अहिलेसम्म पाँच दर्जनभन्दा बढी कृति र व्यक्तिहरु, पुरस्कृत भइसकेका छन् ।
- २०४६को परिवर्तनपछि ०४६ र ०४९ का दुईवटा पुरस्कारहरू पूर्णकालिक राजनीतिक व्यक्तित्वहरू क्रमशः राजेश्वर देवकोटा र लोकेन्द्रबहादुर चन्दका कृतिहरूले पाएका छन् ।
- २०२५सालको साहित्य गद्यतर्फको पुरस्कार भारतीय मूलका नेपाली - पारसमणि प्रधानलाई दिइएको छ भने २०५१सालको पुरस्कार नेपाली भाषा कोशका लागि फादर विलियम बर्केले पाएका छन् । यसरी 'मदन पुरस्कार' राष्ट्रिय घेराबाट बाहिर पनि पुगेको छ ।

– मदन पुरस्कार घोषणा भएपछि प्रत्येक वर्ष प्रायः सकारात्मक - नकारात्मक दुवैखाले चर्चा हुने गरेको पाइन्छ । यस्तो चर्चा हुनु स्वभाविक पनि हो । दर्जनौं प्रकारका पुरस्कारहरू स्थापित भएका छन् नेपालमा । राम्रो - मोटो रकम भएका पुरस्कार गुठी पनि छन् । तर चर्चामा आउँदैनन् । पुरस्कार घोषणा हुन्छ, दिनेले दिन्छ, लिनेले लिन्छ । तर यस्ता पुरस्कार एक ठाउँबाट अर्को ठाउँ रकम सारेजस्तो मात्र हुनेगर्छ ।

दिवस बिर्सने तर शिवरात्री, होली, अप्रिल फूल, भ्यालेन्टायन डे र तिहारमा अवाञ्छित ढङ्गले रमाउने परम्परा मान्छेभित्रका अहम्, विरोधाभाषपूर्ण परि स्थिति, विदेशी च्यानलमा फेशन शो हेरेर 'नेपाली संस्कृतिको संरक्षणमा महिलाको भूमिका' विषयमा प्रवचन दिने संस्कारको उत्कर्ष, देशप्रेमको भावनाबाट विमुखताको स्थिति, सङ्घर्षपूर्ण जीवन, नेताको फगत् आश्वासन, मानवीय संवेदना गुमाएका अमानवीय प्राणी मान्छेको चरित्र, पुस्ता-अन्तरले ल्याएको अलमलजस्ता विविध विषय वा प्रसङ्गमा आएका अनेकन् लघुकथाहरू प्रभावकारी र समसामयिक विषयमा आधारित छन् ।

'पोष्टमार्टम' लघुकथासङ्ग्रहमा प्रस्तुत गरिएका रचनाहरूमा समाजमा व्याप्त विकृति-विसङ्गतिमात्र प्रकट छैन, तिनको प्रस्तुतिले समाज सुधारका निमित्त चेतनाको क्षितिज उघार्ने प्रयत्न गरेका छन् । रवीन्द्र समीर समुन्नत, शान्त र मानवीय भावनाले सम्पन्न समाजको अपेक्षा गर्दछन् । निराशा र विकृतिका ढङ्गुरभित्र कथाकार समीर आशा र सङ्गतिपूर्ण जीवनका अद्भुत चित्र कोर्न लालायित छन् । उनको कामना राष्ट्रिय भावना र नेपाली संस्कारले ओतप्रोत छ । अन्याय, अत्याचार, भ्रष्टाचार, कुसंस्कार, आयातीत संस्कृतिको अन्त्य लेखकको अभीष्ट हो ।

अत्यन्त सरल शब्दमा अभिव्यक्त लघुकथाहरूको बिम्बात्मक प्रस्तुतिले सम्प्रेषणमा प्रभावकारिता प्राप्त गरेका छन् । समाजको यथार्थ चित्रण, प्रभावोत्पादक अभिव्यञ्जना, सामयिक महत्त्वका विषयवस्तु, विषयवस्तुमा विविधता, शैलीमा मौलिकता र छरिएर कथाशिल्प कथाकार रवीन्द्र समीरका वैशिष्ट्य हुन् । समीरका कथाहरूमा तीव्र व्यङ्ग-चेत पाइन्छ भने शीर्षक-चयनमा अत्यन्त सचेत समीरका सुरुचिपूर्ण शिष्ट तर चोटिला लघुकथाहरूले नेपाली लघुकथाका क्षेत्रका एकजना आशालाग्दा र भरपर्दा प्रतिभाको उदयप्रति विश्वस्त हुन आधार दिएकाछन् । समग्रमा नेपाली जनजीवनका विकृति-विसङ्गतिको 'पोष्टमार्टम' गर्न रविन्द्र समीर कथाकारका रूपमा सफल देखिएका छन् । विज्ञान र साहित्यको अन्तरसम्बन्धलाई कथाकार समीरले थप पुष्टि गरेका छन् । अझ उन्नत कथाचरिताका लागि शुभकामना !

२. छाङ्छाका प्रेम कविताहरू :

जय छाङ्छा नेपाली साहित्यमा एक परिचित नाम हो । 'कङ्गारुको देशदेखि एफिल टावरसम्म' (२०५२), 'चाँप फुल्ने पहाड मुन्तिर' (२०५४), 'बादल रुँदाको जुरिच' (२०५९) जस्ता यात्रासंस्मरणका साथै 'अन द बैक अफ द पोटोम्याक' कवितासङ्ग्रह (२०५७) प्रकाशित गरिसकेका छाङ्छा पछिल्ला दिनमा 'छाङ्छाका प्रेम कविताहरू' (२०६२) शीर्षकको कवितासङ्ग्रह मार्फत् नेपाली साहित्य संसारमा पुनः झल्किएकछन् । सन् १९५५ मा पूर्वीनेपालको भोजपुरमा जन्मिएका छाङ्छा नेपाली साहित्यमा सागर नेपाल तथा विदेशी मुलुकबाट समेत सम्मानित र पुरस्कृत भएको तथ्य उनकै कृतिमार्फत् जानकारी पाइन्छ ।

प्रस्तुत सङ्ग्रहमा जम्मा ३५ वटा प्रेम विषयक कविताहरू सङ्कलित छन् । वस्तुतः जय छाङ्छाले व्यक्तिगत रूपमा अनुभूत गरेको प्रेममय विविध क्षणको एकमुष्ट अभिव्यक्ति हो - 'छाङ्छाका प्रेमकविताहरू' । प्रेम जीवन हो । प्रेमबिनाको संसार अपूर्ण र अँध्यारो हुन्छ । शाहजहाँले मुमताजको स्मरणमा संसारप्रसिद्ध प्रेमस्मारक ताजमहल बनाउन लगाए । प्रेममा अगाध शक्ति अन्तर्निहित हुन्छ । प्रेम आस्था हो, प्रेम विश्वास हो । जीवनलाई आस्था र विश्वासको भरमा अर्थपूर्णरूपले व्यतीत गर्न सकिन्छ । संसार यसकै जगमा अडिएकोछ । जुन क्षण मानिसका अन्तस्करणबाट प्रेमप्रतिको आस्था, विश्वास र समर्पण समाप्त हुन्छ, त्यसै क्षण मानव-जीवन पनि निस्सार बन्नेछ । प्रेम यस्तो तत्त्व हो, जसको प्राप्ति र अप्राप्ति दुवैले मानिसलाई विश्वास र आस्थाको अझ नजिक पुऱ्याइदिन्छ । छाङ्छाका प्रेम कविताहरूले सम्भवतः यिनै अभिव्यक्तिलाई आत्मासात् गर्दछन् । छाङ्छा प्रेमिकाको प्रेममा उत्साहित भएका छन् । उनीभित्रको व्याकुलता र भावुकता छताछुल्ल भएर पोखिएको छ कविताका हरफहरूमा । प्रेम आकर्षक हुन्छ । कविले प्रेमिकालाई अत्यन्त नजिक पाएका छन् । संसारमा अत्यन्त सुन्दर वस्तु केही छ भने त्यो प्रेम नै हो भनी ठाकुवा गर्दछन् - कविले । 'प्रेमले नै जीवनलाई बाँच्ने पूर्ण आधार दिन्छ' भन्छन्

समीक्षा

सिर्जनाका तीन थुँगा फूल

➤ यादव महराई

१. पोस्टमार्टम

वि.स. २०३० साल जेठ २५ गते गुल्मी जिल्लाको धुर्कोटमा जन्मेका र २०४९ सालदेखि नै लघुकथा लेखनका माध्यमबाट साहित्य यात्रामा प्रवेश गरेका रवीन्द्र समीर २०५३ सालमा प्रकाशित लघुकथासङ्ग्रह 'लेखो आँखाका' माध्यमबाट साहित्यिक कृति प्रकाशन-शृङ्खलामा आबद्ध हुन पुगेका प्रतिभासम्पन्न सिर्जनशील व्यक्तित्व हुन् । पेशाले चिकित्सक बनेका समीर वि.सं. २०५४ सालमा सम्पन्न राष्ट्रव्यापी लघुकथा प्रतियोगितामा प्रथम हुनुले उनको लघुकथा लेखनलाई अझ प्रेरित र प्रोत्साहित गरेको स्पष्ट हुन्छ । समय-समयमा विभिन्न पत्रपत्रिकामा लघुकथाहरू प्रकाशित हुनु र पाठक/लेखकहरूबाट प्राप्त सकारात्मक प्रतिक्रियाले र रवीन्द्र समीरभित्रको लघुकथाकार व्यक्तित्वलाई यस क्षेत्रमा लगनशील र इमान्दार भएर लाग्न र विभिन्न लघुकथाहरूमा सार्थकरूपमा प्रस्तुत हुन बलशाली भूमिका खेलेको कुरालाई नकार्न सकिँदैन । 'पोस्टमार्टम' (लघुकथासङ्ग्रह, २०६२) त्यसैको परिणति हो ।

वि. सं. २०५४ सालदेखि २०५७ सालसम्म विभिन्न पत्रपत्रिकामा प्रकाशित तथा केही अप्रकाशित लघुकथाहरू प्रस्तुत सङ्ग्रहमा सङ्कलन गरिएका छन् । सङ्ग्रहमा जम्मा ८४ वटा लघुकथाहरू समेटिएका छन् । समीरका लघुकथाहरू विषयवस्तुका दृष्टिकोणले प्रत्यक्षतः समाज र समाजमा घटेका घटनाक्रमहरूको सेरोफेरोमा केन्द्रित रहेका पाइन्छन् । अझ त्यसमा पनि नेपाली जनजीवनका विशृङ्खलित दृश्यावलीको झलक लघुकथाहरूमा व्यापक भएर सम्प्रेषित छन् । विगत सात दिनदेखि केही स्थान नपाएर भोकले मृत्यु वरण गरेको प्रसङ्गमा अनभिज्ञतावश शव-परीक्षण गरेको सन्दर्भ होस् वा रिढ्ठेले नशा-नशामा ज्याकेट, स्वीटर, गलबन्दी बोकेर घर फर्किंदाको दृश्य होस् दुवै कथाले गरिबीको पराकाष्ठालाई प्रस्तुत गर्न खोजेका छन् । यसैगरी अभावग्रस्त नेपाली समाजका अध्यवस्थित जनजीवनको झाँकी प्रस्तुत गर्ने कथाकारका कलमले मानिसको अमानवीय प्रवृत्तिलाई उदाङ्गो पारेको छ । गाउँ सहरको तुलनामा यथार्थ चित्रण गरिएको छ। गाउँ सरलता, आत्मीयता र निष्कपटताको प्रतीक हो भने सहर कपट, आडम्बर र भमको रूप हो भन्ने 'गाउँ र सहर' शीर्षकको लघुकथामा कथाकारको अनुभूति सम्प्रेष्य छ । नेपाली राष्ट्रियता लोपहुँदै जानु तर विदेशीले नेपाली संस्कारलाई आत्मासात् गर्न खोज्नु विडम्बना हो । भ्रष्टाचार समाजको भयङ्कर रोग हो । नेताहरू भ्रष्टाचारका माध्यम हुन् भन्दै मुलुकको दुर्गतिका निम्ति उनीहरू जिम्मेवार हुनुपर्छ भन्ने लेखकको आग्रह उचित देखिन्छ । कम्प्युटरको प्रयोगले मानिस बेरोजगार हुन्छन् भन्ने कथाकारको अभिव्यक्तिले भमको सिर्जना गर्न खोजेको प्रतीत हुन्छ । सक्काइसौं शताब्दीको वैज्ञानिक उपहार बनेको कम्प्युटरको प्रयोगले मानिसले आविष्कारको चरम भोग भोगिरहेको यथार्थप्रति सङ्केत गर्दै सन्देहको स्थितिमा 'चिन्ता' देखिएको छ। आजको समाजमा मान्छे मान्छेसँग नै त्रसित छ। ऊसँग धेरै अनुत्तरित प्रश्नहरू छन्। मान्छेका भित्री र बाहिरी अनुहार भिन्न छन् । कर्मको फल अवश्य प्राप्त हुनेमा कथाकार समीर दृढ छन् । चलमतीहरू आफ्नो वास्तविक उमेर बताउन चाहँदैनन् । 'राशिफल' आजभोलिका पत्रपत्रिकाका र टेलिभिजन च्यानलहरूमा प्रकाशित, प्रसारित राशिफलबारेमा व्यङ्ग कथा हो। 'मौलिक लेखन'ले प्रायोजित लेखनलाई झापड हानेको छ ।

प्रशासनिक ढिलासुस्ती र भ्रष्टाचारका बीचको अन्तरसम्बन्ध, समाजमा दाइजो-प्रथाको बढ्दो रूप, लागू पदार्थको दुर्व्यसन, जिन्दगीको अपरिभाषित परिभाषा, विश्वासको सङ्कट, अङ्ग्रेजीको मोह, वातावरणीय प्रदूषण, सहिद

- नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका पुरस्कारको पनि केही चर्चा हुनेगर्छ । प्रज्ञा पुरस्कार पाउन साधकहरू निकै लालायित पनि रहने गर्छन् । प्रज्ञा पुरस्कारको सन्दर्भ छुट्टै हो । नेपाली स्रष्टाहरूलाई दिइने पुरस्कारहरूमध्ये सबैभन्दा चर्चित पुरस्कार मदन पुरस्कार नै हो भन्दा अत्युक्ति हुनेछैन ।
- यस्तो हुनुमा पुरस्कार गुठीप्रतिको विश्वास, निस्वार्थ, इमान्दारीता र सही मूल्याङ्कनका आधारमा व्यक्तित्व र कृतित्व चयन गरिन्छ भन्ने भरोसा र आस्था पनि हो । जसलाई धेरै विश्वास र भरोसा गरिन्छ उसैप्रति गुनासो, धुकी र विरोध पनि धेरै हुनेगर्छ । प्रशंसा र विरोध दुवै कुरा समर्थ र सबलको मात्र गरिन्छ ।
- मदन पुरस्कार प्राप्त गरेका भीमनिधि तिवारी, गोपालप्रसाद रिमाल, पारसमणि प्रधान, भवानी भिक्षु, नयराज पन्त, दौलतविक्रम विष्ट, शरदचन्द्र शर्मा भट्टराईहरू दिवगत भइसकेका छन् । यी सबै स्रष्टाहरू आफ्नो क्षेत्रमा सुयोग्य र निर्विवाद व्यक्तित्व हुन् ।
- पुरस्कार पाउनेहरू प्रायः उपयुक्त व्यक्तित्व हुने गर्छन् भन्ने मान्यता र विश्वास कहिलेकाहीँ डगमगाउँछ । अनि चित्त नबुझ्नेहरू अधिकांश मौन, उदासीन रहने गर्छन् भने केहीले मुखर भएर पत्रपत्रिकाका माध्यमबाट विरोध जनाउने गर्छन् । विरोध हुनु, चर्चा हुनु र असन्तुष्टि प्रकट गर्नु भनेको नै पुरस्कारको महत्त्व हो । पुरस्कार घोषणा पछि चर्चा नै भएन भने पनि पुरस्कार प्रयोजनहीन ठहर्छ ।
- त्यसो त मदन पुरस्कार पाउनेमध्ये करीब एक दर्जन व्यक्तिका पुरस्कृत कृतिहरूका बारेमा मूल्याङ्कन गर्दा यिनीहरूलाई पुरस्कार किन दिइयो भन्ने प्रश्न आज पनि उठ्ने गरेको छ । यो छुट्टै प्रसङ्ग हो । यस्तो कहिलेकाहीँ हुँदैगर्छ ।

जगदम्बा श्री पुरस्कार

मदन पुरस्कार गुठीका संस्थापिका रानी जगदम्बाको निधनपछि गुठीले उहाँकै नामबाट प्रत्येक वर्ष एउटा पुरस्कार प्रदान गर्ने उद्देश्यले छुट्टै गुठीको स्थापना गऱ्यो । नेपाली वाङ्मयमा विशिष्ट योगदान पुऱ्याएका व्यक्ति वा संस्थालाई समग्र योगदानका आधारमा पुरस्कृत गर्ने भनेर स्थापना गरिएको यस पुरस्कारको नाम 'जगदम्बाश्री' पुरस्कार राखिएको छ। स्थापनाकाल २०४६ देखि २०६१ सम्म विभिन्न चौधजना व्यक्ति एवं दुईवटा संस्थाले उक्त पुरस्कार पाइसकेका छन्। यी मध्ये सिक्किमका नरबहादुर भण्डारी, बर्माका ठाकुरप्रसाद गुरागाई, दार्जिलिङका इन्द्रबहादुर राई, आसामको हरिप्रसाद गोर्खा राई समेत चारजना नेपाली मूलका विदेशी हुन् । यस्तै दुईवटा संस्थामध्ये एउटा नेपाली साहित्य सम्मेलन दार्जिलिङले पाएको छ । अर्को संस्था हो - नेपाली शिक्षा परिषद् । समग्रमा जगदम्बा श्री पुरस्कार विवादित भएको छैन । यसको व्यक्तित्व वा संस्था चयनप्रति गुनासो गरिएको पाइँदैन ।

मदन पुस्तकालय

मदन पुरस्कार गुठी स्थापना संगसंगै त्यसैबेला एउटा पुस्तकालय स्थापना गर्ने निर्णय भयो । यसको जग राख्ने काम कमल दीक्षितबाट नै भयो । जसअनुसार नेपाली वाङ्मयका समस्त कृति एवं पत्र पत्रिकालगायत नेपालीमा छापिने पर्चा पम्पलेट आदि समेत सङ्कलन गरी सुरक्षण गर्ने यस पुस्तकालयको उद्देश्य रहेको छ । यो पुस्तकालय स्थापना गर्न २०१३ सालमा रानी जगदम्बाबाट नगद तथा जिन्सी अनुदान प्राप्त भएको हो ।

गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितले आफूसँग भएका पुस्तकहरू प्रदान गरी जग हालेको भनिएको उक्त पुस्तकालयमा अहिलेसम्म पुगनपुग २२००० थान पुस्तकहरू र करिब ४२०० थरिका पत्रपत्रिकाहरू सङ्कलित भइसकेका छन् ।

नेपाली त्रैमासिक

मदन पुरस्कार गुठीबाट प्रकाशित हुने 'नेपाली त्रैमासिक' को छट्टै पहिचान बनिसकेको छ। पुरस्कार स्थापनापछि २०१६ बाट नियमित रुपमा प्रकाशित हुँदैआएको 'नेपाली' का १८३ अङ्क पुगिसकेका छन्। गुठीको मुखपत्र भए पनि यसमा प्रकाशित लेख रचनाहरू अनुसन्धानात्मक र खोजमूलक हुने गरेकाले सङ्ग्रहणीय छ।

- **अन्य पुरस्कारहरूको सञ्चालन** : यस गुठीले २०३१ देखि विद्या पुरस्कार र केदार पारितोषिकको पनि सञ्चालन गर्न थालेको छ। विद्यालय स्तरका प्रतिभाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले यी दुई पुरस्कारहरू स्थापित गरिएका हुन्।
- **विद्वतवृत्तिको स्थापना** : जुन वर्ष मदन पुरस्कार दिइँदैन त्यस वर्षको पुरस्कार-राशि गुठीमा सुरक्षित राखिन्छ। त्यस्तो धनराशिलाई सदुपयोग गर्न विद्वत्वृत्तिको व्यवस्था गरिएको छ। २०३१ र २०३३मा नदिइएको पुरस्कार राशि नै विद्वत्वृत्तिकोको आधार हो। यस अन्तर्गत चुडामणि बन्धु, राममणि रिसाल, कोमलप्रसाद सुवेदी, जयराज आचार्य, आदि विद्वान्हरूले विद्वत्वृत्ति लिएर अध्ययन गर्ने सुअवसर पाइसकेका छन्। यतिबेला भने त्यस्तो विद्वत्वृत्तिको व्यवस्था भएको देखिँदैन।
- **श्री ५ बाट कदर** : रानी जगदम्बाले राष्ट्रका निम्ति गर्नुभएको सुकार्यहरूका लागि श्री ५ महेन्द्रबाट २०१८ सालमा कदर पाउनुभएको थियो। जीवनमा आफूले पाएका मान - सम्मानहरूमध्ये २०१८ साल माघमा दर्शन भेटका अवसरमा श्री ५ महेन्द्रबाट हुकुम भएको थियो-'तिमीले सारै राम्रो सेवा गरेकी छौ, म तिम्रो कदर गर्छु।'
- **गुणानुदान पत्र** : रानी जगदम्बाले कृषिप्रधान मुलुकमा नै कृषि कलेज नहुनु दुर्भाग्य कुरा हो भन्ने ठानेर धेरै जग्गा जमिन सहित श्रीमहल प्रदान गर्नुभयो। कृषि क्षेत्रलाई प्राथमिकता दिन विशेष कार्यक्रम ल्याउने तात्कालीन प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाले रानी जगदम्बालाई गुणानुदान पत्र प्रदान गर्नुभएको थियो।

'श्री रानी जगदम्बा कुमारीबाट कृषि कलेज तथा अनुसन्धान केन्द्र खोल्न श्री ५को सरकारलाई श्री महल प्रदान गर्नुभई देशको कृषि विज्ञानको उन्नतिका लागि ठूलो योगदान गर्नुभएको छ। यो साँचै प्रशसनीय कार्य राष्ट्रप्रेमी सबै व्यक्तिहरुका लागि अनुकरणीय छ। म रानी जगदम्बाको उदारताका लागि धन्यवाद प्रदान गर्दछु।' २०१७ सालमा तत्कालीन प्रधानमन्त्री श्री विश्वेश्वरप्रसाद कोइरालाद्वारा प्रदान गरिएको गुणानुदान पत्रको विवरण।

- दोस्रो श्रेणीको प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु र प्रथम श्रेणीको सुप्रसिद्ध प्रबल गोरखा दक्षिणबाहुद्वारा विभूषित रानी जगदम्बा २०२० सालबाट निरन्तर राजसभाको सम्माननीय सदस्यमा मनोनीत हुनुहुन्थ्यो। वि.स १९७५ साल साउन गुरुपूर्णिमाका दिन जन्मिनुभएकी रानी जगदम्बाको २०४५ साल साउन २९ गते शनिवार स्वर्गारोहण भयो। भौतिक रुपमा उहाँको नश्वर देह नरहे पनि आफूसँग रहेकी चञ्चला लक्ष्मीलाई स्थिर अमर सरस्वतीका रूपमा परिणत गराउने रानी जगदम्बा नेपाली वाङ्मयसँगै सदा अमर रहनुहुनेछ।'

यसैगरी मदन पुरस्कार गुठीद्वारा सचालित मदन पुरस्कार, जगदम्बाश्री पुरस्कार र मदन पुरस्कार पुस्तकालय नेपाली वाङ्मय जगतका अमूल्य निधि हुन्। वाङ्मय साधक एवं सर्जकहरूका निम्ति प्रेरणाका श्रोत हुन्।

• • •

कविता

मोतीराम अहिले भएको भए...

➤ मधुसूदनप्रसाद घिमिरे

मोतीराम थिए कुनै बखतमा नेपालको सम्पति
तीसै वर्ष महाँ उनी बितिगए बेकिर्ति फिजाई अति।

लेखेथे उनले कथाहरू पनि नाटक र काव्यै कति
गद्यैमा कविता उतारी थिनले गुनु पो लगाए अति।

भक्तिपक्ष रसमा अरू रस थपी शृङ्गार गाँसी दिए
पिङ्कुत वक्ष्य पनि समाज विचमा अघेर छाडी दिए।

मोतीरामजीले त पञ्चक-प्रलम्ब लेखे र शाकुन्तला
लेखुभो त्रिपथगिम्ब र मनोज्ञा उनका कलमबाट कला।

साहित्य रसमा विधा थपि दिए रसले परिपूर्णकोले
जीवनबाट पथमा गल्ला भरिदिए माला सजाइनगो।

भानुभक्तजीले अति रचिदिए तिनको ती नाखो पनि
प्रदृयाई सबमा चिनाउन पुगे आदिकवि जीवनी।

मोतीबाट थमले र काव्य रसले भानु चिनिए जहाँ
मोतीले यदि खोज गर्न नसके भानु चिन्निथे कहाँ?

अल्पायु वयमा यिनी बितीगए धेरै जिएकोभए
भल्लन्थ्ये प्रतिबिम्ब कड चमकले के गर्नुनि गै गए।

भानुलाई चिनाई भानुप्रतिको आदर गरि पो उनी
मोतीराम भए दयालु र गुणी साहित्यका सिर्जनी।

साहित्य पथका सुधारक उनी हाम्रा विभूति पनि
सम्मौ है सबले विनीप्रति ठूलो श्रद्धा चढाउँ पनि।

मोतीराम यहाँ धेरै जिइरहे साहित्यको मोह पो
कस्ता रितुसित पो सुधार हुन्थ्ये मोती हरायो र पो।

कविता

मूर्तिले'नि आँसु झार्थे

➤ हेमन्तप्रसाद दाहाल

मैले रुँदा मूर्तिले'नि, तप्यतप्य आँसु झार्थे
मैले हाँस्दा आकाश पनि, तल तल झर्थे॥

एकै रथका दुई पाङ्ग्रा, धुरा टुटेपछि
रथ हाँक्ने सारथिले, बाटो भुलेपछि॥

मैले कोर्दा कागजमा, सागरले बुझ्थे
मैले बोल्दा यो धर्तीमा, चन्द्र सूर्य सुन्थे॥

मैले खोज्दा पर्वतले, मेरो व्यथा बुझ्थे
मैले हिँड्दा पवन पनि, बाटो छेडी हिँड्थे॥

एउटा आँखा बुद्ध मेरा, अर्को सगरमाथा
मैले गीत गाउँदाखेरी, देव परी झुम्थे॥

मैले टेक्ने डुङ्गा माटो, ईश्वरभै लाग्थ्यो
मैले फेर्ने स्वास पनि, ब्रह्माण्ड भै लाग्थ्यो॥

मेरो स्पर्श हुँदा कोही, तँछाडमछाड गर्थे
मेरो छायाँ देखे कोही, सबंतपानी बन्थे॥

काठमाडौं, जोरपाटी

तपाईंको नासो हासो चासो.....

तपाईंका आफन्तले संसारका कुनै पनि स्थानबाट पठाएको पैसा छिटो छरितो एवं विश्वसनीय ढङ्गबाट प्राप्त गर्ने देशका अधिकांश स्थानमा कार्यजालो भएको राष्ट्रिय वाणिज्य बैंकलाई सम्झनुहोस्। विस्तृत जानकारीको लागि यस बैंकको पायक पर्ने शाखा कार्यालयमा सम्पर्क राख्नुहोस्।

(विजया दशमी तथा दीपावली २०६३को उपलक्ष्यमा सम्पूर्ण नेपाली राजुभाइ दिदीबहिनीहरूमा शान्ति र समृद्धिको हार्दिक मङ्गलमय शुभकामना॥)

राष्ट्रिय वाणिज्य बैंक

..... तपाईंको आफ्नै बैंक

हुनुभएको रहेछ। तर चोट घातक भने रहेनछ। उपचारपछि झण्डै तीन हप्तामा हामी घर पर्कियौं। श्रीमान् निकै स्वस्थ हुनुभएकोले मन प्रसन्न थियो।

मैले घरमा आएर त्यस बिरालोको खाजी गरें। छिमेकीले भन्नुभयो बिरालो त छ तर पहिलाको स्थितिमा छैन। ऊ घरमा अहिंदिन बाहिर हिंडिरहन्छ। खान पनि मान्दैन।

मैले खोजें, बिरालो भेटियो। तर उसले मलाई चिनेन। कुनै प्रतिक्रिया पनि देखाएन। समातेर घरमा ल्याएं। ऊ बरर कम्यो अनि ढलिहाल्यो। मेरो अगाडिनै उसको प्राण गयो।

मलाई दुःखको साथै अधम्म पनि लाग्यो। मलाई छाड्दा उसले गरेका क्रियाकलाप सम्झेर झन् दुःख लाग्यो। नजिकै बारीको डीलमा पीपलको बोट मुनि बिरालाको शव गाड्ने व्यवस्था गरी भारी मनले कोठामा आएं। श्रीमान्लाई सबै कुरा बताएं। धेरै बेरसम्म हामी दुवै त्यै बिरालोको चर्चा गरिरह्यौं।

भोलिपल्ट अफिस गएर पनि बिरालोलाई बिर्सन सकिन। अफिसमा एक जना प्राविधिक लामाजी हुनुहुन्थ्यो। तन्त्रमन्त्रमा विश्वास गर्ने र केही झारफुक पनि गर्ने। सबै स्टाफले मलाई श्रीमान्ले स्वास्थलाभ गर्नुभएकोमा बधाई दिए। तर लामाजीले भने अकै कुरा भन्नुभयो। "मैडम! तपाईले भौतिक संसारदेखि टाढा वा भनौं अलक्षित अर्को रहस्यमय संसार पनि छ भन्ने विश्वास गर्नुहुन्छ?" मैले तत्काल उत्तर दिन सकिन। भनें - "केही रहस्यमय घटनाबारे त सुनेकी छु तर भौतिक विज्ञानले व्याख्या दिन नसकेको कुरामाथि त्यति ध्यान दिएकी छैन।"

लामाजीले भन्नुभयो - "के त्यो बिरालोको रहस्यमय मृत्यु र क्रियाकलापबारे पनि तपाईले विचार गर्नुभएन? तपाईलाई थाहा छ, त्यो बिरालो तपाईको हितचिन्तक मित्र थियो। उसले तपाईलाई दुःखको छायाबाट जोगाउन तपाईको श्रीमान्को मृत्यु आफैले ओढ्यो। बहाको साटो ऊ आफै मरेर गयो।"

म झसङ्ग भएं। केही दिन भए पनि साथ बस्ने इच्छाले नै बिरालोले मेरो बाटो छेकेको, कोठाभित्र लुकेको कुरा हो त? के त्यो सबै त्यस रहस्यमय संसारकै तारतम्य थियो त? के उसले मेरो श्रीमान्को आसन्न कालसाई स्वयं वरण गरेको हो त? मेरो मस्तिष्कले विश्वास गरेन। तर मनको कुनै कुनामा त्यस घटनाको रहस्यबारे प्रश्नचिन्ह रहीनै रह्यो। आज पनि लामाजीको शब्द कानमा गुन्जिन्छ "बिरालोले काल आफैले ओढ्यो।"

* * *

विजयादशमी तथा शुभ-दीपावली २०६३ को उपलक्ष्यमा
हाम्रा समस्त ग्राहक तथा शुभेच्छुक महानुभावहरूमा
सुख, शान्ति तथा समृद्धिकालागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।

गुणस्तरीय चिनी उत्पादन - हाम्रो प्रतिबद्धता!

इस्टर्न सुगर मिल्स लिमिटेड
गोल्छाहाउस, गणबहाल
काठमाडौं

कविता

मैले लाज नमानी भन्नुपर्‍यो

➤ पुण्यप्रसाद आचार्य 'बाछिटा'

दशैंदेखि तिहार सम्मको वार्तामा यौटा कविता लेखें
तर मेरो त्यो कवितामा वार्ता अटाएन
वार्ता तिहार पछाडि सर्‍यो
मैले लाज नमानी भन्नुपर्‍यो।

यू.एन.ओ. सुरक्षा परीषद्को यौटा कविता लेखें
तर मेरो त्यो कवितामा नेपाल अटाएन
चुनावको परिणाम इण्डोनेशियातिर सर्‍यो
मैले लाजै नमानी भन्नुपर्‍यो।

२०६३ सालमा संविधान सभाको यौटा विता लेखें
तर मेरो त्यो कवितामा संविधान सभा अटाएन
संविधान सभा ६४ सालतिर सर्‍यो
मैले लाजै नमानी भन्नुपर्‍यो।

मैले विवक लुईटेलको यौटा कविता लेखें
तर मेरो त्यो कवितामा विवेक अटाएन
ऊ चाबहिलमा दर्दनाक पाराले मर्‍यो
मैले लाजै नमानी भन्नुपर्‍यो।

मैले भूटानी शरणार्थीलाई भुटानको यौटा कविता लेखें
तर मेरो कवितामा भूटान अटाएन
त्यो त अमेरिकातिर पो सर्‍यो
मैले लाजै नमानी भन्नुपर्‍यो।

मैले लोकतान्त्रिक गणतन्त्रको यौटा कविता लेखें
तर मेरो कवितामा गणतन्त्र अटाएन
त्यसले त मैमाथि छल गर्‍यो
मैले लाजै नमानी भन्नु पर्‍यो।

मैले विशुद्ध नेपाली राजनीतिको यौटा कविता लेखें
तर मेरो कवितामा राजनीति अटाएन
त्यो त मोरिआर्टिको रिमोट कन्ट्रोलमा पर्‍यो
मैले लाजै नमानी भन्नुपर्‍यो।

मैले गुणस्तरीय शिक्षाको यौटा कविता लेखें
तर मेरो त्यो कवितामा शिक्षा अटाएन
बरू हात पसारेर माग्नुपर्ने भिक्षातिर पर्‍यो
मैले लाजै नमानी भन्नुपर्‍यो।

मैले सुरिला लोकगीतहरूको यौटा कविता लेखें
तर मेरो त्यो कवितामा लोकगीत अटाएन
चिर्याई चिर्याई गाउनुपर्ने पप र र्‍यापतिर सर्‍यो
मैले लाजै नमानी भन्नुपर्‍यो।

मैले देशभक्तिको पनि यौटा कविता लेखें
तर मेरो त्यो कवितामा देशभक्ति अटाएन
त्यो पनि जापान र यू.एस.ए. तिर सर्‍यो
मैले लाजै नमानी भन्नुपर्‍यो।

* * *

दिन्छिन् प्रकृति आफैले पृथिवीमा सधैं भरि
पृथ्वीका जनले यस्तै दिएका छन् धरी धरी।

दुख गर्दछ यौटाले अर्कैले फल भोग्दछ
धुपाछ्ड मह मौरीले चाका काड्दछ मानव।

निजी स्वभाव जाँदैन रहेकै हुन्छ वस्तुको
शीतता नै सधैं बस्ने जलको गुण-धर्म हो।

नीतिमा हारियो भन्दै मान्छे व्यर्थ डराउँछ
शुक्र अन्धो भए फेरि अर्को दिन उदाउँछ।

'तीतामीठा कुरा' बाट

लेख

'दायित्व' का विशेषाङ्कहरूमा शङ्कर कोइराला

➤ इन्द्रकुमार श्रेष्ठ 'सरित्'

नेपाली साहित्यमा बहुआयामिक प्रतिभाका धनी शङ्कर कोइराला ठूलाकै आधा शताब्दी सक्रियताकासाथ साधनारत रहे । कथा, उपन्यास, कविता लेखका अलावा सम्पादन, अनुवाद र प्रूफ रिडिङमा समेत उनको योगदान स्मरणीय छ । तर सिद्धो आफ्नो जीवनकालमा यस्ता विशिष्ट साहित्यिक प्रतिभालाई राज्यपक्षले पुरै बेवास्ता गऱ्यो । यिनको जीवनकालमा कुनै पत्रपत्रिकाले शङ्करका बारेमा विशेषाङ्क निकाल्ने सोच बनाएको समेत थाहा भएन भने राज्यपक्षले यिनको योगदानको कदर गर्दै एउटा सानोतिनो पुरस्कार-मान-सम्मानले सम्मानितसम्म गर्न सकेन । जीवनको उत्तरार्धमा शङ्कर कोइरालालाई रत्नश्री (मासिक), आह्वान समूह, प्रतिभा समूह आदिले स्मरण र सम्मानित गरेर साँच्चै नै हामीलाई कृतघ्न हुनबाट जोगाएका छन् ।

नेपाली साहित्यसँग आफ्नो लेखनीको माध्यमद्वारा आधा शताब्दी लामो सम्बन्ध कायम राख्ने व्यक्तिलाई जीवनकालसँगै र उनको निधन पश्चात पनि सम्झिनेमा रामप्रसाद पन्त, दायित्व मासिक र दायित्व बाङ्मय प्रतिष्ठान अग्रपङ्क्तिमा पर्दछन् भन्दा फरक नपर्ला । किनभने शङ्कर कोइराला विषयक तीन/तीनवटा विशेषाङ्क १) शङ्कर कोइराला स्मृति विशेषाङ्क (वि.सं. २०५४) २) शङ्कर कोइराला समालोचना विशेषाङ्क (वि.सं. २०५८) र ३) शङ्कर कोइराला : कथा विशेषाङ्क (वि.सं. २०६०) निकाल्नेमा 'दायित्व' मासिक र यसका सम्पादक रामप्रसाद पन्त नै अग्ला छन् । यसका अतिरिक्त दायित्व बाङ्मय प्रतिष्ठानले शङ्कर कोइराला स्मृति पुरस्कार समेत स्थापना गरेर पक्कै पनि शङ्कर कोइरकोइरालासँग निकट रहेका साहित्यिक व्यक्तिहरूको स्मरणको यसमा प्राधान्य रहेको छ ।

शङ्कर कोइराला स्मृति विशेषाङ्क

'दायित्व' को यस स्मृति विशेषाङ्क मार्फत् शङ्कर कोइरालालाई सम्झिने क्रममा डा. ताराराज शर्मा, मोहन कोइराला, शिव रेग्मी, श्यामदास वैष्णव, इन्द्रकुमार श्रेष्ठ 'सरित्' आदि रहेका छन् । शङ्कर कोइरालाको शालीन, शिष्ट, नम्र र लज्जालु व्यक्तित्व अनि प्रवृत्तिलाई अधिकांश लेखकहरूले एक स्वरमा स्मरण गरेका छन् । तर केही संस्मरणले भने शङ्कर कोइराला साझा प्रकाशनमा हुँदा गलिसकेको भन्ने उठाएको तर्कलाई सहजै स्वीकार गर्न सकिने ठाउँ छैन । जे होस् 'दायित्व' को यस विशेषाङ्कै बहानामा भए पनि साहित्यकार शङ्कर कोइरालालाई सबजना साहित्यकारहरूले स्मरण गरे यो नै दायित्वको र यसले गरेको कामको सफलता होभन्दा बढी नहोला ।

शङ्कर कोइराला समालोचना विशेषाङ्क

नेपाली भाषा र साहित्यलाई समृद्ध बनाउन आजीवन अहोरात्र खटिने साधक शङ्कर कोइरालाको विषयमा नै दोस्रो विशेषाङ्क 'शङ्कर कोइराला समालोचना विशेषाङ्क' प्रकाशित गर्ने पनि 'दायित्व' मासिकका लागि सम्पादक रामप्रसाद पन्त नै भएका छन् । यस अङ्कमा समीक्षक र समालोचकहरूले शङ्कर कोइरालाका विशेषतः कथा र उपन्यासमाथि नै कलम चलाएका छन् । यसरी कलम चलाउनेहरूमा आनन्ददेव भट्ट, डा. केशव उपाध्याय, इन्द्रकुमार श्रेष्ठ 'सरित्', कृष्णप्रसाद पराजुली, राजेन्द्र सुवेदी, डा. दुर्गाप्रसाद भण्डारी, फणीन्द्रराज खेताला, ध.च. गोतामे, डा. विष्णुराज आचेर्य, डा. दयाराम श्रेष्ठ सम्भव, लगायत एकाउन्नजना साहित्यकारहरू छन् । सबैले शङ्कर

कथा

काल आफैले ओढ्यो

➤ पीताम्बरा उपाध्याय 'पीयूष'

बिरालाका बच्चाहरू मलाई सारै नै मन पर्दछन् । तिनका कोमल भुवा, निर्दोष हेराइ, क्रीडा, आफ्नो पन र माया देखाउने तरिका सबै नै राम्रा लाग्दछन् । हुर्किएपछि डाडेबिरालो घरमा बस्न प्रायः रुचाउँदैन र हिँडिहाल्छ तर बिराली, खास गरेर बच्चा बिराला मेरो घरमा खेलिरहन्छन् । तर नियमित रूपले तिनलाई पाल्न भने मेरालागि संभव थिएन । कारण मेरो जागिर फिल्डकार्यकर्ताको थियो । त्यसैले महिनामा आठ दश दिन घर बन्द गरेर बाहिर जानु पर्दथ्यो । अतः पालेको बिरालो अलपत्र पर्छ भनेर पाल्दिनथें । तर घर फर्किने बितिकै छिमेकको घरपाला वा छाडा बिरालाहरू मकहाँ आइहाल्थे ।

एकपल्ट लामो बिदा र अरू कारणले पनि डेढ महिना जति फिल्डमा जान पाइन । एउटा सानो बिरालो त्यस अवधिमा मेरै घरमा रमाएर बस्यो । केटाकेटी कोही विदेश र कोही होस्टलमा बस्ने भएकाले मलाई त्यो सानो बिरालो बसेको रमाइलो नै लागेको थियो । हामी दुई पतिपत्नी त्यससित खेलेर फुर्सदको बेला बिताउँथ्यौं ।

बिरालो बसेको छ सातापछि मेरो श्रीमान् खेती हेर्न घर जिल्ला जानुभयो । मेरो पनि बिदा सकिएकोले दुई दिनपछि फील्ड जानुपर्ने भयो । बिरालोलाई छोड्ने समस्या पऱ्यो । छिमेकीले राखिदिन्छु भनेकाले ढुक्क भएर हिँड्ने तयारी गरें । तर हिँड्ने बेलामा बिरालोले मलाई छोड्नै मानेन । अनेक गर्दा पनि बाहिर निस्कनै मानेन । सामान निकालेर डोका लगाउनुपूर्व ऊ खाटमुनि लुक्यो । बल्लतल्ल समातेर डोका बाहिर तान्दा मानें लाग्दा फेरि उम्केर डोका भित्र पस्यो । कहिले दराज पछाडि कहिले टेबुलमाथि बसेर उसले मलाई हैरान तुल्यायो । केही सीप नलागेर मैले छिमेकीलाई बोलाएर उसलाई समात्न लगाएं । छिमेकीले समातेर आफ्नै घरतिर लैजादा पनि उम्किन खोजेर ऊ मतिरै हेरिरह्यो । म्याउँ म्याउँ गरिरहेको त्यो मायालु बिरालोलाई छोड्नु पर्दा मलाई पनि नमीठो लाग्यो । तर साथ लैजानु पनि संभव थिएन ।

डोका बन्द गरेर छिमेकीकै कक्षमा राखेको बिरालोलाई सुमसुमाएर म हिँडें । मोटरमा जाँदा पनि सेतो रङ्गको, कालो र सुनौलो बुट्टा भएको त्यो बिरालो र त्यसको मायालु हेराइलाई सम्झिरहें । कार्यक्रम छ दिनको थियो । छैटौं दिन तालिम कार्यक्रमको विसर्जन कार्यक्रममा मेरा हाकिम र जिल्लाका अरू हाकिमहरू पनि आउनुभयो । वहाँहरूले कार्यक्रम छिटो सक्न हतार लगाउनु भएकोले मन नलागी नलागी कार्यक्रम छोट्याएर प्रशिक्षार्थीहरूलाई बिदा दिएं ।

त्यसपछि हाकिमले कार्यक्रम छोट्याएको कारण भन्नुभयो । मेरो श्रीमान्लाई पश्चिम नेपाल र भारतको सीमामा चल्ने ट्रेनमा डाकाले आक्रमण गरी सामान र पैसा लुटेर घाइते अवस्थामा रेलको पटरीमा फ्याँकेछन् । त्यहाँको पुलिसले वहाँलाई अचेत अवस्थामा भेटी केही उपचारपछि वहाँलाई होसमा ल्याएछन् । वहाँकै इच्छाअनुसार उनीहरूले नै व्यवस्था मिलाई नेपालगञ्ज अस्पताल पुऱ्याइदिएका रहेछन् । अस्पतालका सर्जन हाम्रो परिचित व्यक्ति भएकोले घाइतेलाई आफ्नै संरक्षणमा राखी मेरो अफिसमा खबर पठाएका रहेछन् । यस्तो स्थितिमा मैले तुरुन्तै नेपालगञ्ज जानुपर्ने भएकोले कार्यक्रम छिटो टुङ्गयाउन हाकिमसँ हतार गर्नुभएको रहेछ । त्यो कुरा सुनेर केहीबेर त म अर्धबेहोश रहें । त्यसपछि केही मन सम्हालेर नेपलगञ्जतिर लागें ।

श्रीमान्लाई चौध ठाउँमा छुरा लागेको रहेछ । रगत बढी बगेकोले ज्यादै कमजोर

यौनको सार्वभौमिक अभिव्यक्ति : विश्व यौनकथा

➢ हीरामणि अर्याल

परशु प्रधान नेपाली कथाको फाँटमा एउटा वरिष्ठ कथाकारको रूपमा सुख्यात व्यक्तित्वको नाम हो। उहाँका नेपाली भाषा र अंग्रेजी भाषामा पनि धेरै कथाहरू प्रकाशित र प्रकाशोन्मुख छन्। कौशिकी साहित्य प्रतिष्ठान काठमाडौंद्वारा प्रकाशन गरिएको प्रस्तुत कृति 'विश्व यौनकथा' कथाकार प्रधानद्वारा विभिन्न भाषाहरूबाट नेपाली भाषामा अनुदित अन्तराष्ट्रिय स्तरका कथाहरूको सङ्ग्रह हो। लक्ष्मणप्रसाद गौतमको भूमिका र अनुवादक स्वयम्को 'मेरो भन्नु' बाहेकका ८३ पेजहरूमा पन्ध्रओटा कथाहरू यस कथा सङ्ग्रहमा अटाएका छन्।

अनुवादकको भनाइमा 'संयुक्त अधिराज्य अमेरिकाका तीन, ब्रिटेन, अष्ट्रेलिया, इटली, फ्रान्स, अर्जेन्टिना, इण्डोनेशिया र स्पेनबाट एक एक गरी सात, नेपालबाट महामानव विश्वेश्वर प्रसाद कोइरालाको, पाकिस्तान, भारतबाट एक एक गरी १५ ओटा कथाहरू सङ्ग्रहीत छन्।' भनिए तापनि पाकिस्तानको थप एक र टर्कीको एक गरी गणना गरेपछि मात्र पन्ध्र ओटा कथाहरू सङ्कलित देखिन्छन्। यस सङ्ग्रहमा सङ्कलित कथाहरू एकै समयमा पुस्तकाकार गर्नको लागि सङ्कलित नभई भिन्न भिन्न समयमा पुस्तकाकार गर्नको लागि सङ्कलित नभई भिन्न भिन्न समयमा अनुवाद गरी अन्य पत्र पत्रिकाहरूमा समेत प्रकाशित गरिएको कुरा स्वयं अनुवादकको भनाइबाट थाहा हुन्छ।

यस सङ्ग्रहका लागि चयन गरिएका कथाहरू प्रायः सबैजसो लघुकथाको सिद्धान्त अनुरूप एउटै बसाइमा पढिसकिने खालका र यौन मनोवृत्तिको समान स्वरूपलाइ झल्काउने खालका देखिन्छन्। देश, काल, परिस्थिति र वातावरण फरक फरक भए पनि यौनको केन्द्रिय सन्दर्भ मनोविज्ञान नै रहेको कुरा यस कृतिका कथाहरूबाट स्पष्ट हुन्छ। यद्यपि पाश्चात्य साहित्य र पूर्वीय साहित्यको यौनिक परिवेश र यौनेच्छाको अभिव्यक्ति समान स्तरको हुँदा- पूर्वीय साहित्यको अभिव्यक्तिमा आदर्श, आलंकारिकता र लक्षणाको प्रयोग गरिएको हुन्छ भने पाश्चात्य साहित्यको अभिव्यक्तिमा लक्षणा, व्यञ्जना कम र अभिधा शक्ति बढी देखिन्छ। कथा भित्रको अन्तर्वस्तु र यौनाकर्षणको निमित्त प्रयोग भएको काव्य प्रायः समान नै हुँदारहेछ भन्ने तथ्य यस भित्रका कथाहरूले पुष्टि गरेका छन्।

यस कथा सङ्ग्रहभित्र मर्मत मेलर, या फिलिप लुनि, अर्नेस्ट हेमिङ्वे, अलबोर्टो मोराविया, जर्ज लुइसबर्ग, स्टिफेन लाजा स्ट्रिट, गोइद मोपासां, फिलिप रथ, सामर सेट, विश्वेश्वरप्रसाद कोइराला साहादत हसन, मन्टो आदि विश्व साहित्यका अत्यन्त चर्चित कथाकारहरूका कथाहरू सङ्ग्रहित छन्। कथाकारहरूको मूल भाषालाई नेपाली भाषामा उल्था मात्र नगरी तत्तत् कथागत परिवेशलाई नेपाली परिवेशमा ढालेर नेपाली पाठकहरूलाई नेपाली पाराबाट बुझ्न सजिलो हुनेगरी अनुवाद गरिनु अनुवादकार्यको विशेषता हो। यस विशेषतालाई यस सङ्ग्रहमा स्पष्ट देख्न र अनुभव गर्न सकिन्छ।

सङ्ग्रह भित्रका पन्ध्र कथा मध्ये नवौं क्रममा रहेको कथाको शीर्षक 'नर्गिस' र कथाकार 'साआदत हसन मन्टो' हुन पर्नेमा यसको ठीक विपरीत हुन गएको कुरा प्रकाशकीय त्रुटि हो वा त्यही नै सही हो, अको अको प्रकाशनमा यथार्थता स्पष्ट्याउनु पर्ने देखिन्छ।

प्रस्तुत कथासङ्ग्रहको प्रकाशनबाट नेपाली यौनकथाका पाठकहरूलाई विदेशी यौन परिवेश र सन्दर्भ बुझ्नमा ठूलो सहयोग भएको छ। साथै पूर्वीय र पाश्चात्य कथाहरूमा पाइने प्रकृति, रोमान्स, मनोविज्ञान, दमितवासना, यौनजन्य विकृति र विसङ्गतिजस्ता विषयहरूमा तुलनात्मक ढङ्गबाट अध्ययन गर्ने र ज्ञान गर्ने अवसर समेत प्रस्तुत कथासङ्ग्रहले प्रदान गरेको छ। यस अर्थमा अनुवादक र प्रकाशक दुवै थरी नेपाली पाठकहरूको तर्फबाट साधुवादका समुचित भागीदार छन् भन्न सकिन्छ।

* * *

कोइरालाको छुट्टाछुट्टै कृतिमाथि कलम चलाएका छन्। तर अधिकांश लेखकका रचना समालोचना नभएर केवल टिप्पणीजस्तोमात्र भएका छन्। बरू माथि उल्लेख गरिएका नामचाहेक प्रा. ठाकुर पराजुली, डा. दुर्गाप्रसाद अर्याल, मोहन सिटौला, रामप्रसाद ज्वाली, शैलेन्द्रप्रकाश नेपाल आदिले भने तुलनात्मक रूपले आफ्नो लेखनमा मेहनत गरेको स्पष्ट देखिन्छ। यी लेखहरूको समीक्षा-समालोचनामा सामान्यभन्दा अलि गहिरिएर शङ्कर कोइरालाको कृतित्वको गुण-दोषलाई केलाउने प्रयत्न गरेको पाइन्छ। 'दायित्व' ले शङ्कर कोइरालाजस्ता व्यक्तिको स्मरण नगरेर बरू एकजना साहित्य साधकको स्मरण गरेकोले निश्चय नै 'दायित्व' को यस अङ्कको उच्च महत्व र मुल्याङ्कन हुने नै छ।

शङ्कर कोइराला कथा विशेषाङ्क

'दायित्व' को ४७ औं अङ्कलाई यसका सम्पादक रामप्रसाद पन्तले शङ्कर कोइरालाको कथा विशेषाङ्को रूपमा पाठकहरूसमक्ष ल्याएका छन्। कथाकार शङ्कर कोइरालाका कथा सङ्ग्रहमा नसमेटिएका कथाहरू 'दायित्व' को यस अङ्कमा समाविष्ट छन्। रत्नश्री, धरती, प्रगति, शारदा, दायित्व आदिमा प्रकाशित शङ्कर कोइरालाका २७ थान कथाहरू समेटिएको यस विशेषाङ्कमा शङ्कर कोइरालाको शारदा मासिकमा वि.स. २००३ मा प्रकाशित पहिलो कथा 'बुढो' पनि सङ्ग्रहित भएको छ।

मैजारो

बाँचुञ्जेल व्यक्तिगत लाभका लागि कहिल्यै शक्तिकेन्द्र नचाउने, चाकरी, र भनसुनमा निष्णात् हुन नसकेकै कारणले ओझेलमा परेका साहित्यसाधक शङ्कर कोइरालाका विषयमा तीन तीनवटा विशेषाङ्क निकाल्ने रामप्रसाद पन्त, दायित्व र दायित्व वाङ्मय प्रतिष्ठान सबै धन्यवादका पात्र छन्। तर यस्तै कार्य प्रज्ञा प्रतिष्ठान, गोर खापत्र संस्थान, साझा प्रकाशन आदिले गर्दा पनि असान्दर्भिक भने पक्कै हुने थिएन। साहित्य साधक शङ्कर कोइरालाको कृतित्व र योगदानका बारेमा जान्न चाहने र बुझ्न चाहनेहरू 'दायित्व' का शङ्कर कोइराला विशेषाङ्कहरूबाट पक्कै पनि लाभान्वित हुने छन्।

* * *

२०६३ सालको विजयादशमी तथा दीपावलीको अवसरमा हाम्रा समस्त ग्राहक वर्गमा सुख, शान्ति, समृद्धि तथा उत्तरोत्तर प्रगतिको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नरेन्द्र - मना कन्स्ट्रक्सन जे.भी.
का.म.न.पा. - ३, वसुन्धरा
काठमाडौं

आफ्नो अमूल्य बचतमा उचीत प्रतिफल प्राप्त गर्न इजाजत प्राप्त सदस्यहरू मार्फत् सरकारी तथा गैरसरकारी ऋणपत्र तथा शेयरहरूमा लगानी गरौं ।

नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबार प्लाजा
काठमाडौं

कविता

शब्द सारथी

➤ हिरण्यलाल श्रवाली

हरेक शब्द शस्त्र हुन्
महत्वपूर्ण अस्त्र हुन्
नवीन नील वस्त्र हुन्
अनन्त वा अजस्र हुन् ।

हरेक शब्द दीप हुन्
हरेक शब्द बीज हुन्
हरेक शब्द गीत हुन्
हरेक शब्द प्रीत हुन् ।

हरेक शब्द ज्ञान हुन्
हरेक शब्द सान हुन्
हरेक शब्द मान हुन्
नयाँ नयाँ बिहान हुन् ।

अदृश्य शक्ति शब्द हुन्
अजेय शक्ति शब्द हुन्
बनेर कथ्य लेख्य पी
सदैव धण्य बन्दछन् ।

सुनेर शब्द जोसिला
दशावतार भुक्तछन्
सुनेर शब्द जोसिला
असभ्य चोर लुक्तछन् ।

बुझेर शब्दको खुबी
खुनीहरू गलीसके
बडेबडे दिवार ती
निमेषमै ढलीसके ।

निरस्त्र छैन है म त
निशस्त्र छैन है म त
अशक्त छैन है म त
छु शब्दले सुसज्जित ।

म शब्द-खेल खेल्दछु
म शब्द-बोल बोल्दछु
म शब्द-यज्ञ गर्दछु
म राष्ट्र टन्न भर्दछु ।

हरेक शब्द शब्दमा
सुरम्य गीत छर्छु म
हरेक गीत गीतमा
पवित्र प्रीत भर्छु म ।

हरेक गाउँमा पुगी
हरेक ठाउँमा पुगी
म शब्दबीज छर्दछु
प्रदीप्त चेत भर्दछु ।

रमाई शब्द शब्दमा
म गर्छु काव्य सिर्जना
पिएर काव्यको रस
मिटाइदिन्छु तिर्सना ।

भरेर शब्द माधुरी
बजाइदिन्छु बाँसुरी
नयाँ नयाँ कुरा कथी
म बन्छु शब्द-सारथि ।

लोकगीत

➤ महादेव पन्थ

तिम्रो कसम रेटिन कसीले
गल्ती लेखे भाबीको मसीले ।

सपनीमा सँगै थियौ, हामी दायाँ बायाँ ।
बिसिंदिनु पर्ने हो कि, बिपनीमा माया ॥
मूल सुक्यो खडेरीले, प्यास मेट्ने मनको ।
झल्को लाग्छ अझै मलाई न्याउली रुने बनको ॥

न सम्झदा के हुने हुने
जति सम्झे उति मन झन् रुने।

कोपिलामै च्यातिएको, फूल भयो जीवन ।
बीचबाटै भाचिएको, पुल भयो जीवन ॥
नपाउने कुरा माऱ्ये, सोच्छ कति मन ।
छुट्टाउन गाह्रो भयो, मन् ठूलो कि धन ॥

उदाउला फेरि कैले, जूनको शीतल छायाँ ।
नासो हो कि पासो मेरो, सापटीको माया ॥
बोलाइछौ मलाई पनि, आकासका तारा ।
बिसाउँछु पीडा मैले, जीवनका सारा ॥

यो जुनीको के भर छ र
मरे मलाई सम्झे है गाउँघर ।

कि त बन्न पाउँ खुला आकाशको चङ्गा ।
कि त सँगै लैजाउ बरु, मलाई खाली गङ्गा ॥
तिम्रो कसम रेटिन कसीले
गल्ती लेख्यो भाबीको मसीले ॥

गुम्बी, बजेटखार-८,
हाल : जावलाखेल, ललितपुर ।

लोकगीत

अलप

➤ लुमडी आचार्य

हिंडेर तीन् दिन् दशवर्ष पछि पुग्यो ऊ घरमा
बिसायो कुम्ले, धचक्क बस्यो पिँडीको माममा
भल्केको गाह्रे, चुँचेको छाने, डल्ल पो के बेर ।
मनमा यस्तै के के हो सोच्ये, बिह्वल भएर ।

गोठमा थिए ढुना भैंसी घर नजिक आँपखारी
छिमेकी बालक आएर खान्थे दिनहुँ आँपखारी
मुहडा पछे घरको दक्षिण, अगाडि बार्दली
चटकै छेडी पसेथ्यो मुखान् रोएर धर्धरी ।

गाउँ र घर रन र वन सम्झेर न्याउँदा
नक्सन् फुट्यो मन उस्को जल्यो बिरह छाउँदा
परिवार भन्नु रहेन कोही एक्लै छ फगत
बुझाउने मन छइन आधार अन्धकार जगत ।

विचार गऱ्यो यो रातभरी यहीं नै बस्नेछु
भोलिको दिन भिर्भिरितिरै पल्ली गाउँ तर्नेछु
फुब्बयो फुम्ल्ये, पिंजायो चाङ्गो त्यसैको सिरानी
खोकीले सताई ब्युँझेर हेर्दा भएछ बिहानी ।

जुरुक्क उठ्यो, चुरोट तान्यो, कुटुरो बोकेर
तुरुक्क रोयो, पाइलो साऱ्यो लउरो टेकेर
घऱ्याङघुरुङ् यर्थर काँप्दै ओरालो झर्दै गो
भएन ख्याल उस्लाई पनि बै कता अलप भो ।

गोन्दुङ्गा ६, मुढबुढोका

अब यस्तो लाग्छ

➤ पुकार चापागाईं

अब यस्तो लाग्छ,
हिंसाको लहर फैलन्छ
सन्तराज्यमा हाहाकार मच्चन्छ
जनताको धैर्यमा बिस्फोट हुन्छ
शान्तिका प्रतीक बुद्ध जन्मेको ठाउँमा
बौद्धत्वको सिल निस्कन्छ ।

बिराट साइन्स क्याम्पस, बिराटनगर

समीक्षा

सम्झनाका झझल्का: सङ्क्षिप्त चर्चा

➤ महेश्वर शर्मा

अहिले मेरा अगाडि कवि मुक्तिनाथ शर्मा नेउपानेको 'सम्झनाका झझल्का' (कवितासङ्ग्रह) छ। यो उनको एघारौं कृति रहेछ। प्रस्तुत सङ्ग्रह एकपटक सरसर्ती हेरें। मुक्तिनाथको कलम पनि मुक्तिनाथजीजस्तै जाँगरिलो र फुर्तिलो छ। उनको कलम गद्य-पद्य दुवैतर्फ समानरुपबाट चलेको छ। हिजोआज मुक्तिनाथजी शास्त्रीय छन्दमा लहसिएकाछन्। साहित्य विचारको अभिव्यक्ति हो। यसले आफ्नो समयको सामाजिक-राजनीतिक स्थितिबोध गराउँछ भने स्रष्टा त्यसको प्रस्तोता हुन्छ। मुक्तिनाथजीले आफ्नाई प्रस्तुत कवितासङ्ग्रह मार्फत् त्यसैरुपमा प्रस्तुत गरेका छन्।

पण्डितराज जगन्नाथको भनाई छ- 'विद्वांसो वसुधातले परवचः श्लाघासु वाचंयमाः' अर्थात् यो संसारमा विद्वान्हरु अरुका लेखनको प्रशंसा गर्नुपरेमा चुप रहन्छन्- रे। अर्काले राम्रो गरेको सहन नसक्नेहरु त्यस्ता हुन्छन् भन्ने उनको आशय हो। त्यसैले राम्रोलाई राम्रो भन्न कन्जुस्याई गर्नुहुन्न। मुक्तिनाथजीबाट धेरै राम्रो काम भएको छ। उनको कविता फाँकी मिसाएर पढ्दा मीठो स्वरमा गाइएको कुनै गीतभन्दा कम श्रुतिमधुर हुँदैन। वेदका ऋचा पनि एकप्रकारका कविताने हुन्। वेदपाठीले सार-स्वर मिलाएर समूहमा पढ्दा सङ्गीतमय हुन्छ। शास्त्रीय छन्दका कवितामा पनि त्यस्तै मिठास हुन्छ। मुक्तिनाथका कवितापङ्क्तिहरुमा यत्रतत्र समयोचित उद्बोधन शक्ति छ। जस्तै :-

हुनुपर्ने यहाँ हुन्न नहुनजति भैराख्यो।
त्यसैले बीज-विद्रोह रोप्नुछ आउने पऱ्यो॥

मानव मानवबीचको सामाजिक भेदभावतर्फ इङ्गित गर्दै भगवान्सित पनि व्यङ्ग्यात्मक प्रश्न गर्न कवि चुकेका छैनन्। यसै प्रसङ्गमा समाजमा व्याप्त अन्याय र विभेदविरुद्ध कवि यसरी हाँको छोड्छन् :-

कामी दमाइ साकी र गाइने क्षेत्री बाहुन
दुरा गुरुङ नेवार राई भेद नभैकन
नेपाली नै हुनुपर्थ्यो, तर कस्ले यहाँ किन
कुकर्मको बिउ रोप्यो के यो अन्याय होइन ?

यहाँ 'कुकर्मको' ठाउँमा विभेदको राखेका भए हुन्थ्यो, तर कविले यसलाई कुकर्म नै ठानेको बुझिन्छ।

सङ्ग्रहकै शीर्षक बनाइएको 'सम्झनाका झझल्का' कविता, कविको जन्मथलोको प्राकृतिक स्थिति र बाल्य एवं किशोर वयका मीठा सम्झनाका झझल्का सबैका पूर्व सम्झनाका साझा झझल्का भएका छन्। यो कविताले सबैलाई आफ्नो समयको स्थिति सम्झन विवश पार्छन्। सबैका साझा अनुभूतिका प्रवक्ताको काम कविले गरेका छन्।

दशवर्षे माओवादी जनयुद्धले निम्त्याएको सङ्कटका दिनहरुलाई कविले कवितामा यसरी उनेका छन् :-

तिक्ष बासेन यो वर्ष बोलेनन् काग कोइली
कपल् पाक्यो भनी भन्ने बोलेन बनको चरी
भ्याकुत्रा भ्यागुतेकिरी आदि चुपचाप बसे किन ?
आफै जवाफ निस्कन्छ- यी हुन् सङ्कटका दिन॥

प्राकृतिक सौन्दर्य वर्णनका साथै ऋतुहरुको वर्णन पनि कविले उत्तिकै रासोसित गरेका छन्। साथै विगतमा जेजस्ता प्राकृतिक र मानवनिर्मित विपत्ति आएका भए पनि अब त्यस्तो नहोस् भन्ने शुभकामना पनि कविको छ :

जेभयो भैसक्यो छाडौं अब त्यस्तो नहोस है
सबै नेपालीले सोचौं हत्या हिंसा नहोस है

शासकीय बेइमानीका कारण भएका नराम्रा कामकुरातर्फ कवि यसो भन्छन् :-

कस्तो हो निर्दयी चाला कस्ता शासक हुन् हरे !
गर्नु हुँदैनथ्यो जे जे मत भै ती सबै गरे।
नयाँ शोध लिई आऊ शान्ति बीज यहाँ छर
अशान्ति भावना फाली सर्वत्र शान्तिले भर।

पुस्तकको शुरुमै विद्वतापूर्ण मन्तव्यमा व्यक्त भएका कुरा दोहोऱ्याउनुको औचित्य छैन। केही पूर्वप्रकाशित र केही अप्रकाशित समेत लामा छोटा गरी ५२ थान कविताको यस बिटोमा विविध वान्कीका कविता छन्। तिनमा सामाजिक-राजनीतिक जागरणका लागि कविको विशेष जोड छ।

* * *

कथा

भूमिगत निर्णयकर्ताको कथाशृङ्खला

➤ युवराज पाण्डे

कल्पनाको सगरमा डुबुल्की मार्दै एकसुरले हिँडिरहेको बेलामा एउटा तीखो स्वर आएर मेरो कानमा ठोकियो। म झस्कें र हिँड्दा हिँड्दै टक्क अडिएर आवाज जतापट्टीबाट आएको थियो उतैतिर फर्कें।

मेरो अगाडि एउटा मिष उपस्थित थियो। मैले उसलाई घटना विश्लेषण गर्ने शैली र क्षमताको आधारमा पनि चिन्थें। उसको शैली र क्षमताको म प्रशंसक पनि थिएं र आफ्नाई कुनै घटना विशेषको कारण र परिणामको विषयमा अन्मल भयो भने उसकी अगाडी आफ्नो समस्या पोख्थें। उसले दिएको समाधानले मलाई धेरैजसो सन्तुष्ट समेत पार्थ्यो। उसलाई आफ्नो अघिल्तिर देखेर मलाई खुसी लाग्यो र आफ्नो मन मस्तिष्कमा खेलिरहेका प्रश्नहरु अरूको अगाडि राख्ने खुल्दुली समेत भयो।

"नमस्ते अधिकारीजी ! कता ?" मैले भनें।

"परतिर एउटा विचार गोष्ठीमा भाग लिएर आउँदै छु। तपाई कता नि?" उसले सोध्यो।

"एउटा कथा लेख्ने विचार गरेर त्यसको विषयमा गम्भीरा गर्दै हिँडेको छु म त।" मैले जवाफ दिन्छु।

"तपाई सधैंभरि एउटा न एउटा तानी समातेर हिँड्नुहुन्छ। छोड्नोस् आज कथासथा। हिँड्नोस् बरू मसँग।

"म बस्ने ठाउँमा गएर केही बेर गफ गरौं।" उसले प्रस्ताव राख्छ।

"म जाउँ कि नजाउँको दोधारमा रहेकै बेलामा उसले जाउँ न जाउँ भनेर कर गर्छ।

"ल हिँड्नुस् त" मैले उसको प्रस्ताव स्वीकार गर्छु र उसको पछिल्तिर लाग्छु।

हामीहरु केही बेरमै उसको कोठामा पुग्छौं।

"मैले पनि कहिले काहीं कथा पढ्छु नी ! तपाईंलाई थाहा छ ?" बसिसकेपछि उसले भन्छ।

"कथा घटी बढी मात्रामा सबैले पढेका र सुनेका हुन्छन्। तपाइले पनि पढ्नुभएको होला। तर कथा कति रुचि राख्नुहुन्छ भन्ने कुरा भने मलाई त्यति विधि थाहा छैन।" मैले जवाफ दिन्छु।

"ल यो कथा पढ्नुस् त तपाईंलाई कस्तो लाग्छ ! तपाईंले पहिले नै पढ्नु भएको छ कि ?" उसले एउटा साहित्यिक पत्रिकामा छापिएको कथाको शीर्षक देखाउँदै मलाई सोध्छ।

"अहँ, मैले यो कथा पढेको छैन" मैले जवाफ दिन्छु।

"कि मैले सुनाउँ ?" उसले सोध्छ र मैले हुन्छ नभन्दै उसले "ल सुन्नुस्, मैले नै सुनाउँछु" भन्दै सुनाउन थाल्छ।

मेरो कल्पनामा कथाका पात्र-पात्राहरु साकार भएर चल्न थाल्छन्।

त्यहाँ एक हुल मानिसहरुको एउटा जमघट हुन्छ। त्यहाँ भएका सबै मान्छेहरु त्यही अलि अग्लो आसनमा बसेको अर्को मान्छेका सल्लाहकार र सहयोगी हुन् भन्ने कुरा त्यो जमघट हेर्ने जोसुकैले सजिलैसित थाहा पाउँछन्। उनीहरूले कसलाई जग्गा-जमिन बिर्ता दिने, कसलाई कुन पद दिने, कसलाई कति सहयोग दिने, कसबाट कति जरिवाना तथा कर असुल गर्ने र कसलाई कुन कसुरमा कस्तो दण्ड दिने र कसलाई तौकिएको सजाय तथा जरिवाना र करमा कति छूट दिने भन्ने धेरै धेरै निर्णय लिन्छन्।

त्यहाँ भेला भएका मानिसहरूले आफ्ना इष्ट-मित्र र भाइभतिजा तथा आफूलाई मनपर्ने मानिसलाई फाइदा पुग्ने खालका प्रस्ताव राखेको र आफूलाई मन नपर्ने मानिसका विरोधमा अरूसंग चुक्ली लगाएको पनि देख्न सकिन्छ। कुनै खास निर्णय गर्नुपर्छ भनी प्रस्ताव राख्ने मान्छेहरूले आफूले साहु महाजन, धनीमानी र टाठाबाठा मान्छेहरू कतिपयले भनेकाले त्यस्तो प्रस्ताव राखेको कुरा समेत भेलामा राखेको देखिन्छ। शासन सञ्चालन सम्बन्धी कतिपय विषयमा भेलाले कुनै पदमा नभएका मानिसहरूको सल्लाह र विचारलाई आधार बनाएको देखिन्छ। अर्कातिर पदमा भएका कतिपय मानिसको प्रस्तावलाई भेलाले अस्वीकार गरेको पनि देखिन्छ। त्यस्ता जमघटहरू बराबर भइरहेको देखिन्छ। जमघटले सधैंभरि खास खास मानिसका प्रस्तावहरू स्वीकार गरेको र खास खास मानिसहरू बाहेकका मानिसले राखेको प्रस्तावलाई सधैंभरि अस्वीकार गरेको देखिन्छ।

अधिकारीले सुनाएको कथामा म साँच्चै हराउँछु। अधिकारी एक्कासी रोकिएपछि मात्र म फस्कन्छु। मेरो मन, आकासमा ओहोर-दोहोर गरिरहेका कथाका पात्रपात्राहरू बिस्तारै आड्डिन्छन् र मधुरिँदै र अदृश्य हुँदै जान्छन्।

"कस्तो लाग्यो हँ पाण्डेजी यो कथा ?" उसले सोध्छ।

"यो कस्तो जमघट हो हँ ?" मैले सोध्छु।

"बुझ्नु भएन र ? कि, मेरो विचार र आफ्नो विचार मिल्छ कि मिल्दैन भनेर सोध्नुभएको हो ?" उसले उल्टै प्रश्न गर्छ।

"कथाले कुनै मुलुकको भारदारी सभाको चित्र उतारेजस्तो लाग्यो मलाई त। त्यो अग्लो आसनमा बस्ने मान्छे त्यस मुलुकको सर्वोच्च शासक होजस्तो लाग्छ।" मैले भन्छु।

"किन 'लाग्छ' भन्नुहुन्छ तपाईंले, 'हो' भन्नुस् न" उसले भन्छ।

"यस कथाले त शासन सम्बन्धी कतिपय निर्णयहरू यथार्थमा त्यस्तो निर्णय गर्ने कानुनी अधिकार नभएका मानिसहरूले गरेका हुन्छन् भन्ने कुरा पो बताउँछ त !" मैले भन्छु।

"त्यो कुरा सही पनि त हो नि। कतिपय निर्णयहरू कुनै खास पदाधिकारीले गरेको जस्तो देखिए पनि यथार्थमा त्यस पदाधिकारीलाई प्रयोग गरेर अझ कुनै व्यक्तिले गराएका हुन्छन्। असली निर्णयकर्ता पर्दाभित्र हुन्छ र पर्दाबाहिर औपचारिक निर्णयकर्ता देखिन्छ।" अधिकारीले थप्छ।

"ठिक भन्नुभयो। निर्णय गर्ने अधिकार पाएका धेरै मानिसहरूले आफ्ना नाता-पाता, भाइ-भतिजा तथा आफूलाई कुनै न कुनै प्रकारको फाइदा पुऱ्याउने मानिसलाई फाइदा पुग्ने निर्णय गरेको देखिन्छ।" मैले भन्छु।

"यो कहिलेको कथा हो हँ ? कि अहिलेकै हो ?" मैले सोध्छु।

"यो कथाले अहिलेभन्दा सय दुई सय वर्ष अगाडिको सत्य घटनालाई चित्रण गरेको छ।" उसले भन्छ।

मैले टाउको हल्लाउँछु।

अनि उसले अर्को पुस्तक समात्छ।

"अ मैले तपाईंलाई एउटा अर्को कथा सुनाउँछु।" उसले भन्छ र सुनाउन पनि थाल्छ।

मेरो मन-मस्तिष्कमा अर्को कथाका पात्र-पात्राहरूले आफ्नो भूमिका खेल्न थाल्छन्।

एक्कासी एक हुल मानिसहरू आउँछन् र अघिल्लो कथामा भारदारी सभा बसे जस्तो ठाउँका मान्छेहरूलाई लखेट्छन्। अब भारदारी सभाजस्तो सभामा नयाँ मान्छेहरू बस्छन् र त्यहाँको अग्लो आसनमा पनि एउटा अर्को नयाँ मानिस बस्छ। तर मान्छेहरूले आफूलाई जनताका प्रतिनिधिको रूपमा चिनाउँछन् र जनताको हितको पक्षमा आफूहरूले निर्णय गर्न लागेको कुरा बताउँछन्। ती मान्छेहरूले पनि कतिपय मान्छेहरूलाई पुरस्कार र पद दिन्छन् र अरू

मित्र खाली भए घ्याम्पा ठूलो शब्द गरी गरी
कानै फुटाउने हुन्छ घमण्डी चाल बेसरी।
-श्लोक ७४३

यसरी तीतामीठा कुरामा मानव सभ्यताका लागि व्यवहारको विकास गर्न आवश्यक कुराहरूको समावेशीकरणले कृतिलाई नीतिकोशको रूपमा विकास गरेको छ भने यस प्रकाशनलाई भागको रूपमा १ भनेबाट यसका अरू धुप्रै भागहरू प्रकाशन गर्दै जाने पनि अङ्कल गर्न सकिन्छ। मानिसले पात्रत्व दर्शाउनका लागि यसमध्येको कुनै एक मात्र श्लोकको प्रयोग व्यवहारमा उतार्छ भने पनि उसको कार्य धेरै संयमी र विश्वासिलो हुन सक्छ भन्नेमा द्विविधा छैन। दैनिक व्यवहारमा प्रयोग हुँदै आएका अनुभवलाई आध्यात्मिक दर्शनका आधारमा दृष्टान्त पेश गरेर त्यसको सिद्धान्तलाई ज्वलन्तता दिनु यस अभियानको लक्ष्यअनुसार यो कृति तयार भएको छ। भारवी, भर्तृहरि, वेदव्यास, मनुजस्ता महान् लेखकका लेखनले विश्वलाई चलायमान बनाउन अनुशासनको कुचीको काम गरेजस्तै लेखनाथले यसलाई नैतिक दृष्टान्तका रूपमा अघि सारे पनि शास्त्रीय साहित्यको प्रयोग तथा अध्ययनको कमी हुँदै गएको यो अवस्थामा छन्दसाहित्यको विकासमा यस अभियानले राम्रै टेवा पुऱ्याउनेमा आशावादी हुन सकिन्छ।

यसको अध्ययनबाट समाजको विकासका लागि मानिसले के गर्नुपर्छ भन्ने बारेमा पनि धेरै पाठ सिक्न सकिन्छ। कविको मात्र समावेश नगरी यसपूर्व महाकाव्य नै तयार गरि सकेका भुवनहरि सिग्देल, चन्द्रप्रसाद न्यौपानेजस्ता महाकाव्यकारका अलावा स्वयं शब्दकोशकार नै संयोजक भै अघि बढेको यो कार्य एक ऐतिहासिक कार्य हो। साहित्यको संस्थागत विकासको नाममा आर्थिक कमाइलाई मात्र ध्यान दिने प्रकाशनगृहका लागि यो चुनौतीको विषय पक्कै हो। यस कार्यको थालनीले नेपाली सांस्कृतिक परम्पराको इतिहासमा पनि पौराणिक लेखनको आरम्भलाई तदारुकता दिएको भन्न सकिन्छ। अर्कातर्फ रामप्रसाद पन्त, ठाकुर शर्मांजस्ता साहित्यका अध्येताहरूको सामुहिक प्रयास तथा गोपिकृष्ण शर्मा र देवी नेपालजस्ता सिद्धहस्त समालोचकहरूको विश्लेषणले यस कृतिमा समेटिएका हरेक श्लोकको समालोचकीय समीक्षाविना प्रकाशन पक्कै भएका छैनन्। यसले पनि साहित्यिक परिस्कृतीकरणको थालनी पनि आफैंमा महत्त्वपूर्ण हुन जाने पक्का छ।

नेपाली साहित्य भण्डार संस्कृत साहित्यको सहायताले बढी समृद्ध भएको छ। संस्कृत साहित्यका ग्रन्थहरू नेपालीमा समेत अनुवाद भई प्रकाशित हुनु पनि यसको लेखन तथा अध्ययनमा नेपाली नवसाहित्यकारहरूलाई सहज बनाएको छ। यसको निरन्तरताले त्यस्तो दृष्टान्तलाई बढी सबल बनाउन मद्दत गर्दछ। नेपाली भाषा भण्डारमा यो कृति कोशेढुङ्गा सावित हुनेमा शङ्का छैन।

लेखकले कविता लेखेर मात्र यसमा प्रकाशनयोग्यता हासिल गर्न सक्दैन। यसको लागि पाँच सदस्यीय तीतामीठा कुरा छनौट समितिको निर्णयबाट छानिएका अनुष्टुप छन्दका मात्र कविता समावेश गर्ने नियमले लेखकलाई खानै कार्य भने पक्कै गर्छ। कवि माधव घिमिरेको भूमिका रहेको यो कृति कुल १ सय १९ पृष्ठमा विस्तारित छ भने शब्दार्थ प्रकाशनद्वारा प्रकाशित यसको मूल्य १११/- राखिएको स्वाभाविकै लाग्छ। समयमा 'साहित्यले मानिसलाई असल व्यवहार को पदयात्री बनाउन सक्षम हुनुपर्छ' भन्ने दृवकोटाको भनाइलाई यस कृतिले चरितार्थ गरेको छ। नेपाली वाङ्मय लेखनका क्षेत्रमा यस नौलो अभियानलाई एक/दुई व्यक्ति वा संस्थामा सीमित नराखी यसको विस्तारीकरणले आजको नेपाली संस्कृतिमा परेको पश्चिमा प्रभावलाईसमेत न्यून गर्नेमा विश्वास सर्न सकिन्छ। अभियानको सफलताको कामनासहित अन्तमा :-

नपर्ख कहिल्यै तुर्न थालेका काममा प्रिय !
छालसाथै नदी कुदछ, किन रोकिन्छ त्यो र त ?
-श्लोक ५५१

नबिसाई गरे काम लक्ष्य भेटिन्छ आखिर
नसुके तितिरे धारो समुद्रै भेट्न पुग्दछ।
-श्लोक ५५२

* * *

समीक्षा

'तीतामीठा कुरा'का मीठा कुरा

➤ रेणुका भट्टराई

मानव सभ्यताको इतिहास मानवको विकासक्रम क्रमैसंग जोडिएको हुन्छ। यसका साथमा मानव संस्कृतिको विकासमा मानवीय शिक्षाको पनि भूमिका रहेको हुन्छ। त्यो भूमिकालाई सांस्कृतिक व्यवहारवादी पधले पनि उत्तिकै सधाएको हुन्छ। यो पधलाई सही दिशामा हिंडाउन अनुशासनको पाठ पढाउने खुराकको आवश्यकता टड्कारो हुन्छ। यही खुराकलाई भाषा सभ्यताको उच्चारणमा नीति भनिन्छ। नीति अर्थात् नियम वा अनुशासनको माध्यम वा सदाचारिताको साधन, अझ भनौं मानवलाई सभ्यमार्गानुगमन गरी चलायमान गराउने विषय हो नीति। यसले धर्मको पर्यायको काम गर्छ तर आध्यात्म र कर्मबीचको सहसम्बन्ध यसको मूल लक्ष्य हुन जान्छ। यसक्रममा नीतिमा कुनै तथ्य कसैलाई सत्य लाग्छ भने कसैलाई भौतिकवादी प्रमाणको अभावमा पराभौतिकीको सिद्धान्त खोज्ने टन्टा। प्रसङ्ग जता लगे पनि आखिर ऊ केवल स्व-अस्तित्व निर्माणमा दत्तचित्त रहेको हुन्छ। यसले आफ्नो सामुमा आएको नीतिका तीतामीठा कुरा स्मरण गर्दै अघि बढ्छ। यही मान्यतालाई ध्यानमा राखेर वरिष्ठ साहित्यकार वसन्तकुमार शर्मा नेपालको संयोजकत्वमा शब्दार्थ प्रकाशनले हालै ल्याएको छ कृति- 'तीतामीठा कुरा'।

जम्माजम्मी एघारजना छन्दयात्रीले अनुष्टुप यात्रा गरी तयार गरेका १ हजार १ सय ३९ श्लोकी तीतामीठा कुरामा मानव कर्म र धर्मका क्षेत्रमा अत्यावश्यक समझदारी, जिम्मेवारी र इमान्दारीका लागि चाहिने ज्ञानतत्त्वका बारेमा उल्लेख गरिएको छ।

अच्युतरमण अधिकारी, उमा मिश्र, गोपीकृष्ण शर्मा, चन्द्रप्रसाद न्यौपाने तथा ठाकुर शर्माका भिन्न विषयमा नैतिक दृष्टान्तलाई आधार बनाएर गुथिएका नीतिका कुरालाई संख्यात्मक हिसाबले राखिएको यस कृतिमा अन्य देवी नेपाल, प्रकाशमणि दाहाल भुवनहरि सिग्देलका अतिरिक्त रामप्रसाद पन्त, लक्ष्मीकुमार कोइराला र वसन्तकुमार शर्मा नेपालको श्लोकसम्बद्धता रहेको छ। प्रत्येक कविद्वारा १०० को हाराहारीमा लेखिएका कविताशहरूले यस कृतिमा लेखनाथकालीन नीतिलेखनलाई बचाउँदै व्यवहारिक दृष्टान्त दिने प्रयास गरिएको छ। सात्विकताविना मान्छे, मान्छे बन्न सक्दैन भन्ने लेखनाथ पौडेल बाँचेका भए सयौंवर्षमा यात्रारत हुन्थे। उनको साहित्य भने यतिबेला पनि उनको भौतिक अनुपस्थितिलाई निवारण गर्ने कार्यमा तल्लीन छ। यो उनको लेखकीय सफलता मान्न सकिन्छ।

श्रमको मूल्य बढ्दो छ श्रममा सब निर्भर
हात खैचेर बस्नेको सम्मान कति हुन्छ र ?
– श्लोक ९६०

संयोजक वसन्तप्रकाश शर्माका अनुसार नीतिगत लेखनमा लेखनाथलाई बचाउँदै आफ्नो यात्रा स्तम्भित बनाउनु यो अभियानको मूल मर्म र लक्ष्य हो। यस अभियानका अर्का अगुवा ठाकुर शर्मा भन्छन्- साधना खडेरी परेका बेला यस अभियानले लेखकहरूमा परिश्रमको बाटो निर्माण गर्न सक्छ र गर्नुपर्छ।

लेखक समूहका रामप्रसाद पन्त भने उहाँहरूको विचारभन्दा पृथक् विचार व्यक्त गर्दछन्। उनको भनाइ छ- यात्रा आरम्भ त भयो तर यसको सफलता भने सबैको सहयोगमा भर पर्दछ। भूमिकामा माधव घिमिरे यसप्रकारको कार्यलाई ' मानवले संगालेको ज्ञानको भिन्का' भन्न रुचाउँछन्। मानिस आफ्नो अनुभवबाट, अरूको प्रेरणाबाट तथा व्यवहारबाट आफूलाई मौरी बनाइरहेको हुन्छ। मौरीले जसरी फोहोरबाट पनि राम्रा कुरा मात्र छनौट गरेर मह निर्माण गरिरहेको हुन्छ, त्यस्तै मानिसले पनि गर्न सकेमा मात्र ऊ 'पात्र' कहलाउन सक्छ, जुन कुरा यस कृतिमा समाहित गरिएको छ।

कतिपय मानिसले पाएको पद र सुविधा खोस्छन् पनि। उनीहरूले आफूलाई मन नपर्ने र आफूले भनेको नमान्ने कतिपय मानिसहरूलाई दण्ड सजाय पनि गर्दछन्। उनीहरूले पनि पहिले निर्णय गर्ने ठाउँमा बसेका मानिसहरूले जसलाई पद र सुविधा दिएका थिए तिनै वा तिनका नजिकका मानिसहरू धेरैजसोलाई नै पद र सुविधा दिएको देखिन्छ। उनीहरूले पनि पहिले निर्णय गर्ने ठाउँमा बसेका मान्छेहरूले जसको सल्लाहको उपेक्षा गर्ये उनीहरूको प्राय: उपेक्षा नै गरेको देखिन्छ। त्यसैगरी पहिले जे जस्ता मानिसहरूको सल्लाहको पालना हुन्थ्यो त्यस्ता मानिसहरूको सल्लाहको अहिले पनि पालना भएको देखिन्छ।

कथामा डुबुल्की मार्दामार्दै म आतिन्छु।

"तपाई डराउनुभयो कि के हो हं कथा सुन्दासुन्दै?" अधिकारी ले सोध्छ।

म झसङ्ग भएर वर्तमानमा फर्कन्छु।

"तपाईलाई यो दोस्रो कथा कस्तो लाग्यो नि ?" उसले सोध्छ।

"शायद यी दुई कथाले दुई फरक फरक युगको इतिहास उतारेका छन्।" मैले भन्छु

"हो, पहिलो कथामा शासन गर्ने ठाउँमा बसेका मान्छेहरूलाई त्यो ठाउँबाट हटाएर शासन गर्ने ठाउँमा पुगेका अर्कोथरी मान्छेहरूको तस्वीर उतारेको हुनाले यो दोस्रो कथाले पहिलो कथाले प्रतिनिधित्व गरेको युगभन्दा पछिको अर्को युगको प्रतिनिधित्व गरेको छ।" उसले भन्छ।

"तर एक हिसाबले डरलाग्दो अर्को हिसाबले अनपत्याएरिलो एउटा तथ्यको उद्घाटन गरेका छन् यी दुवै कथाहरूले।" मैले गम्भीर भएर भन्छु।

"हो शासन गर्नेहरूलाई पदाभिषेकबाट केही प्रभावशाली व्यक्ति र शक्तिहरूले बेलामौकामा आफ्नो इशारामा नचाएको देखिन्छ दुवै कथामा। यसरी डिफ्याक्टो निर्णयकर्ता र डि-जूरे निर्णयकर्ता फरक फरक पनि हुन्छन् भन्ने निष्कर्षतिर लैजान खोजेका छन् दुवै कथाले।" उसले भन्छ।

"मलाई के कुराले सबभन्दा बढी डर लागेको छ भने दुवै कथा संगसंगै पढ्ने हो भने दुवै युगमा डिफ्याक्टो निर्णयकर्ता वा वास्तविक निर्णयकर्ताले एउटै वर्गका व्यक्तिको प्रतिनिधित्व गर्छन् भन्ने निष्कर्षमा पुगिन्छ।" मैले लामो सास फेर्दै भन्छु।

"जुन कुरा सही हो त्यसलाई त सही नै भन्नुपर्छ नि सबैले। होइन र ? अझ लेखकहरूले त अझले भन्दा अझ बढी साहस गर्नुपर्छ सही कुरा भन्ने। होइन र ?" उसले भन्छ।

म बोल्दिनं। उसको टिप्पणीका विषयमा सोच्न थाल्छु।

"मैले अब एउटा अर्को कथा सुनाउन चाहन्छु तपाईंलाई।" उसले भन्छ र नजिकैको एउटा अर्को पुस्तक समातेर पन्ना पल्टाउन थाल्छ।

एकै छिनमा उसले अर्को अर्थात् तेस्रो कथा पढ्न थाल्छ। मेरो मन-मस्तिस्कमा फेरि नयाँ पुराना धेरै पात्रहरूको भीड जम्मा हुन थाल्छ।

एक हुल मानिसहरू आउँछन् र शासन सम्बन्धी निर्णय गर्ने ठाउँमा बसेका मानिसहरूको विरोध गर्न थाल्छन्। शासनमा बसेका मान्छेहरूले त्यसरी आफूभित्र झगडा गर्न आएका मानिसहरूलाई दुख दिने र भगाउने प्रयास गर्छन्। केहीबेर दुवै पक्षको बीचमा लखेटा-लखेट हुन्छ र पिटापिट पनि हुन्छ। आखिरमा ती दुवैथरी मानिसहरूको बीचमा एउटा सहमति हुन्छ र त्यसपछि एउटा चुनाव पनि हुन्छ। चुनावपछि शुरुमा शासन गर्ने ठाउँमा बसेका मान्छेहरू मध्ये धेरैजसोले पद गुमाउँछन् र पुराना शासकहरूको विरोधमा आवाज उठाउनेहरूले धेरैजसो पद प्राप्त गर्छन्। यसरी शासन गर्ने ठाउँमा बस्ने मान्छेहरू

फेरिन्छन् । यसबेला शासन गर्ने ठाउँमा गएकाहरूले पनि उनीहरू भन्दा पहिले शासन गरेका मानिसहरूले जसको सल्लाह लिन्थे उनीहरूको सल्लाह लिएको र उनीहरूको सल्लाह अनुसार कतिपय महत्वपूर्ण काम सम्बन्धी निर्णय लिएको देखिन्छ । पहिले शासन गर्ने ठाउँमा बसेका मान्छेले जसलाई पद, पुरस्कार र सुविधा दिएका थिए तिनीहरू धेरैलाई अहिले पदमा पुगेका मान्छेले पनि पद, पुरस्कार र सुविधा दिएको देखिन्छ । पहिले पर्दाभित्र बसेर निर्णय गर्ने अधिकार भएका ठाउँका मान्छेलाई नचाएर आफ्नो इच्छाअनुसारको निर्णय गराउने मान्छेहरू धेरैले अहिले पनि पर्दाभित्र बसेर त्यस्तो निर्णय गराउने, सफलता पाएको देखिन्छ । अझ विडम्बना के देखिन्छ भने पहिले शासन गर्ने ठाउँमा बसेको मान्छे र तिनका शाखा सन्तान एवं नातापाता र नजिकका मान्छेहरूकै पछि पनि हालीमुहाली देखिन्छ ।

"कस्तो लाग्यो त तपाईलाई यो तेस्रो कथा ?" अधिकारीले कथा पढ्न छोडेर सोध्छ ।

"हँ ?" -म झस्किन्छु ।

"डिफ्याक्टो शासक वा निर्णयकर्ताहरू अहिले यो तेस्रो युगमा पनि उनै छन् कि छैनन् हँ ?" उसले सोध्छ ।

मलाई सबै युगमा एउटै वर्ग र समुदायले युगको लगाम समाएको छ भन्ने जवाफ दिन मन लाग्दैन, म मौन बस्छु ।

"न अब मैले एउटा अर्को कथा सुनाउँछु ।" उसले भन्छ ।

म उसले सुनाएको अर्को कथामा डुब्न थाल्छु । शासन गर्ने ठाउँमा बसेका मानिसहरूको विरोधमा मानिसहरू उभिन थाल्छन् । मानिसहरूको संगठित विरोधको सामना गर्न नसकेर शासन गर्ने ठाउँमा बसेकाहरू त्यो ठाउँ छोड्न बाध्य हुन्छन् । पुराना शासकको विरोध गर्ने मानिसहरू सरकार वा शासनमा पुग्दछन् । पुराना शासकको विरोधमा उभिएका मानिसहरूक पनि एक भन्दा बढी समूह देखिन्छन् वा बन्छन् । ती समूहको बीचमा पनि शासनमा ठूलो सानो भाग भेटाएका र त्यस्तो भाग भेटाउन नसकेका समूहहरूले फरक फरक किसिमका काम कुरा गर्न थालेको सुनिन्छ । यस कथामा पनि पुराना कथाहरूमा झैं कतिपय निर्णयहरूमा पर्दाभित्र बसेका मान्छेहरूको प्रभाव परेको देखिन्छ । अझ पर्दाभित्रको कुनै एउटै व्यक्ति पर्दाबाहिरका एकभन्दा बढी शक्ति समूहले समानरूपले सम्मान गरेको र मानेको देखिन्छ ।

कथा सुन्दासुन्दै म अत्तालिन्छु ।

"भो अधिकारीजी मैले तपाईको कथा सुन्दिनँ ।" म चिच्याउँछु ।

"किन हँ, सबै युगमा त्यस युगका शासकलाई एउटै वर्ग वा समूहले नचाएको निष्कर्षमा नपुग्नका निम्ति तपाई आफै भाग्न खोज्नुभएको त हैन ?" उसले सोध्छ ।

"मैले मेरो आशालाई मार्न चाहन्नँ । मैले भविष्यबाट आशा गरेको छु मेरो आशालाई बचाइराख्न चाहन्छु ।" मैले भन्छु ।

"तपाईले आफ्नो आँखा चिम्लेर आफ्नो अघिल्तिर घटेको घटनालाई नहेर्दैमा त्यो घटनाको अस्तित्व हराउँछ र ?" उसले सोध्छ ।

संभवतः निर्णय गर्ने कानुनी अधिकार भएका शक्ति र संस्थाले निर्णय गर्न नसक्ने र त्यस्तो निर्णय गर्ने अधिकार नभएका संस्था र शक्तिले पर्दाभित्र बसेर निर्णय गर्ने अधिकार भएका शक्ति र संस्थाबाट आफ्नो चाहाना अनुसारको निर्णय गराउन सक्ने अवस्था निद्यमान भएको राज्यलाई नै असफल राज्य भन्नुपर्छ ।" मैले आफैंसित प्रश्न गर्छु ।

"हो, शासनमा डि-जुरे निर्णयकर्ता र डिफ्याक्टो निर्णयकर्ता फरक फरक रहेको मुलुकलाई चिनाउनका निम्ति नै असफल राज्य भन्ने शब्दावलीको निर्माण भएको हुनसक्छ ।"

कविता

यो देश

➤ नारायण गोदारे

पार्वतीहरू पहराका ठोकिंदै
पाखा खोल्ला ओर्लिंदै
आफ्ना रूप र रङ्गमा सजिएर
दृष्टाहरूमा मनमोहक बन्दै हुन्छन्
वन, जङ्गल छलाङ् मार्दै
धराको सेरोफेरो
परिक्रमा गर्दै
स्वाभिमान रूप र रङ्ग
त्यो पहिरनमा झार झङ्ग सजिएर
सौन्दर्य मोहका
मोहनी मुग्ध गराएर
कविता तुल्य सरिता नृत्यमा
अनेकन् वाद्यवादन झङ्कृत भएर
सङ्गीतमय श्रव्यदृश्यहरूमा
प्लावित तुल्याउँदै
जीव चराचर लोभ्याएर
सलिला स्पर्शमा
ऋषि मुनि मन्त्रमुग्ध
गराउने तिम्रो त्यो क्षमता
गौरी शङ्कर नटराज

राशलीलामय अनुभूतिको
सबैले मुक्तकण्ठले
प्रशंसा गर्नैपर्दछ
यो मिथिला र हिमखण्डको
वन मृगधारीहरू रम्दै होलान्
बाघले बघेनीको व्यग्रता
बिर्सिंदै होलान्
बोटवृक्ष फल र फूलका झुप्पाहरू
नुहेर शोभायमान
तिनको स्वागत गर्दैरहेमार्गभरी
हाम्रा दृश्यावलोकन खातिर यो देश
दिव्य दिनकरसंग
सन्ध्या शशिधरसंग
अनेकन् नक्षेत्रादि
झकमक झाकिएर
मुग्धमोहनी
सङ्गीतमय नृत्यमा
रम्दै हुन्छ यो देश
आफ्नो देशावर यात्रामा ।

* * *

लागू औषध दुरूपयोगको रोकथाम तथा नियन्त्रणको कार्यमा सहयोग पुऱ्याऔं ।

आफ्ना सन्तती, परिवार, समाज एवं राष्ट्रको उज्ज्वल भविष्य सुनिश्चित गरी लागू औषध दूर्व्यसन रहित स्वस्थ र समुन्नत समाजको स्थापना गरौं ।

नेपाल सरकार
गृह मन्त्रालय
लागू औषध नियन्त्रण कार्यक्रम
सिंहदरबार ।

लघुकथा

चाडबाडै नआइदियोस्

➤ भाग्यशाली अधिकारी

बुढीआँबै गाई भैंसी लिएर फाँटतिर झरिन् । गाई भैंसी त्यहीं फाँटमा छोडेर आफू चाँहि चौतारीमा शीतल ताप्न गइन् । कता कताबाट त्यहाँ दुई जना बटुवा पसिना बगाउँदै शीतल ताप्न भनेर त्यहीं आए । सररर चीसो हवा सिँदै आनन्दसँग कुराकानी गर्न थाले । एउटाले भन्यो "अब त धमाधम यो सालका चाडबाड पनि सुरु हुन थाले !" अर्कोले "अं त नि ! पन्ध असारदेखि त सुरु भइहाले नि !" समर्थन जनायो । नसुनौं भने पनि त्यहीं नेर बसेकी बुढीआँबैका कानमा परिहाल्यो ।

त्यसपछि त के चाहियो बुढीआँबैका पेटमा रांको लाग्यो । मनमा जबै चिर ताप भएपनि सबै कुरालाई बिसेर आनन्दले ढुक्कसँग गाई भैंसी हदैं शीतल ताप्दै गरिरहेकी थिइन् । जब दैव संयोग सुन्न पुगिन् अनि त उनलाई दोख सन्निपात भएजस्तै हुन थाल्यो, कता जाउँ ! कसो गरौं ! छटपटी मच्चियो, सम्कन थालिन् "हेर ! पोहर साल त घरभरी सबै गम्मागम्मी थियौं, यस्ता चाडबाड सधैं आइरहे पनि हुन्थ्यो भन्ने लग्थ्यो । यसपालि त लाउँ लाउँ खाउँ खाउँ बेलाका दुईवोटा लक्का जवान छोराहरू नै बेपत्ता छन्, घरबाट जागिर खान भनेर हिँडेका कहाँ पुगे कहीं कतै अत्तोपत्तो छैन । आफ्नै पचास वर्षको बुढो समेत कहाँ गा'हो कुन्नि ! एक दुई दिनमा आउँछु भनेर हिँडेको मान्छे कतै खबरखाबर नै छैन । हिजो आज घरमा काम गर्न सक्ने एउटा छैनन् ।

अलि अलि भएको खेती बाली पनि समयमा लगाउन सकिएन, मौकामा लगाउन सकेको भए पो अर्को साल खान पाइन्थ्यो । अर्को सल त झन् भुखमरीमा परिएलाजस्तो छ, त्यो एउटा भएको थोत्रो घर पनि पोहोर साल नै छाउन पर्ने बियो यसपालि पनि छाउन नसकेर गाह्राभरि पानीको तेढ लागेको छ । माथी छानोमा घास उसेर खस्न आँटिसक्यो । मुण्टाभुण्टीहरू पाठशाला जाने गर्थे, त्यो पनि अहिले त पाठशाला नै हलिसक्यो । त्यतिमात्र हो र यसपालि त प्रकृति पनि हामी माथि नै खनिएको छ । कसैका गोठमा भएका सबै गाई भैंसी नै उडायो । कुनैका सबै परिवार नै बेपत्ता बनायो, कसैका भएभरका खेतिपाती बगाई बनायो । जति जति उमेर चाढै गयो त्यति त्यति चिर ताप थपिँदै गएर उठ्नै नसक्ने गरायो । कसै कसैका मनमा शान्ति अमन चैन छैन । अब हामी दुखियाहरूलाई के को चडबाड आउन पन्यो । यस्ता चाडबाड आउन लाग्यो भनेर कसैले नसुनाई दिए पनि हुन्थ्यो नि ! एउटा न एउटा यहीं अघि आएर किन सुनाउन् पर्ने !

फेरि पोहोर परार ऐलेसम्म धनेक गुनियो फेर्ने बाखा पाठ बेचेर पुँगराख्याथ्यो ढुक्क थियो ऐले त त्यो पनि छैन भनेपछि हामीलाई त्यो चाडबाड किन चाहियो किन आउनु पन्यो ! त्योभन्दा त बरू त्यो चाडबाड कहिल्यै नआइदिए पनि हुन्थ्यो । चाडबाड आउन लाग्यो भन्यो कि त जीउनै धरर कँप्न थाल्छ, ढुक ढुक मुटु नै हल्लिन्छ, त्यसै त्यसै छातीमा रांको लाग्न थाल्छ भन्दै बसिन्द आँसुका धारा बगाउँदै आकाशतिर फर्केर ए भगवान् ! ए विधता ! यो दुनियामा हामीलाई हमाउपरमा तिमीले दिएको न्याय निसाफ यही हो ! हामीले त कसैमाथि पनि अन्याय गरेका थिएनौं तर पनि किन सजाय पाइरहेका छौं ! भन्दै एकै छिन घोप्टो परेर क्वाँ क्वाँ रोइन् र केही बेर पछि उठेर के गर्नु ! जस्तै बडपात पर्ने आए पनि सहने पर्दा रोछ भनेर बिस्तारै आफ्नो चित्त समालेर फेरि तिनै आफ्ना गाई भैंसीहरू लिएर हिँडिन् ।

समजुङ, दुराडाँडा

उसले भन्छ ।

"मैले आफ्नो राज्य असफल भएको देख्ने चाहन्नं ।" म आवेशमा आउँछु ।

"हो, मैले पनि तपाइले जस्तैनै निर्णय लिने परम्परादेखि चलिआएको प्रवृति भत्काउन चाहन्छु ।" उसले भन्छ ।

"त्यसो हो भने हामीहरू सबै पर्दामित्र रहेर आफ्नो स्वार्थ पूरा गराउनका निम्ति गोटी चाल्ने अदृश्य शासकहरूको समूहसँग सजग हुनुपर्छ ।" मैले भन्छु ।

"अदृश्य शासकहरूको समूह अर्थात् डि-जुरे शासकहरूलाई घुमाउने डिफ्याक्टो शासकहरूको समूह !" उसले भन्छ ।

"के भन्नुभएको हं ?" मैले सोध्छु ।

"भूमिगत गिरोह अर्थात् भूमिगत शासकहरूको समूह अर्थात् भूमिगत भारदारहरूको समूह वा वर्ग ।" उसले मन्दैजान्छ ।

"यो पछिल्लो कथा अझ कति लामो छ हं ? मैले अघि तपाईंले सुनाउँदासुनाउँदै डिस्टर्ब गरें, अहिले मलाई नै के भएहोला त्यसपछि भन्ने कुरा जान्ने इच्छा लाग्यो ।" मैले भन्छु ।

ऊ हाँस्छ ।

"कथा त उसैबेला सकियो ।" उसले जवाफ दिन्छ ।

"पर्दाभित्र बसेर कानूनी अधिकार पाएर बाहिर शक्ति वा शासनमा बसेको वर्गलाई आफ्नो चाहनाअनुसार घुमाउने सामर्थ्य राख्ने समूहले यो पछिल्लो युगमा के कति प्रभाव पारेको देखाएको छ हं यो पछिल्लो कथाले ?" मैले सोध्छु ।

ऊ फेरि हाँस्छ ।

म अल्मलिन्छु र एकछिनपछि कथाको पुस्तक समातेर आफ्नै प्रश्नको उत्तर खोज्न थाछु ।

"डिफ्याक्टो निर्णयकर्ता र डि-जुरे निर्णयकर्ता एउटै हुने अवस्थाको सिर्जना होला र यो भविष्यमा कहिल्यै ?" अधिकारी एक्लै गुन्गुनाएको सुनिन्छ ।

ऊ गुन्गुनाएको सुन्दै नसुनेझैं गरी मेरा हातहरू पूर्ववत् कथाका पानाहरू पल्ट्याउनतिर लागिरहेकाछन् ।

"ए पाण्डेजी ! तपाईंलाई यी कथाहरूले कुनै खास मुलुकको इतिहासको चित्र उतारेकाछन् जस्तो लाग्छ कि लाग्दैन हं ?"

"खोई, मलाई त यी कथाहरू हाम्रो आफ्नै मुलुकको र समाजको इतिहास उतारेकाछन् कि जस्तो लाग्छ ।" मैले विचार गरेर जवाफ दिन्छु ।

"अरू मुलुकका र समाजका मानिसहरूलाई पनि यी कथाहरूले उनीहरूकै इतिहासको चित्र उतारेकाछन् जस्तो लाग्छ कि लाग्दैन हं तपाईंलाई ?" उसले फेरि सोध्छ ।

म गम्भीर हुन्छु ।

"सबै मुलुक र समाजमा कतिपय उस्ताउस्तै प्रवृतिहरू रहेको भेटाउन पनि सकिन्छ होला केही हदसम्म ।" मैले विचार गर्छु ।

यी कथाहरूले सामान्य सांसारिक प्रवृतिको चित्रण गर्ने सफलता कुन हदसम्म, पाएकाछन् भन्ने कुराको आँकलन गर्ने प्रयासमा लाग्छु म ।

"अर्कातिर यी कथाहरूले भूमिगत निर्णयकर्ताहरूलाई सरकारको समर्थन मात्र हेरेका छैनन् जस्तो मलाई लाग्छ, नीति तथा गैरसरकारी संघ संस्था वा शक्तिका निर्णयहरूमा पनि अदृश्य शक्तिहरूले आफ्नो खेल खेलिरहेका हुन्छन् भन्ने निष्कर्षमा समेत यी कथाहरूले हामीलाई पुऱ्याउन खोजेको छ ।"

उसले भन्दा म झस्कन्छु र फेरि कथाका पाना पल्टाउन थाल्छु ।

* * *

कविता

खोजी

➢ तीर्थराज अधिकारी

मेरो भविष्यको खेती गर्न,
मलाई एउटा व्याह चाहिएको छ
हराएको वर्तमान देखाई देउ मलाई
हरपल
कालाभूतहरूले तर्साउने गरेका छन् अघेल
यहाँ,
पलपलमा वर्तमान भूत बन्छ,
पलपलमा भविष्य वर्तमान बन्छ
हेर्दा हेर्दै
जादु जस्तै,
गह्यौलाहरू सर्प भए
सर्पहरू अजिङ्गर
नगिचको वस्तु जिब्रोले तान्छन् उनिहरूले
टाढाको वस्तु श्वासले
बेर छैन कुनै दिन जिब्रोले तान्छकी मलाई
बेर छैन कुनै दिन स्वासले तान्छकी !
भविष्य अन्धाकार छ
सुन्दर भविष्यको खेती गर्न
सुनौला दाना फल्ने बिरुवा उमार्न
मलाई एक व्याह चाहिएको छ !

अन्नका दाना दाना सित मानिस लुछाचुड़ गर्छ
निहत्था छ समाज
निरीह छ चेतना
यहाँ मानव अधिकार गिरफ्तार छ
बुद्धिजीविहरू लगातार बेचैन छन्

जीवनको विडम्बनासित सुख साट्न
मलाई एउटा तराजु देऊ
म वृतान्त सुनाउँछु
मलाई एउटा माईक देऊ
हराएको संवेदनशीलता खोज्न
मलाई एउटा बत्ती देऊ ।

यहाँ
मनोभावना बजारमा फिजिएको छ,
मानिस आफै जित्छ
आफै हार्छ
कहिल्यै नथाक्ने मानव जिजीविषा
कायम राख्न
कहिल्यै नथाक्ने युवालाई निदाउन नदिन,
मलाई अलिकति तेल र कपडा देऊ
म चिराग बालेर
युवाहरूको निद्रा हटाउँछु।

देश, देश भनिन्छ,
देश के हो ?
देशको ध्वस्त हुनलागेको आदर्श बचाउन
सूचनाको विश्व वर्चस्व कायम राख्न
मानवीय चेहरामा नयाँ स्वप्न दिन
भरपर्दो रेखा कोरेर जीवन्त तागत भर्नु छ,
मलाई एक टुक्रा कागत देऊ ।

* * *

बोल्दछ मूर्ख चैं धेरै कसैले नसुने पनि
बज्दछ जसरी गागरी रित्तो चैं ठोकिंदै पनि ।
भाग्य ओझ्यानमा पर्छ अन्धीका साथ सुत्दछ
हेर्नोस् धावकको छाया उसकै साथ कुद्दछ ।

'तीतामीठा कुरा' बाट

कविता

आफ्नै चञ्चल मनसित

➢ ब्रह्मप्रिय प्रेमस्वरूप

ए मन ! तं बुद्धु बनेर
समुद्रको लहरसँग पैठेजोरी किन खेल्छस् ?
समुद्री लहरले त दुनियाँको सेवा गरिरहेछ
दुनियाँमा अनेक लीला कर्म छरिरहेछ
समुद्रले त अनेकौं जीवजन्तु पालिरहेछ
क्षणभरमै बादल जन्माउन सक्छ
वर्षाको लीला रचेर
बादललाई उडाउँदै पहाडमा ठोक्काउन सक्छ
त्यो बादललाई पानीको रूपमा फेरि समुद्रमै
फर्काउन सक्छ ।
हे मन ! तं धैर्य धारण गर्
समुद्री लहर झैं तरङ्गमा नचल
तं निश्चल बनिस् भने,
समाधि नामको आनन्द लिन सक्छस्
तं लहर चलाउने शक्ति चिन्न सक्छस्
खोजी पस् है मन खोजी पस्
तं त अनुसन्धान होस्
तं त परम चेतन होस्
केही क्षण रोकेर त हेर्
केही क्षण अनुभूत गरेर त देख्
विराट् पुरुष कहाँ लुकेका छन्
दिव्य पुरुष कहाँ शयन गरेका छन् ?
जलैजलले परिपूर्ण यस जगतमा
दिव्य पुरुष कहाँ छिपेका छन्
खोजिस् भने देख्नेछस्
खोजिस् भने भेट्नेछस् ।

हे मन ! तं भ्रमको खेती छोडेर
कपटपूर्ण व्यवहार तोडेर
चञ्चल वृत्तिलाई निवृत्तिमा बदलेर त हेर्
यो जगतमा अन्नमय, प्राणमय, मनोमय,
विज्ञानमय कोश मात्र छ कि !
आनन्दमय सागर पनि छ
त्यो तं प्रष्ट अनुभूत गर्नेछस् ।
मन, तैंले निरोध रूप धनोले नै
मन, तैंले निश्चल कृपा वर्षाउनाले नै
दरबार त्यागे सिद्धार्थ गौतम
मोह तोड्ने युवराज कुमार
बुद्ध बन्न सकेका हुन्
करुणा सागर अवतार
धर्म सफल बनेका हुन्
पतञ्जलि जस्ता व्यक्तिले
योग विभूति देखेका हुन्
त्यसैले त मनश्च चित्तवृत्ति निरोध
भन्दै योगदर्शन प्रकट गर्न सकेका हुन्
हे मन ! तं अब चञ्चल नमन
मैले तेरो चञ्चल चाल धेरै देखिसकें
मैले तेरो लहर सिन्धु धेरै भोगिसकें
हे मन ! तं अब निश्चल बन
म पनि एकफेरा दिव्यपुरुषलाई देख्न सकुं
म पनि एकफेरा विभूतिदर्शन गर्न सकुं ।

➢ शान्ति : शान्तिः शान्तिः

फतिखेर विविध हुनसक्थ्यो। तर गुरुङको रोजाइ रह्यो- 'मुगु'। त्यसैले मुगुप्रतिको लेखकको इमानदारि तामा शङ्का गर्ने ठाउँ छैन। प्राज्ञ रत्नाकर देवकोटा भूमिका खण्डमा लेखकप्रति कृतज्ञता प्रकट गर्ने क्रममा लेख्छन्, -"यहाँको (मुगु र समग्रमा कर्णाली अञ्चलको) गौरवमय इतिहास, भाषा, साहित्य, सस्कृति, कला र रहनसहनबारे जस्ताको त्यस्तै उतार्ने लेखक कर्णाली अञ्चलले चाहेकोमा लेखक गुरुङज्यूबाट यो काम भएको हामीले पाएका छौं।" यसबाट पनि यस कृतिले समेटेको व्यापकताबार स्पष्ट हुन्छ। मूल सामग्रीका लागि कुल चवन्न पृष्ठ खर्चेको यस कृतिको आकारगत स्वरुपभन्दा विषयवस्तुको छनोट, गाम्भीर्यता र प्रस्तुति बढी महत्वपूर्ण देखिन्छ। धार्मिक रहनसहन, चाडपर्व, प्राकृतिक जडिबुटीको भण्डार, भेषभूषा, भाषा, साहित्य आदिले धनी रहे पनि आधुनिक विकासका दृष्टिले पछाडि परेको समग्र कर्णाली अञ्चल र मुगुप्रति सद्भाव मात्र व्यक्त गर्ने पात्र पाउनु पनि अहिलेको सन्दर्भमा बढी महत्वपूर्ण हुने देखिन्छ। मुगुप्रति सकारात्मक सोच राख्नेका लागि यो प्रयास/कृति पक्कै पनि एउटा महत्वपूर्ण घच्चघ्याइ हुन सक्छ।

तर पाठकहरुमा यहाँ एउटा कुरोमा द्विविधा हुनसक्छ। मुगुको सेरोफेरो भन्नेबित्तिकै पाठकहरुले अहिलेको मुगुको समग्र पक्ष यसमा खोज्न सक्छन्। त्यो भने यहाँ सम्भव छैन। २०३२/३३ र त्यसकै सेरोफेरोका कतिपय तथ्याङ्कहरु पनि यसमा समाविष्ट छन्। यसो भए तापनि कतिपय कुराहरुमा खासै भिन्नताहरु नहोलान्। बजारको मुल्यवृद्धिजस्तो आनकातान फरक पर्ने स्थितिमा सास्कृतिक परिवर्तन र विकासको गति हामीकहाँ पक्कै छैन, न त त्यो सम्भव पनि छ। त्यसमाथि पनि सडक यातायातको पहुँच नभएको कर्णाली अञ्चल र हवाइ यातायात समेत नभएको मुगुको विषयमा यस किसिमको अपेक्षा गर्नु अझै बढी असान्दर्भिक हुन्छ। यस अर्थमा यसलाई प्रतीकात्मक रुपमा हेरिनु बढी सान्दर्भिक हुन्छ। किनकि, यसरी विकास र निकासका हिसाबले दशकौंदेखि पिछडिएका धेरै मुगुहरु नेपालमा अझै पनि विद्यमान छन्। यी सबैको समग्र विकास र पहिचानका निमित्त मुगुलाई प्रतिनिधिका रुपमा अघिकार गरी अगाडि बढ्नु राष्ट्रकै हितमा हुने देखिन्छ। त्यसैले मुगुलाई एउटा प्रतीकका रुपमा स्वीकार्नु सर्वथा उपयुक्त हुने देखिन्छ।

लेखकले कृतिभित्र सुझावका रुपमा औंल्याएका विषयमा सम्बन्धित पक्षको ध्यान पुगी कार्यरुपमा परिणत हुने कुरामा पक्कै पनि आशा गर्न सकिन्छ। कर्णाली अञ्चलको समग्र विकासबारे सरकारसमेतले विशेष चासो दिइरहेको वर्तमान अवस्थामा त्यसैभित्रको विकट जिल्ला मुगुको सन्दर्भलाई समेटेर यस किसिमको कृति सार्वजनिक हुनु अहिलेको सन्दर्भमा सहाहनीय कुरो हो। कृति समसामयिक छ र यसनिम्ति लेखक बधाइका पात्र हुनुहुन्छ। आधा सय मूल्य राखिएको यो कृति मुगुका विषयमा विविध किसिमको जानकारी राख्न चाहने जोसुकैका लागि पनि पठनीय र सङ्ग्रहणीय देखिन्छ। बोल्नेको पिठो मात्र होइन, नबोल्नेको चामल पनि बिक्नु पर्ने आजको चौतर्फी आवश्यकता हो। तसर्थ यस कुरालाई समेत दृष्टिगत गर्दै 'कुरा चिप्ला मीठा' बाट बची निर्धोक पक्षमा भविष्यमा पनि यसैगरी बोल्दै जान लेखकलाई शुभकामना।

* * *

अंगार दाग नै पार्छ बले वा नबले पनि
दुष्ट ता दुष्टता गर्छ साधीसङ्गतमा पनि।

अति गर्व भए पर्व बन्दैन क्यै गरे पनि
कसैका मदको खेल बन्दैन खास जीवनी।

कष्टको भार बोक्छन् है सेवार्थ ती गुणी जन
विष खाए पिनाकीले विश्वकल्याण खातिर।

कार्यकारणले मित्र शत्रु नै बन्न पुग्दछन्
प्रिय रावणका भाइ विभीषण त शत्रु छन्।

'तीतामीठा कुरा' बाट

समीक्षा

दुई कृतिमाथि विहङ्गम दृष्टि

➤ *हरिप्रसाद भण्डारी*

१. अज्ञात-यात्राका पदचिन्हहरू : (कवितासङ्ग्रह)

कृष्ण बाउसे नेपाली साहित्य क्षेत्रमा छरिएको चिरपरिचित नाम हो। गरिमा, मधुपर्क, गोरखापत्र, कान्तिपुर लगायतका पत्र-पत्रिकाहरूमा फुटकर रचनाहरू प्रकाशित भइरहने बाउसेका कविता सङ्ग्रहका रूपमा पनि प्रकाशित भएका छन्। स्वच्छन्द रूपमा कविता कोर्ने कवि बाउसेको 'यस्तो उद्घोष गर्छु' कवितसङ्ग्रहपछि प्रकाशित अर्को कवितासङ्ग्रह हो यो 'अज्ञात-यात्राका पदचिन्हहरू'। छ दर्जन छोटा-छोटा कविताहरू समेटिएको यस सङ्ग्रहमा प्रकाशित कविताहरूमा विविध विषय र भावना समेटिएको छ।

पुस्तकको सुरुवातमै 'द्रष्टाका दृष्टिमा स्रष्टा र सृष्टि' शीर्षकमा कविको अघिल्लो कृतिको बारेमा विभिन्न विद्वान्हरूबाट प्रकाशित भएका अभिव्यक्तिहरूका केही अंशहरू हेर्दा कविको अघिल्लो कृति पनि राम्रो रहेको र उनको कवितात्मक विशेषता स्पष्ट भएको कुरा सहजै अनुमान गर्न सकिन्छ। त्यहाँ अभिव्यक्त भावनाहरूका केही अंश यस्ता छन्- 'कृष्ण बाउसे कुनै पनि सैद्धान्तिक बादमा बाँधिएका नहुनाले आदर्श काव्यस्रष्टाका रूपमा प्रतिष्ठित छन्' -डा. तारानाथ शर्मा। 'बाउसेका कवितामा वर्तमान युगको विसङ्गत जीवनका भोगाइका कटु-यथार्थहरू प्रतिबिम्बित छन्'- प्रा. गोपीकृष्ण शर्मा। 'काव्यात्मक तीव्र भावाभिव्यक्ति र स्वच्छन्द चिन्तन नै कवि बाउसेको काव्यात्मक विशेषता हो' -हेमन्त श्रेष्ठ। 'कृष्ण बाउसे कुनै राजनीतिक आग्रह पुर्वाग्रहका नजिक छैनन्' -उदय निरौला। 'कविता हेर्दा उनी सरल छन्। सरलतामा गहनता छ। त्यसैले कवि बाउसे लोकप्रिय छन्' - ठाकुर शर्मा। 'मानवतावादी चिन्तन, सरल र सुस्पष्ट लेखन शैली, सहज र बोधगम्य बिम्ब एवं प्रतीकहरूको प्रयोग र स्वच्छन्दतावादी काव्य-धारा कविको विशेषता हो' - सुदिपभद्र खनाल। 'बाउसे मनमा कुरा लुकाउँदैन, मन्न हिथकिचाउँदैन, अन्मनिँदैन। जस्तो छ त्यस्तै उताछ, मानौं रामरी पारी लगाएको ऐना हो उसको कविता' - जगत रञ्जन। 'उनको चिन्तन मौलिक छ' - विमल भौंकाजी। 'बाउसेका कविताका हामीले टेकेको माटोको बासना मगमगाएको छ, हामीले पाएको शासनको गन्ध छरिएको छ' - अनमोलमणि अनाथ पौडेल आदि।

लेखक विद्वान्हरूले भनेजस्तै कवि बाउसेलाई कलम माझिएका कविका रूपमा ग्रहण गर्न साथ दिएको छ यस सङ्ग्रहले पनि। यस सङ्ग्रहमा सङ्ग्रहित कतिपय कविताहरू निकै राम्रा छन् र समसामयिक परिवेशलाई समेट्न सकेका छन्। नेपालको परिप्रेक्षमा बसको यात्रा गर्नु भनेको 'अरिङ्गालको गोलोमा आफै होमिनु आफ्नो मलामी आफै जानु हो, जानी जानी सिस्नोधारीको सास्ती खानु हो, आफूले आफैलाई द्रौपदी बनाएर दुःशासनको अगाडि लाग्नु हो' भन्दै कविले नेपालको असुरक्षित र अव्यवस्थित बस यात्राप्रति तिखो व्यङ्ग्य हानेका छन्। त्यस्तै 'वेश्या र बाबरीहरू' शीर्षकको कवितामा पनि कविले हाम्रो समाजको घिनलाग्दो प्रवृत्तिप्रति घृणा गरेका छन्। दलालहरूको जनजालमा फसेर वेश्या बन्न बाध्य भएका नारीहरूप्रति कविले सहानुभूति प्रकट गर्दै लेखिएको यस कवितामा उनी 'दलालले बम्बै पुऱ्याएका मेरा चेलीहरूलाई वेश्या नभन्नु' भन्दै अप्रत्यक्ष रूपमा त्यसरी वेश्या बन्न पर्नु उनीहरूको दोष होइन भन्ने सन्देश दिन खोजिएको

छ यस कवितामा । त्यस्तै कवि बाउसेको 'धर्म र जीवन' कविता पनि अत्यन्तै राम्रो छ । उनी लेख्छन्-

'बग्नु पानीको धर्म हो भन्दैमा
घरहरू बगाउँदै बग्नु हुँदैन पानीले
घर बग्दा मान्छेहरू पनि बग्छन् ।
बल्ने आगोको धर्म हो भन्दैमा
घरहरू डढाउँदै बल्न हुँदैन आगोले
घर बल्दा मान्छेहरू पनि डढ्छन् ।

मृत्यु अवश्यंभावी छ
तर त्यसो भनेर
मृत्युको धोडा बनेर बस्न हुँदैन मनहरूले
मनै मरेपछि त
सय-वर्षको आयुको पनि केही अर्थ रहँदैन
मान्छेहरू बाँच्दाबाँच्दै पनि मर्छन्
मान्छेहरू हाँस्दाहाँस्दै पनि मर्छन् ।'

त्यसैगरी 'कविको वाणी' शीर्षकको कवितामा बढ्दो महँगीप्रति तीव्र आलोचना गर्दै उनी लेख्छन्-

'बजारमा मान्छेको जीवनबाहेक अरू कुनै चीज सस्तो छैन ।'

त्यसैगरी असल मान्छे शीर्षकको कवितामा वर्तमान असल भनाउँदा मान्छेहरूप्रति व्यङ्ग्य गर्दै उनी लेख्छन्-

'अस मान्छेहरू बाबु-साहेबको आँगनमा बसेर च्यातिएका तमसुकका टुक्राहरू जोरजाम पार्दै थिए ।'

त्यस्तै यो देश विगार्ने तत्व भनेकै निरङ्कुश तन्त्र हो भन्ने कुरामा पनि कवि सचेत छन् । यसै कुरालाई पुष्टि गर्नेक्रममा 'सत्य कथन' शीर्षकको कवितामा उनी लेख्छन्-

'निरङ्कुश-तन्त्रको कानमात्र होइन
आँखा पनि हुँदैन, केवल हसुर्ने मुख हुन्छ
अनि उसले विवेकलाई धन्काएर खोपामा
त्यसरी नै जथाभावी प्रहार गरिरहन्छ ।'

साहित्य सिर्जना गर्दा शैली र विचार पक्षलाई ध्यान दिनु जरुरी ठानिन्छ । हुन त परम्परावादी साहित्यकार वा समीक्षकहरूले शैलीपक्षलाई मात्र ध्यान दिएका हुन्छन् । विचार पक्षलाई गौण ठानेका हुन्छन् । तर त्यो विचार सही होइन । किनकि प्राणबिनाको जीव र विचार बिनाको साहित्यको कुनै महत्व हुँदैन । असल विचार साहित्यको प्राण हो । त्यसैले साहित्य लेख्दा वा हेर्दा कवि त्यसप्रति कति सचेत छ, त्यसका आधारमा कवि र कविताको मूल्याङ्कन गरिनु पर्दछ । मैले यस्तै आँखाले हेरें यस सङ्ग्रहलाई पनि । कविता हेर्दै जाँदा लाग्यो कवि बाउसे शैली र विचार दुवै पक्षमा सचेत छन् । उनको विचार परिपक्व छ, शैली सबल छ र प्रत्येक कविता माझिएका छन् । उनका धेरैजसो कविताहरू व्यङ्ग्यात्मक छन् । गलत परम्परा र प्रवृत्तिप्रति खरो व्यङ्ग्य गरेका छन् उनका कविताले । कवितामा हुनुपर्ने विशेषताहरू समावेश छन् सबै कविताहरूमा । यस मानेमा हेर्दा कवि बाउसेको कवितात्मक भविष्य उज्ज्वल देखिन्छ । उनको कलम थाम्नु हुँदैन । उनको विचार धरमराउनु हुँदैन र उनी अज्ञात यात्रा होइन एउटा स्पष्ट यात्रा समातेर अगाडि बढ्नुपर्छ । पूर्व समीक्षकहरूले भनेजस्तै कवि बाउसे कुनै वादमा नबाँधिएका होइनन् एकदम बाँधिएका छन् । उनी सामन्तवादको विरुद्धमा, निरङ्कुशतन्त्रले मच्चाएको तान्डव नृत्यको विरुद्धमा सशक्त रूपमा पोखिएका छन् एउटा वादको विरुद्धमा ज्वाला बनेर अगाडि बढ्नु कुनै वादको पक्ष लिनु वा वादमा बाँधिनु हो कि होइन ?

यति हुँदाहुँदै पनि कतिपय वैचारिक कुराहरूमा कहिलेकाहीँ कवि अलमलिएको देखिन्छ । 'एउटी वृद्धाको प्रतिबिम्ब' शीर्षकको कविताले के भन्न खोजेको हो प्रष्ट हुँदैन । कविताको पुछारमा लेखन समय राख्न पाएको भए कुन परिवेशमा लेखिएको कविता हो त्यसका आधारमा पढ्दा पाठकले अरू बढी स्वाद लिन पाउँथे कि भन्ने लाग्छ मलाई ।

नेपालको साहित्यिक इतिहासमा नाम कमाइसकेको 'दायित्व बाङ्मय प्रतिष्ठान, नेपाल'

आवश्यकता हो । यस्तै वर्तमान आधुनिक युगसम्म पनि मुगुमा कायम रहेको धार्मी प्रथा र मुगुबासीको धार्मिक आस्था कति विचित्र र अनौठो छ भन्ने विषयको व्यापक चिरफार, खोज र सुझाव लेखकले **'अन्धविश्वास र परम्पराको मार्मिक थलो मुगुमा धर्म र धार्मीको प्रभाव'** लेखमा प्रस्तुत गरेका छन् । मुद्दा मामिलाको छिनोफानोदेखि लिएर जुनसुकै काममा पनि धार्मीको निर्णयलाई निर्धक्क स्वीकार गर्ने परम्परा अनौठो किसिमको छ । सबै विश्वास र परम्पराले समाजलाई हित नै गर्छ र अगाडि बढाउँछ भन्ने छैन । कतिपय नराम्रा र सामाजिक विकासका बाधक यस्ता धार्मिक अन्धविश्वास र परम्परालाई एकैपटक समूल नष्ट गर्न असम्भव भएकाले आधुनिक क्रियाकलाप र प्रविधिसँग यसलाई गाँस्दै लैजानुपर्ने लगायतका समसामयिक सुझाव लेखकको छ । यसरी अगाडि बढ्दा एउटा निश्चित बिन्दुमा पुगेर यस्ता संस्कार हरु आफैं मासिएर जाने कुरामा शङ्का गरिरहन पर्दैन । यस सन्दर्भमा उल्लिखित लेखले साँच्चिकै रोचकता प्रदान गरेको छ ।

विकासको पहिलो खुट्किलो भनेको शिक्षा हो । यस कुराप्रति लेखक सचेत छन् र भौगोलिक तथा विकासका हिसाबले सबै तहबाट पछाडि परेको मुगुमा शिक्षाको अभाव उनले अनुभूत गरेका छन् । साधारण शिक्षामाभन्दा व्यावसायिक शिक्षाको विस्तारमा लेखकले जोड दिएका छन् । नयाँ शिक्षा योजनाको जगजगी भएका समयमा पटकपटक माध्यमिक विद्यालय निरीक्षक र जिल्ला शिक्षा अधिकारी समेत भएर मुगुमै काम गरेका लेखकले तत्कालीन शिक्षा योजनाको मर्मअनुरुप व्यावसायिक शिक्षामा जोड दिनु त्यतिखेरको उनको पदीय मर्यादा र पेशागत धर्म थियो । तर यति हुँदाहुँदै पनि मुगुजस्तो विकट स्थानका लागि यस किसिमको व्यावसायिक शिक्षाको आवश्यकता अझैले पनि त्यत्तिकै अपरिहार्य देखिन्छ । यो शाश्वत् कुरा हो । कतैकतै लेखक आत्मश्लाघी भएजस्तो देखिए पनि **'मुगुमा व्यावसायिक शिक्षाको आवश्यकता'** नामक लेखमा लेखकले प्रस्तुत गरेका तथ्याङ्क र वस्तुगत यथार्थ अझैलेका सन्दर्भमा पनि उत्तिकै सान्दर्भिक देखिन्छ ।

यसका अतिरिक्त **'भौगोलिक परिचय'** नामक लेखमा मुगुको भौगोलिक अवस्थिति र चिनारी प्रस्तुत गरिएको छ । लेखक मुगौलकै विद्यार्थी भएकाले यो लेख पढ्दा जोकोहीले पनि मुगुको परिचयात्मक जानकारी सहज रुपमा पाउन सक्छ । यसैगरी यस कृतिभित्र मुगुको सामाजिक जनजीवनका विषयमा जानकारी लिन **'मुगुको जनजीवन'** नामक छुट्टै लेख पढ्न पाइन्छ, जसले त्यहाँका बासिन्दा र तिनको जनजीवन कस्तो छ भन्ने सहज जानकारी दिन्छ । मुगु जिल्लाभित्र 'मुगु' नामक छुट्टै गाउँ रहेको छ र लेखकले त्यसका लागि एउटा शीर्षक नै खर्चेका छन्- **'मुगु गाउँ'** नाम दिएर । यसले 'मुगु' भित्रको 'मुगु' का विषयमा विशेष जानकारी प्रदान गर्छ ।

'रारा' का विषयमा नसुन्ने नेपाली कमै होलान् । लेखकले यस कृतिमा **'प्रकृतिकी रमणी राराको सम्झना'** भनेर राराको विविध पक्षमा जानकारी दिएका छन् । 'रारा' से कसरी 'रारा' हुने अवसर पाइन् भन्ने कुरा समेत यस लेखमा प्रष्टयाइएको छ । यसमा चित्रित वर्णनकला साँच्चिकै मनमोहक छ । कुनै बेला रोदीका नाइके भएर रोदीघर धाएका लेखक गुरुङलाई मुगुको लोकसस्कृति, देउढा र यससँग सम्बन्धित नाचगानले नछुने कुरै भएन । त्यसैले यससम्बन्धी सामग्रीलाई उनले बढो महत्वका साथ **'मुगुमा लोकगीत र देउढा'** नामक लेखमा समेटेका छन् । मुगुमा प्रचलित विभिन्न गीतका नमूना पङ्क्ति, त्यसको आशय र गीत सुरुआतको प्रसङ्ग आदि पक्ष यसमा समेटिएका छन् । सबैको चासोको विषय केटा र केटीको प्रेम प्रसङ्गका कुरा पनि विभिन्न सन्दर्भमा यस लेखमा वर्णन गर्न लेखक चुकेका छैनन् । यसरी केसाउँदा उल्लिखित विभिन्न लेखहरुमा चित्रित विषयगत प्रस्तुति, यसको कला पक्ष र सन्दर्भअनुसार सुसज्जित चित्रहरुले कृतिलाई अझै रोचक बनाएको अनुभूति गर्न सकिन्छ ।

स्वभावैले मानिस बलेको आगो ताप्छन् । तर उनी त्यसो गर्दैनन् । बलेको आगो ताप्नेको रोजाइ

समीक्षा

मुगुको सेरोफेरो

➤ बिडि गुरागाई

साधारण शैलीमा गहन कुराहरूलाई मन छुने किसिमबाट अभिव्यक्तिएको,- 'मुगुको सेरोफेरो' नामक कृतिको गुदी जति आकर्षक र यथार्थपरक छ, त्यतिकै आकर्षक र यथार्थपरक छ यस कृतिको बाहिरी आवरण पनि। पुस्तकसंग आँखा जुध्नेबित्तिकै जो कोही पनि यसबाट टाढिन सक्तैनन्, बाहिरी आवरणकै कारण पनि।

हो,- 'मुगुको सेरोफेरो' नामक कृतिका विषयमा यो पाठकमा पर्ने पहिलो छाप हो। २०६३ श्रावणमा प्रकाशित यस कृतिका लेखक हुनुहुन्छ,- 'दोलखबहादुर गुरुङ'। कलमको खेल उहाँलाई मन पर्ने विषय हो। यही कलमको खेलमा अलमलिइरहने उहाँको स्वभाव र आचरणले उहाँलाई एक सफल कृतिकारका रुपमा स्थापित गरेको छ,- यतिखेर। फुर्सदको क्षणलाई दुर्व्यसनमा नखर्चेर सकारात्मक दिशामा आफूलाई सदुपयोग गर्ने र गरेको कामलाई राम्रोसंग राखनधरन गर्ने उहाँको विगतदेखिको आनिबानीले उहाँलाई अहिले यो लेखकीय अवसर जुर्न पुगेको छ। पेशाका हिसाबले मुलुकको महत्वपूर्ण प्रशासकीय पदमा कार्यरत हुनुहुन्छ,- दोलखबहादुर गुरुङ। लेखकीय व्यक्तित्व त उहाँभित्र लुकेको अदृश्य प्रतिभा मात्र हो। तर यही अदृश्य प्रतिभाको परिणतिका रुपमा अहिले पाठक सामु देखापरेको छ,- आकार का दृष्टिले सानो तर महत्वपूर्ण कृति- 'मुगुको सेरोफेरो'।

के छ त यस कृतिभित्र ? पाठकमा यस किसिमको जिज्ञासा उठ्नु स्वाभाविक हो। यसभित्र मुगु जिल्लाको विविध विषयवस्तुमा प्रकाश पार्ने प्रतिनिधिमूलक विभिन्न आठवटा लेखहरु समाविष्ट छन्। यसभित्र समाविष्ट केही लेखहरु विभिन्न पत्रपत्रिकामा पहिले नै प्रकाशित भइसकेका छन् भने केही लेखहरु अप्रकाशित पनि छन्। यसरी हेर्दा मुगु जिल्लाका विषयमा केही प्रकाशित र केही अप्रकाशित लेखहरुको सङ्गालो हो, यो कृति। मुगु जिल्लामा पटकपटक गरी करिब आधा दशकको सरकारी जागिरे जीवन व्यतीत गरेका गुरुङले त्यहाँको भौगोलिक परिचयलगायत विभिन्न सांस्कृतिक पक्ष, सामाजिक तथा धार्मिक रहनसहन, शैक्षिक स्थिति, प्राकृतिक चित्रणलगायतका अन्य महत्वपूर्ण विषयवस्तुलाई उजागर गरेका छन् यस कृतिभित्र।

यस क्रममा हेर्दा 'मुगुमा खर्च पालो' शीर्षकको लेखमा लेखकले मुगुका दयनीय अवस्थाका बासिन्दा र तिनले गाउँमा आएका सरकारी पाहुना आदिलाई सकीनसकी परम्परित रुपमा सत्कार गर्नुपर्ने परम्परा र त्यसको असरबारे व्यापक रुपमा चित्रण गरेकाछन्। हुन त 'अतिथि देवो भव' भन्ने नीति वाक्यलाई आत्मसात् गर्दा पाहुनालाई सकेसम्म आदर सत्कार गर्नुपर्ने हाम्रो परम्परा नराम्रो होइन। हुने खानेले पाहुनाको रुपमा आफू र अरु कसैलाई विशेष रुपमा आर्थिक कष्ट नपर्ने गरी परम्परा धान्न हुन्छ। तर यसैलाई परम्परा र संस्कृति बनाएर आर्थिक दुरवस्थामा जकडिएका बासिन्दालाई व्यापक रुपमा शोषणको माध्यम बनाउनु भने कदापि सुहाउने कुरा होइन। हुँदैन। गाउँमा आएका कर्मचारी जसलाई स्थानीय बासिन्दाहरु 'गोरखाली' शब्दले पुकार्छन्, तिनलाई आफ्नो औकातभन्दा बढी व्यवस्था र सत्कार गर्नुपर्ने परम्परालाई तोड्नुपर्ने आग्रह लेखकको छ। हुन पनि सामाजिक सामन्तिपनाको प्रतीकको रुपमा जीवित रहेका वस्ता आर्थिक शोषणमूलक प्रथाको उन्मूलन आजको पहिलो

द्वारा प्रकाशित भएको कारणले पनि यस पुस्तकको महत्व अरू बढेको महसुस गरेको छु मैले। धुपै साहित्यिक कृति प्रकाशन गरेर नेपाली साहित्यको इतिहासमा राम्रो काम गरेको छ र धुपै सृष्टाहरूको उद्धार गरेको छ यस प्रतिष्ठानले। त्यसको लागि यस प्रतिष्ठान र यसका संस्थापक अध्यक्ष साहित्यकार दाजु रामप्रसाद पन्त पनि धन्यवादका पात्र हुनुहुन्छ।

कवि कृष्ण बाउसेले आगामी दिनहरूमा अझै धेरैटा कृतिहरू जन्माउन सकुन् यही शुभकामना दिन चाहन्छु।

२०६३ असार, काठमाडौं।

२. एउटा अनुहारको खोजिमा:

(कवितासङ्ग्रह)

मेरो अगाडि
स्वतन्त्रताको हनन भयो भनेर
नारा लगाउन थाले
खबरदार ! कवियजी
भोको पेटले
अघाएको कविता लेख्न मिल्दैन
अघाएकालाई के थाहा ?
भोक के हो ?

यो कविता युवाकवि देवेन्द्र अर्याल 'आँसु' को 'एउटा अनुहारको खोजीमा' नामक कवितासङ्ग्रहभित्रको 'भो कवियजी ! कविता नलेख' कविताको अंश हो। दायित्व बहुमय प्रतिष्ठानद्वारा प्रकाशित यो पुस्तक २०६१ सालमा प्रकाशित भएको हो।

यस सङ्ग्रहमा सङ्ग्रहित पहिलो कविता 'देशको नाउँमा जीवनको राजीनामा लेखौं' हो। यस कवितामा देशको वर्तमान अवस्थाको चित्रण गर्दै देशको सुधार फेर्न कम्मर कस्न र विलम्ब नगरी रातो रगतले सिधै जीवनको राजीनामा लेख्न आह्वान गरिएको छ।

'एउटा अनुहारको खोजिमा' शीर्षकको कविता यस पुस्तकको प्रतिनिधि कविता हो। यसमा साहसी, पवनझैं सितल, हिमालझैं अटल र आकाशझैं अनन्त हृदय भएका दुईकोटी नेपालीको मुहार हँसाउने एउटा शाश्वत् अनुहार चाहिएको छ भन्दै प्रतीकात्मक रूपमा देश सपार्ने असल नेताको चाहना/खोजी गरिएको छ। वर्तमान धुपै अनुहारको भीड लागेको चर्चा गर्दै अप्रत्यक्ष रूपमा वर्तमान अनुहारहरूप्रति असन्तुष्टी व्यक्त गरिएको छ।

'सपनाको महल' कवितामा अरूका महल ठडिएको देखेर आफ्नो मन भत्किँदै गएको चर्चा छ भने 'नियमित' शीर्षकको कवितामा बाँच्नका लागि सहर पसेका मान्छेको विवशताको चर्चा गरिएको छ। 'कस्तो विडम्बना' शीर्षकको कवितामा विज्ञानको आविष्कारलाई दुरूपयोग गर्ने प्रवृत्तिप्रति चिन्ता गरिएको छ। 'शरणार्थी समस्या र शरणार्थीको पीडालाई विषयवस्तु बनाएर लेखिएको उजाड बगैंचा र एक हुल शरणार्थी चरा शीर्षकको कविता, दशैंरूपी दशा शीर्षकका कविता पनि समयसापेक्ष राम्रा छन्। विगत बाह्र वर्षयता परेका र कन्याङ्कुरुङ उड्ने आकाशमा गिद्ध उडेको, मृतकको सङ्ख्या दिन प्रतिदिन बढ्दै गइरहेको यथार्थलाई 'कन्याङ्कुरुङ, म र मेरी हजुरआमा' शीर्षकको कवितामा उल्लेख गरेका छन्। हजुरआमाको माध्यमद्वारा यो मारकाट बन्द गर्न, ज्यूँदाहरूलाई मुर्दा बनाएर समस्याको समाधान आउँदैन भन्दै बस्तीमाथि बेला न कुबेला गिद्धहरू उड्नु अशुभ हो भनिएको छ।

यस पुस्तकमा धेरैजसो गद्य कविता नै छन् तापनि केही पद्य कविता र केही गीत पनि समावेश गर्ने प्रयास गरिएको छ। तर छन्दमा लेख्न खोजे पनि छन्दचार्ति मिलेको छैन। आमा हुन् धरती, नयाँ वर्षको शुभकामना, राजाको छत्रछायामा, गोलङ्गा यसको नाउँ आदि यसका उदाहरण हुन्। त्यसैगरी कतिपय कविताहरू कथात्मक पाराका पनि छन्। 'असफल आरोहण', 'सहरमा चितुवा', 'च्यातिएको मुटु', 'कन्याङ्कुरुङ,

म र मेरी हजुरआमा' आदि कविताहरू यसका उदाहरण हुन् ।

यसमा रहेका धेरैजसो कविताहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका कविता छन् । प्रकाशनको मिति पनि उल्लेख गरिएको छ तर रचना मिति उल्लेख छैन । रचना मिति राखिएको भए कुन कविता कुन परिवेशमा लेखिएको हो त्यसका आधारमा पाठकलाई कविताको मर्म बुझ्न सजिलो पर्ने थियो । कतिपय प्रतीकहरू समयसापेक्ष पनि हुने हुँदा कविले भन्न खोजका कुरा बझ्न महत पुग्ने थियो । मितिको अभावमा 'एउटा भूकम्पको मृत्युउत्सव शीर्षकको कवितामा भूकम्पलाई केको प्रतीकका रूपमा पेश गर्न खोजिएको हो प्रष्ट हुँदैन ।

साहित्य उद्देश्यमूलक हुनुपर्छ हाबादारी साहित्यको कुनै अर्थ हुँदैन । कविता किन र कसका लागि लेख्ने भन्ने विषयमा धेरैजसो कवि/लेखकहरू अलमलिएका हुन्छन् । यसै सन्दर्भमा माथि उल्लेखित 'भो कविजी ! कविता नलेख' शीर्षकको कवितामा कविको विचार स्पष्ट भएको देखिन्छ भने 'राजाकै छत्रछायामा' शीर्षकको कविताले कविको आस्थामा कालो पोतिदिएको छ । यो कविता पढ्दा भो कविजी ! कविता नलेख र राजाकै छत्रछायामा कविताका कवि एउटै हुन् कि फरक हुन् छुट्याउन मुस्किल पर्छ । अघिल्ला कतिपय कवितामा कवि थर्थराइरहेका थिए, लड्केका थिएनन् तर यस कवितामा उनी गलेम्मै पछारिएका छन् । उनको विचार उनैले भनेजस्तै :

'लेख्नु नै छ भने भोकाएको कविता होइन
बरू कसैको भजन लेख
त्यसले तिमीलाई ठूला ठूला मान सम्मान
पदवी र दोसल्ला मिल्ने छ र,
जीवनभरि तिमी वरिष्ठ कविका रूपमा
अभिनन्दित भइरहने छौ ।'

यसरी 'भो कविजी ! कविता नलेख' शीर्षकमा अरूलाई सल्लाह दिने कवि 'राजाकै छत्रछायामा' शीर्षकको कवितामा आफै यस्तो लेख्नपुगेका छन्-

भुन्किएको फेरि नवप्रभात जगमा बोकेर सद्भावना
हाम्रा प्यारा राजा र जनको लिई मङ्गल कामना
राजा हुन् देव स्वरूप जगतमा आधार एकताको
हुन् आदर्श भाव र आस्था सम्पूर्ण नेपाली मात्रको ।

त्यसैगरी 'यस्तो कविता लेख' शीर्षकको कवितामा कविले अरूलाई यस्तो कविता लेख्न भनेर सल्लाह दिएका छन् तर कवि आफै कस्तो कविता लेख्नुपर्छ, कसरी लेख्नुपर्छ र किन र कसका लागि कविता लेख्नुपर्छ भन्ने कुरामा स्पष्ट छैनन् । साहित्य सिर्जना गर्नुको मुख्य उद्देश्य के हो भन्ने कुरामा पनि अलमलिएका छन् । उनका कविता पढ्दा कविले अरूलाई सिकाउनुको साटो आफूले नै धेरै सिक्न बाँकी रहेको आभास हुन्छ ।

कवि अर्यालको वैचारिक पक्ष सबल भइदिएको भए 'आइसियुमा छिन् हाम्री आमा' शीर्षकको कविता योभन्दा फरक हुने थियो । नेपाल आमालाई धमा पार्ने पक्ष कुन हो । कसले यो देशलाई चुस्नु चुसेर हाड छाला मात्र बाँकी राखेका छन् त्यो बुझ्न सक्थे । वैचारिक अस्पष्टताका कारण देशलाई जसले आइसियुमा पुऱ्याएको छ त्यसैलाई कवि पूजा गर्दै हिँडिरहेका छन् र उसैको भक्तिगाथा गाउँदै हिँडिरहेका छन् ।

साहित्य सिर्जना गर्दा दुई पक्ष जहिले पनि अगाडि आउँछन्- कला/शैली र विचार । साहित्यमा कला वा शैलीको जति आवश्यकता हुन्छ त्यो भन्दा बढी विचार पक्ष प्रवाह हुन्छ । असल विचारविनाको साहित्य प्राणविनाको लासजस्तै हुन्छ । कलात्मक रूपमा जति नै राम्रो र सिंगारिएको भए पनि विचार प्रष्ट छैन, उद्देश्य निश्चित छैन । र, किन र कसका लागि लेख्ने भन्ने कुरामा लेखक प्रष्ट छैन भने त्यस्तो लेखक बाटो बिरएको पथिक वा कुहिरोको कागजस्तै हुन्छ । नेपालकै कुरा गरौं- कैयौं नेपाली लेखक, कवि, कलाकारहरूले विचार पक्षलाई त्यति ध्यान दिएको देखिँदैन । विचारलाई उनीहरूले राजनीतिसँग जोड्ने र साहित्यकारहरूले राजनीति गर्नुहुँदैन भन्ने

कविता

आऊ, शान्ति बोलाऊँ

➤ खड्गबहादुर चापागाईं

ए, बुद्धका अनुयायीहरू हो ??
फेरि एक पटक मन्त्र फलाकिदेऊ
इन्द्रको राज्यमा पाक्न लागेको
यस कोलाहलपूर्ण संसारलाई
'मे मे पे मे हुम्' मन्त्र फलाकै
बन्धुत्वको दीप जलाई
तिनको दिलमा शान्ति बीज छर्न
तिनको जमेको दिल पगाल्न
अहंको शिखरमा बत्ती बालिदेऊ
हे हिन्दुका शिखरहरूको हो !!
फेरि स्वयंवर आयोजना गर सीताको
तर धनुष नतोडाऊ
अहिंसे नै तोडिएका छन्
बन्दुक र क्षेप्यास्त्रका तांदाहरू
बरु बोलाऊ
शान्तिको लाबा छर्दै
प्रेमभाव भर्ने बरियाताहरू
बोलाऊ अब
धोबीको आवाजबाट जीवन-संगिनी त्याग्ने
जन आवाज स्वीकार्ने रामहरू
आयोजना गर शास्त्रार्थको
गार्गी र याज्ञवल्क्यको तर्क सुन
देऊ ओकल्न उकुस मुकुस भावनाहरू
मनका तरङ्ग ओकलेर
आफूलाई शान्त पार्न
या किचौं आफ्नो विद्वताले
या तयार रहौं
तिनका तर्क स्वीकार गर्न
भो भो नसुनाऊ कथा
भिष्म र द्रोणाचार्यका युद्धकलाहरूको
अर्जुनको सारथी बनेर
युद्ध गराउने कृष्णहरूको
अब त थाकिसक्यौं हामी
युद्धै युद्धमा
नाशिसक्यौं सुपुत्र
भोलिको मिठास बाँडेर
अब त,
गीता र त्रिपिटक साँची राखेर
शान्तिको उच्चारण गर्दै
हाम्रा भावी सन्तानलाई
रातको गर्भबाट निस्केको
बालक सूर्यको दर्शन गराऊँ
सबैतिर जल छर्कंदै
दिलमा शान्तिको दियो बालेर
सबै बसी शान्ति बोलाऊँ
सँगै बसी शान्ति बोलाऊँ ।

बाँदिकारी-१०, हाल बिराटनगर-४

विजयादशमी तथा शुभ-दीपावली २०६३ को उपलक्ष्यमा
हाम्रा समस्त शुभेच्छुक महानुभावहरूमा
सुख, शान्ति तथा समृद्धिकालागि
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

खड्गबहादुर चापागाईं
(स्थानीय विकास अधिकारी)
तथा
जि.वि.स. परिवार, पाँचथर

सकिछस् भने पछि बनाउलास् । तर रिन राख्नु हुँदैन । रिनले रिन जोड्छ, धनले धन जोड्छ । रिन घिन हो ।'

पन्ध्रोह्र वर्ष जागिर खाइसकेको छोरालाई आमाको त्यो भनाई सानो झापड थिएन । बुबाको बार्षिकी सकेर घरबाट काठमाडौं प्रस्थान गर्ने बेलामा मसंग बाटाखर्च पनि पर्याप्त थिएन । बार्षिकीमा प्रसस्त पैसा खर्च भएको हुँदा घरमा पनि पैसा हुने कुरै भएन । तैपनि आमाले खर्चपर्चबाट उवारेर राखेको दुई सय रुपैया थैलीबाट निकालेर मलाई दिँदै भन्नुभएको थियो- 'यति भए पनि लैजा, यो पैसाको हिसाब गर्नु पर्दैन, त्यतिका रि न छ । यही भए पनि हजार रुपियाको बिसौद ब्याज तिर्न त पुग्छ ।'

धन्य हुन् ती मेरी आमा ! आफ्नो छोराप्रति कति ठूलो करुणा ! कति माया ! त्यो पैसा मैले खुरुक्क लिएर लुसुक्क गोजामा हालें । लाज सरम पनि लाग्न मलाई त्यसबेला । कमाएर दिनु त पर जाओस्, कमसेकम आमाले दिएको त नलिएको भए हुन्थ्यो नि ! धन्य हो आमाको मन ! एकहजार रुपैयाँको ब्याज तिरेर मेरो ऋणको के छेउँटुप्पो लाग्थ्यो र ! तैपनि जे सक्नुभयो दिनुभयो । तर आमालाई थाहा थियो पैसा कमाउने प्रक्रिया । त्यसैगरी दाना दाना र पैसा पैसा गरी जोड्नु भएको हो आमाले त्यो सम्पत्ति ।

फर्कंदा बाटामा आमाको त्यो बोली र व्यवहारले मलाई द्रवित बनाएथ्यो । आमाको यति ठूलो ऋण म कहिले तिर्छु ! अहँ तिर्न सक्दिनँ । चालीस वर्षको उमेरमा सत्तरी वर्ष नाघेकी आमाको कमाई खाने छोराले कहिन्यै आमाको ऋण तिर्न कहिले सक्ला ? असम्भव ।

+++

ती परमपूज्य ममतामयी मातालाई अहिले मैले गुमाएको छु - फेरि नपाउने गरी ।

सत सत श्रद्धाञ्जली ती पुण्यवती आमालाई !

* * *

कविता

हाँसको चाल न कुखुराको चाल

➢ *डा. बमबहादुर बिताली*

इमान्दारी कता लाग्यो ? च्यापेरै स्वार्थको घडी
समझदारी कता भाग्यो ? बोकेरै अर्थको कडी
बनेको छैन चौतर्फ बाटो सोझो, फराकिलो
बत्ती निभेर रातीमा बन्यो बेला धरापिलो ।

पौरखी पाखुरा छैनन् आत्म-विश्वास छन् कता ?
धर्म-संस्कृति च्यापेर कता भागे समुच्चता ?
जुमुंराए दुवै हात पौडने कर्म-सिन्धु बै ?
धमंराए दुवै गोडा पुगिने लक्ष्य-बिन्दु बै ?

चिरा-चिरा भयो बाटो आफै भासिन तम्सियो
मीठो मन्तव्य मन्वीको सुन्दा गन्तव्य गुम्सियो
जिन्दगानी उकासेर बत्ती बाल्ने कुरा गए
आफ्नै भुँडी उकासेर कोको मोटा भनै भए ?

विकास-पथमा हिंड्ने हरायो प्रतिबद्धता
शान्तिका बोटमा फल्ने हरियो छैन शुद्धता
शङ्का पो ! लाग्न थाल्दो छ मीठो मन्तव्यका प्रति
अझै सन्देह बढ्दो छ छोटो गन्तव्यका प्रति ।

किंचिए जनका इच्छा, चाहना सुकिला थिए
मिचिए मनका मात्रा, सुनीला कल्पना थिए
किंचियौ-मिंचियौ भन्छन् - पहाडी बन-टाकुरा
स्वप्ना शहीदका फूल्ने बोटमा बै त आँकुरा ?

* * *

अभिव्यक्ति दिएको पाइन्छ । तर जसले साहित्यमा विचारको आवश्यकता देख्दैनन् र विचारलाई राजनीति गरेको ठान्छन् उनीहरू आफै गलत, सामन्ती विचार र राजनीतिको पिछलग्गु भएर हिँडिरहेका हुन्छन् । नेपालका आफूलाई विशिष्ट कवि, कलाकार र लेखक ठान्ने धुपै महानुभावहरू यस रोगबाट ग्रस्त छन् । गैरविचारका नाममा सत्ताको चाकडी गर्ने र भजन कीर्तनमै आफूलाई समाहित गर्ने परम्परालाई आत्मसात गर्दै आइरहेका छन् । त्यस्तै साहित्यकारलाई राज्यले मान सम्मान गर्ने नाममा र अझै उनीहरूलाई सामन्ती सत्ताको पिछलग्गु बनाएर हिँड्ने काम गरिरहेको छ । अतः साहित्य सिर्जना गर्न खोज्ने जो कसैले पनि यी आधारभूत पक्षहरूमा अवश्य ध्यान दिनुपर्छ ।

कवि देवेन्द्र अर्यालको धेरै पक्षमा ध्यान पुग्नु जरुरी देखिन्छ । उनले यी कुरा सहज रूपमा ग्रहण गर्न सक्नुपर्छ । जसले आलोचनालाई सहज रूपमा ग्रहण गर्छ, त्यसलाई व्यवहारमा लागू गर्दै जान्छ त्यसले छिटै प्रगति पनि गर्न सक्छ । मान्छे स्वयम्मा कोही पनि पूर्ण हुँदैन । हरेक व्यक्तिसंग केही न केही कमीकमजोरी हुन सक्छन् । आफूमा भएका कमिकमजोरीहरू अरूले देख्ने हुँदा अरूका कुरा सुन्ने र अरूले गरेको आलोचना वा दिएको सुझावलाई सहज रूपमा स्वीकार गर्ने बानी बसाल्नु पर्छ । अरूले आफूलाई भनेको कुरा कति सत्य हो त्यसलाई आफैले विचार गरी कार्यान्वयन गर्दै जानुपर्छ ।

उल्लेखित केही कमीकमजोरीका बावजुद पनि कवि देवेन्द्र अर्यालका धेरैजसो कविताहरू पठनीय छन् । कविता लेख्ने एकैचोटि कोही देवकोटा बन्दैन । देवकोटा बन्न धेरै घुम्ती पार गर्नुपर्छ । धेरै हण्डर खानुपर्छ । आगामी दिनमा कवि देवेन्द्रको कलम अरू तिखारियोस्, विचार सशक्त बन्दै जाओस् र पाठकहरूका मन छुने रचनाहरू सिर्जिँदै जाऊन् ।

२०६३।०४।१९, काठमाडौं

छ मुक्तक

➢ *ठाकुर शर्मा*

प्रकृतिको साथ हुँदा रम्ने गर्छ जीवन यो
प्रारम्भिक सोचाइ कस्तो आफै जीवन सुन्ने छ यो
जुझारु छन् पाइलाहरू सधैं-सधैं बढ्नुपर्छ
जालझिम पर्दापर्दै बुझ्नुपर्छ जीवन यो ।

॥१॥

कस्ता आए दीनहरू सुख-दुःख सबै आए
आँतिने र मात्तिनेको बीचबाटो फुत्किगए
न त ठूलो आकाङ्क्षाले डोऱ्याउँदै पर लग्यो
तर पनि जिन्दगीमा हुरी बतास धेरै आए ।

॥२॥

समाजमा बाँच्नुपर्दा धेरैसंग सङ्गत भो
हेर्दा धेरै सुकिला छन् तर भित्र कालिमा भो
बाचा गर्छन्, टुटाउँछन्, अनि आफै अस्ताउँछन्
यस्ता क्षेत्र जिन्दगीमा भोग्नुपर्दा बिचल्ली भो ।

॥३॥

अस्ताउने बेला हुँदा मुर्झाउनु स्वाभाविक
सानो बुद्धि भएपछि झुकाउनु स्वाभाविक
तर बुझ्न सक्नेले त हल्का किन हुनुपर्यो
बैगुनी त मान्छे नै छ गर्नु स्वाभाविक ।

॥४॥

कस्ता आए दिन यहाँ दिन हो कि रात यही
आफैलाई खाडलमा धकेल्नेको चाल यही
बाँच्छु भन्ने आफै यहाँ खाडलभित्र पर्ने गर्छ
आफ्ना निम्ति मात्र बाँच्ने मानिसको चाल यही ।

॥५॥

अगागामी निकास रे ! कस्तो हुन्छ बुझिँदैन
दूरगामी विचारमा पर्ने हो कि बुझिँदैन
शब्दजाल फिँजाएर ज्युने मात्र बाटो सन्छन्
पुग्ने कहाँ थाहा छैन सार केही बुझिँदैन ।

॥६॥

कविता

उठ उठ नेपाली

➤ वासुदेव गुरागाईं

उठ उठ नेपाली हो देशका लागि उठ
अब गर्नुपर्छ केही उठ उठ उठ
मेची काली कर्णाली र सेती मेरी उठ
धौलागिरी कोशी उठ राप्ती पनि उठ ।
॥१॥

लुम्बिनी र नारायणी जनकपुर उठ
व्यक्ति समाज गाउँ बस्ती एकैचोटि उठ
गण्डकी र बागमती सावसावै उठ
उठ्नुपर्छ सगरमाथा उठ उठ उठ ।
॥२॥

बेला आयो मुस्कुराउँदै हाँसी हाँसी उठ
सबै जाति सबै भाषी मिलीजुली उठ
यो जात र उ जात यो क्यै नभनी उठ
जात यौटै मानिस हो मान्छे बनी उठ ।
॥३॥

हिमालदेखि तराईसम्म हात मिलाई उठ
यौटै नाभी नेपालीको कंधि मिलाई उठ
इसाई इस्लाम बुद्ध हिन्दु भाइभाइ उठ
धर्म यौटै मानवता त्यही सम्झी उठ ।
॥४॥

नारी उठ पुरुष उठ बालवृद्ध उठ
छात्र-छात्रा कामदार मजदुर उठ
कोही कलम किताब र कुटो लिई उठ
जेले बन्छ देश चाँहे त्यही लिई उठ ।
॥५॥

सबैलाई मित्र देखे आँखा लिई उठ
नबिझाउने अरूलाई भाका लिई उठ
तेरोमेरो सबै त्यागी हामी भई उठ
उठ उठ नेपाली हो देशका लागि उठ ।
॥६॥

लोकगीत

होली

➤ अनिल नामा 'चलाख'

होली भनी खेल्छन् सबै लिई हातमा रङ्ग
साथीसंगी जम्मा भई गर्छन् हुल दङ्गा
जसलाई पायो त्यसलाई छर्छन् होलीको उमङ्ग
कस्ती चलन आयो आजकल म पर्दै नि दङ्ग ।

होली भन्दै सबैजना डलको पानी छ्याप्छन्
केटापेटी खुसी हुँदै एकले अर्को ताक्छन्
लोला-गोला सबै खाई निधुक्क नै भिज्छन्
यस्तो बेला हिंड्नुहुन्न भन्ने पाठ सिक्छन् ।
जसलाई ..... ।

चारैतिर रङ्ग छर्दै गर्छन् परिचर्चा
परिश्रम गरी खानेलाई कसले दोस् खर्च
होली भनी रङ्ग्याउछौ विधुवालाई पनि
कति अपराध गरेको छ समाजले जानी ।
जसलाई ..... ।

खेल्दाखेल्दै एकले अर्को रिसले चु हुन्छन्
भित्रभित्रै अन्तर्युद्ध मनमा जाल बुन्छन्
दुनियाँलाई देखाउछौ तमासाको खेल
अपराधी बनी भोग्नुपर्छ सधैं जेल ।
जसलाई ..... ।

लोला-गोला, बुङ्गा, माटो जेले पायो हान्छन्
डलको पानी नभनुँनि जिउँदै त्यसले मार्छन्
भयानक रोगहरू सधैं यसले सर्छन्
साना-तिना क्लिनिक अनि अस्पताल भर्छन् ।
जसलाई ..... ।

होली भनी खेलौं सबै लिई हातमा रङ्ग
मिलीजेली खेलौंकन छरौं होलीको उमङ्ग
थोपा-थोपा पानी मिली बन्छन् सगर गङ्गा
एउटै लङ्गुर धागो बनी उडाउँ भाइ पङ्गा ।
जसलाई ..... ।

बौद्ध- ६ काठमाडौं

स्मृतिका पानाबाट

अरूको लाख, आमाको काख

➤ रामप्रसाद पन्त

जसले बोलेर शुभकामना दिन्छ, त्यसको मनले शुभकामना नबोलेको पनि हुनसक्छ । जसको मुखले शुभकामना बोल्दैन, त्यसको मनले अनन्त अनन्त शुभकामना बोलिरहेको पनि हुन सक्छ । आमाले छोराछोरीहरूलाई मुखले शुभकामना दिन्नन् । 'शुभकामना' उच्चारण गर्दिनन् । तर तिनको मनले हरपल, हरक्षण आफ्ना सन्ततिहरूका लागि शुभकामना बोलिरहेकै हुन्छ । आमाले जति शुभकामना दिने प्राणी संसारमा अरू कोही छैदैछैन/हुनैसक्दैन । भनिन्छ नि 'अरूको लाख, आमाको काख' ।

मैले मेरी आमाबाट जति शुभकामना पाएको छु, त्यति शुभकामना दिने मानिस अरू कोही देखेको छैन/भेटेको छैन । आमा जत्तिको महान् मानिस यस धरतीमा अर्को छैदै छैन ।

आमाको बारेमा लेख्नुपर्ने र बोल्नुपर्ने कुरा यति धेरै छन् कि ती कुराहरू लेखेर वा बोलेर कहिल्यै सकिँदैनन् । जति लेख्न सक्छु लेख्नुला, जति बोल्न सक्छु बोलुंला, तर अहिले भने एउटा सानो टिपोटमात्र उतार गर्छु ।

एकपटक म ठूलो आर्थिक सङ्कटमा परेको थिएँ । त्यो २०५० सालको कुरा हो । म बुबाको पहिलो वार्षिकीबाट निबुल हुँदैथिएँ । बुबाआमाका लागि जीवनवृत्ति, अन्तिमसंस्कार र उहाँहरूको नाममा गरिएका दानपुण्य आदिको खर्च दुई भाइको संयुक्त जिम्मामा भएको हुँदा आधा खर्च मेरो बाप्लोमाथि परेको थियो । वार्षिक पुण्यतिथिमा भएको खर्च र दुई वर्षअघि घर बनाउँदा लागेको खर्चको राशी सङ्कलन गर्दा मैले धरमा (भाइलाई) तिर्नपर्ने रकम ९.८ हजार पचिसय पुगेको थियो ।

ऋण भनेपछि बुबासंग होस् कि आमासंग, सधैं डराउने मनस्थिति भएको म स्तम्भित भएँ । शरीर सिरिङ्ग भयो । जोड्दैजाँदा त्यति ऋण त अन्यत्र पनि तिर्न बाँकी देखियो । श्रीमतीको समेत गरेर वार्षिक लाख रुपैया आम्दानी नहुने र त्यति आम्दानीले खर्च धान्न मुस्किलपर्ने त्यसबेलाको परिस्थितिमा मैले दैनिक खर्चको अनुक्रमिका कसरी मिलाउने र झण्डै दुई लाखको साँवा ब्याज कसरी तिर्ने ? मैले एकपटक आफ्नो अफिसरी जागिर र श्रीमतीको माध्यमिकस्तरीय मास्टरी जागिरलाई धिक्कारें र सम्झें- छिमेकी लाहुरे (तेस्रो देशका) लाई । कुबुरा भुल्याओस् कि प्याज छोडाओस् विदेशबाट बर्षेनी १०/१२ लाख ओसाँछ, विशाल बङ्गला बनाएको छ । स्वास्नीलाई गरगहनाले लटरम्म ढाकेको छ । छोराछोरीलाई पढ्न विदेश पठाएको छ । घरमा कुनै किसिमको अभाव छैन । नेपालमा भएको भए योग्यताअनुसार मुस्किलले खरिदारको जागिर पाउँथ्यो र पन्ध्रसयले महिना गुजार्न पर्थ्यो । यस्तो विषमपूर्ण परिस्थितिमा नेपालका अफिसरहरू पनि विदेशिन लागेभन्दा केको आश्चर्य ? पाएपेखि म आफै विदेशिउँजस्तो झोक चल्थ्यो ।

मेरो ऋणको कुल अङ्क सुनेर मेरी आमा गम्भीर चिन्तामा पर्नुभएको थियो । बलेको आगो ताप्ने मानवीय परम्परादेखि मेरी आमा पूर्णतः अलग हुनुहुन्थ्यो । मेरी आमा सधैं कमजोर छोराछोरीको पक्षमा लाग्नुहुन्थ्यो । उहाँ भन्दै हुनुहुन्थ्यो- 'अब तैंले छोरालाई पनि बेडिंडिमा नराख । छोरी सानै छ । बरू यहीं ल्याएर राखिदे । म हेरिदिन्छु । तं पाल्न सक्दैनस् । खर्च धान्न सक्दैनस् । यसरी तेरो रिन तिरिंदैन । सक्दैनस् भने बरू घर पनि बेचिदे ।